# गौँथलीको गुँड



शङ्कर लामिछाने

# गौंथलीको गुँड

(कथासङ्ग्रह)

शङ्कर लामिछाने

साहित्यरस

**साहित्यरस**
www.sahityaras.com

यस ईपुस्तकमा समावेश भएका लेख तथा अन्य सामग्रीहरू "प्रतिलिपि अधिकार ऐन, २०५९" अनुसार नेपालमा प्रतिलिपि अधिकार मुक्त रहेको विश्वास गरिएको छ। उक्त सामाग्रीहरू नेपालमा रहेका जोसुकै व्यक्तिले बिना कसैको अनुमति निःशुल्क प्रयोग गर्न स्वतन्त्र छन्। नेपाल बाहेक अन्य देशका व्यक्तिले त्यस देशको प्रतिलिपि अधिकार कानुन जाँच गरी, प्रतिलिपि अधिकार मुक्त भए मात्र प्रयोग गर्नुपर्छ।

तल उल्लेखित सर्तहरू बाहेक अरू केही प्रतिबन्धहरू नराखी साहित्यरसद्वारा यो ईपुस्तक निःशुल्क रूपमा उपलब्ध गराएको छ। यो ईपुस्तक पुनः वितरण गर्न प्रेरित गरिन्छ।

सर्तहरू–
(१) यो ईपुस्तकमा रहेका लेख तथा सामग्रीहरू परिमार्जन गरि सहित्यरसकै नाममा पुनः वितरण गर्न नपाइने।
(२) यो ईपुस्तक हुबहु रुपमा व्यावसायिक उद्देश्यका निम्ति प्रयोग गर्न नपाइने।

---

यस ईपुस्तकका लेखको प्रथम प्रकाशित मिति : वि.सं. २०२५

**ईपुस्तकको स्रोत**
*प्रकाशक* : बुक हिल पब्लिकेसन (शङ्कर लामिछाने)
*संस्करण* : प्रथम २०७५
*ISBN* :

---

**About this ebook edition**
*Originally created as epub*
*Created* : 2025-12-31, 23:22:07 UTC
*Latest minor Correction* : 2026-01-01, 06:50:56 UTC
*Sahityaras ebook id* : 20251231232207

**Cover art**
*Swallows with a swallow's nest and four eggs on the facade of an old building*
Friedrich Zeller , 1869

Please visit www.sahityaras.com for latest corrected version of the ebook.

---

स्वयंसेवकद्वारा सञ्चालित यस सहित्यरस परियोजना तपाईं जस्ता पाठकहरूमा निर्भर छ। फेला परेका त्रुटि या अरू केही सुधार वा गुनासाहरू www.sahityaras.com मा पेश गर्नुहुन अनुरोध छ।

# विषयसूची

*भूमिका*

गौंथलीको गुँड
माया नं. ६५३
ऊ कसको हो ?
आत्माको मीमांसा
काथर
ईश्वर र जीवन
प्रतीक्षा
क्रान्तिको पहिलो चरण
पानी र बाछिटा
म भोलि जन्मनेछु
मृत्युको गीत वाल्जको धुनमा
अर्धमुदित नयन र डुब्न लागेको घाम

# भूमिका

एक अनौठो अनुभूति छ यो भूमिका लेख्नुमा...

मैले लेख्न थालेको ठीक २५ वर्ष भएछ। म छप्न थालेको झन्डै २२ वर्ष। यो पुस्तकको योजना गरेको आठ वर्ष र छाप्ने कैले हो, यो प्रकाशक नै जानून्!

मैले आफूलाई लेखक कहिल्यै ठानिनँ तर परिस्थितिले मलाई लेखक बनाइदियो (भाग्यको विडम्बना भनेको यही हो क्यारे!)। लेखक बन्ने साहस मैले कहिल्यै गर्न सकिनँ। कारण, लेखक मेरो नजरमा देवता हो, देवकोटा हो। र, म त सिर्फ शौखको साधन, एउटा इच्छापूर्ति मात्र गरिरहेको थिएँ (यो अर्को कुरा हो, पाठकले मेरो ठट्टालाई साँच्चिकै मानिदियो!) र पाठक उपस्थित भयो मेरा सामु, प्रकाशकको रूप लिएर। प्रसाद त थियो नै, साथमा स्तूति पनि। मैले आफूलाई पर्साइदिएँ।

जीवनमा मैले थोरै काम गरेको ठान्दिनँ। व्यवसायको बहुमुखी प्रयासबाट समाजका विभिन्न पक्षको विविध अध्ययन गर्ने अवसर मिल्यो। जीवनको अनेकरूपतामा म लट्ठिएँ। फेरि म इतिहासको एक अनौठो कालमा जन्म लिन पुगेछु– यसका लागि मेरा पुर्खालाई सहस्र धन्यवाद! नेपाली इतिहास र समाजका मान्यताहरू विगत २५ वर्षमा अनेक कोल्टो फर्के। यो छिटोछिटो भइरहेको प्रगति र त्यसको बोध पर्याप्त छ। जागरूक मस्तिष्कलाई खुराक दिन, हेरिदिने नयनलाई दृष्टि दिन। एक प्रकारले भनूँ, लेखक बनाइनुमा चतुर्थ–शतीको नेपाली सागरमन्थन नै जबाफदेही छ, म छैन।

यस सङ्ग्रहमा सङ्कलित कथाहरू यही मन्थनबाट निस्केका अनेक वस्तु हुन्। यिनमा कालका छाप स्पष्ट देखा पर्नेछन्।

यिनमा कैयन् पुराना पनि भइसके, कारण जुन परिस्थिति र वातावरणमा ती लेखिएका हुन्, ती अब छैनन्। तथापि तिनको महत्व नै पुरातन मूल्यमा छ, अतः मैले तिनलाई पन्छाइनँ।

कैयन् कथा मैले बिर्सिसकेको रहेछु, कैयन् अझ सम्झिन पनि सकेको छैन। आज सङ्कलनको आवश्यकता पर्न जाँदा छरिएका वस्तुहरू पैल्याउन पनि समय लाग्यो।

यी कथाहरूलाई छनोट गर्दा, यिनलाई एकचोटि मैले स्वयम् पढ्नुपर्ने आवश्यकता हुन गयो। पढें। लाग्यो, मैले नगिचबाट चिनेको मेरो अन्तरङ्ग मित्रले लेखेका कृति हुन्, मेरा होइनन्। मेरो भएको भए यसलाई म यसरी भन्थें र यो भन्ने थिइनँ। समयले कसरी मलाई मबाटै पन्छाइदिएछ। एक दुःख पनि लाग्यो, आत्मजनबाट म अलग्गिएछु! एक खुशी पनि भयो– म सञ्चारित नै रहेछु, अडेर धमिलिएको रहेनछु!

त, यी अनेक त्यान्द्राहरू जोगाड गरेर बनाइएको एउटा गुँड हो यो।

यसलाई यी पढिरहने पाठकलाई नै समर्पित गर्छु।

यस समर्पणमा मलाई सन्तोष छ, कारण मैले पाठकको अनुहार ठम्याउन सकेको छैन।

शङ्कर लामिछाने
१ वैशाख २०२५

# गौंथलीको गुँड

उत्तरपट्टिको झ्यालबाट तड्कारै स्वयम्भू देखिन्छ। बीचमा तरेली परेको खेत छ, त्यसको माथि छाउनीको फाँट अनि स्वयम्भूको ढिस्को अनि मन्दिर। बुद्ध भगवान्को समदृष्टि मन्दिरको शिखरबाट चारैतिर हेरिरहेको छ र त्यसमा एउटा सन्देश छ, शान्तिको।

घण्टौंसम्म त्यता हेरेर पनि ऊ अघाएको थिएन। भात खाइवरी स्कुल जान भनी लुगा लाउन लागेको थियो– एउटा मोजा पाएन र उसको मन बिग्रियो। स्वास्नीको सेवामा अभ्यस्त भएको पोइको लाचारीपन उसलाई खिज्याइरहेको थियो। कोठामा चिजबिज छरिएका छन् तर चाहिने वस्तु ठाउँमा कतै पनि छैन। यसरी एकतमासले दिक्क भएर ऊ त्यस झ्यालमा उभिएको थियो। उसको मन त्यस बेला अशान्त थियो र उसलाई रिस उठेको थियो।

हावा ठप्प छ। छहारीमा बसे पनि कसोकसो गर्मी छ। चिटचिट पसिनाले टोकिरहेछ। निधारको पसिना पुछ्न उसले जसै हात लगेथ्यो, उसले पायो– खुट्टा थाकिसकेका छन्। अनि फर्केर ऊ ओछ्यानमा आई पल्ट्यो। नाडीघडी हेऱ्यो, ठीक १२ बजेको छ। ढ्वाङ गर्ने बेला रहेछ। कमिजको टाँक खोलेर छाती वाङ्ग पार्दै एक लामो सुस्केराका साथ उसले आँखा चिम्ल्यो।

त... आज ऊ स्कुल जान पाएन। उसको पिरियड खाली नै बित्यो होला तथा केटाहरू रमाए होलान्। उसलाई साँच्चि नै, स्कुलमा कुनै आकर्षण लाग्दैन। वर्षौंदेखि उही विषय पढाइरहेछ। उही किसिमका ठिटाहरू छन्, बोझा, चलाख र तिखा! अनि फेरि उसलाई

आफ्नो विषय कण्ठस्थ भएको छ। मनमा अर्को कुरा खेलाएर पनि ऊ पढाउन सक्छ। अरूलाई यो सुन्दा आश्चर्य लाग्ला अनि धेरै उसको यस गुणको तारिफ पनि गरिहाल्लान्। तर उसको भित्री मनमा यो मास्टरी पेसामा एउटा अवर्णनीय घृणा छ।

तर उसको नाम छ। केटाहरू घरमा पनि छाड्दैनन्, ऊ पढाइदिन्छ। यो पेसा उसले अपनाउन कर लाग्यो, केटाकेटीमा आमाबाबु अगि लागेका हुनाले। उनीहरू खसेपछि उसलाई आफ्नै खुट्टामा उभिन कर लाग्यो। आज ऊ विवाहित छ, भनेजस्ती स्वास्नी छ, दुई माना छाक रोकिँदैन। विवाहित भन्ने विचार शृङ्खला जोडिनासाथ उसले झलक्क आफ्नी स्वास्नीको मुख सम्झ्यो। अनि सम्झ्यो ऊ आज माइत गएकी छ। अनि आज ऊ स्कुल जान सकेन।

निदाउनुपर्‍यो भन्ने सोचेर खास्टोले कम्मरसम्म छोपेर उसले आँखा फेरि चिम्ल्यो। त्यसै बेला उसका कानमा पर्‍यो, गौंथलीको चिरबिरचिरबिर! आँखा खोल्यो। महाराजाधिराज भएको मितिपात्रोको आड लिएर लरबरिएको छ एउटा चरा अनि एउटाचाहिं बिजुलीको तारमा पिङ खेलिरहेछ। कोठाको बीचमा तिनको गुँड छ। कसरी, कत्रो मेहनतसाथ तिनले यो गुँड बनाएका थिए। चुच्चोमा माटो ओसार्दै दलिनको कापमा जम्मा गरेको देख्ता उसले रबर्ट ब्रुसको कथा सम्झेको उसलाई अहिलेसम्म याद छ। अनि एक दिन ऊ त्यही भोटे गलैंचामाथि विष्ठा र माटोको थुप्रो देखेर रिसाएर उसले भनेको थियो, “आ राधा! यो गुँड भत्काइदिऊँ। कोठा फोहोर भयो।” स्वास्नीले भनेकी थिई, “नाइँ! गौंथलीले गुँड लाएको घरमा लक्ष्मीको वास हुन्छ। फेरि बच्चा पाउने पाहुनालाई घरबाट निकाल्नु पनि त हुँदैन– असल होइन!”

लक्ष्मी कहाँ वास गर्छिन्? लक्ष्मीको वाहन के हो? ऊ यो सब जान्दथ्यो। तर ‘बच्चा पाउने पाहुना’ शब्दका भित्र उसकी स्वास्नीको व्यक्तिगत जुन सन्देश थियो, त्यस नारीभावनाविरूद्ध उसले जान मन पराएन र उसले आफ्नो रिस बलजफती दबाएको थियो।

मितिपात्रोमा झुन्डिएको गौंथली अब उड्यो। उसको पलङको सिरानतिर कावा खाँदै बिजुलीको तारसँग ठक्कर खाएर त्यो पनि अब त्यही झोलिएको तारमा बस्न पुग्यो। तार भुइँचालो गएभन्दा चर्कोसँग हल्लिरहेथ्यो र ती दुई चरा आफ्नो सम्पूर्ण शक्तिले त्यसमा सन्तुलन ल्याउन पखेटा फरफराइरहेथे।

दाहिने हात उठाएर उसले एकपटक 'छुऽऽ' गरेको थियो। ती दुवै चरा उडेर झ्यालबाहिर पुगे। ऊ हाँस्यो अनि आँखा चिम्ल्यो।

निद्रा उसलाई लागेको थिएन। नलागेको निद्रा लगाउनु जस्तो झर्को काम केही होइन। ऊ सम्झिन थाल्यो– हेरेको सिनेमाका दृश्य, उसलाई मन परेका घटनाहरू मनमा राम्ररी चित्रण गर्न नपाउँदैमा उसका कानमा फेरि 'चिरबिरचिरबिर' पर्‍यो। देख्यो, कोठामा उही दुई चरी रङमगिएका छन्। उसको पलङको चारै कुनाका चुस्सोमा बस्न खोज्छन्, मान्छेको गन्धमा भाग्छन्, तारमा झुन्डिन्छन्, तस्वीरमा ठक्कर खान्छन् अनि जान्छन् रेडियोमाथिको फूलदानमा। आफूतिर ऊ आउन दिन चाहन्न। चरालाई कोठाको अगि भागमा मात्रै उड्ने अनुमति छ।

एउटा गएर फूलदानसँगै किताबमाथि बस्यो। अनि प्याट्ट एकबाजी विष्ठा फालेथ्यो, डिक्स्नेरीमाथि नै टप्प पर्‍यो। उसलाई के, उसको ठाउँमा जो भए पनि झनक्क रिस उठ्ने थियो, हात उठाएर छिउऽ गरेको थियो, चराले सम्पूर्ण कोठाको वायुमार्गीय निरीक्षण गरेर फेरि फूलदान ताक्यो। दुवै चरा समाल्न नसकेको फूलदान ढल्यो। पानी चुहियो, किताब भिजे। ऊ ओछ्यानबाट उठेको थियो फूलदान सम्हाल्न। त्यही ढलेकैमा अर्को चरा बस्ता झन् तल गुड्यो। काँचको फूलदानी सयकडौं अंशमा चूर्ण भएर टेबलमुनि छरिए।

उसलाई झनक्क रिस उठ्यो। निकै राम्रो पो थियो फूलदान। सितिमिति कहाँ पाइन्छ र त्यस्तो आजकल। गएर विश्वमित्रको कागजमा काँच सोहोर्दै थियो, सम्झिन थाल्यो– विवाहको बेला कोठा सजाउन उसले त्यो फूलदान किनेथ्यो। उसकी स्वास्नी राधालाई...

टप्प तातो उसको गर्धनमा केही पऱ्यो। पुलुक्क माथि हेऱ्यो। देख्यो, गौंथली 'मुकुन्दइन्दिरा'मा बसेर चिरबिरचिरबिर गरिरहेको।

अब उसले तोरीको फूल देख्यो। जुरूक्क उठेर पहिले चरा भगायो अनि मेच तानेर गुँड उखेल्दै झ्यालबाहिर बगैंचामा हुत्याइदियो। अनि झ्याल बन्द। पानीले गर्धन पुछ्यो। अनि काँच टिप्यो र त्यो पनि झ्यालबाहिर हुत्यायो।

बन्द भएको झ्यालको ऐनाबाहिर चरा रङ्गमगिएको हेर्न नपरोस् भनेर उसले झ्याल बन्द गरी कोठामा ताल्चा माऱ्यो। बाहिर सडकमा आयो।

साँच्चि, लुगा पनि लगाएको छैन। कमिज, सुरुवाल र चप्पलमा यो दिउँसो टन्टलापुर घाममा जाने पो कहाँ? सिनेमाको बेला पनि घड्की सक्यो। लक्ष्यहीन ऊ त्यसै शहरतिर लाग्यो।

विष्णुमतीको पुलमा आएर एउटा चुरोट किन्यो। पसलेले मायालु बनी गरेको प्रश्नमा कि ऊ यस बेला कहाँ जाँदै छ, त्यसै मुन्टो बङ्ग्याएर पूर्वतिर औंलाउँदै ऊ हिंड्यो। पुलको देब्रेपट्टिको पर्खाल हुँदै औंला घिसार्दै ऊ जान थाल्यो। पाइला बिस्तारै चल्दै थिए, मन छिटो दौडिरहेथ्यो। नदीको काई लागेको बालुवामा मानिस दिसा गरिरहेछन्। नगिचनगिच भए पनि उनलाई लाज छैन। शहरीको नाताले कमसेकम... तर फेरि उसको मनमा अनायास एउटा विचार आयो। बिचरा जाऊन् पनि कहाँ? सरकारी दिसाखानाको हालत त्यही हो, १००० जनापिच्छे एउटा होला। अनि फेरि उसले सम्झ्यो नगरपालिकाको काम। त... सिटमा गएको यत्ति भएर पनि खै जनता–दिसाशाला बनेको छैन, अरू के बन्ला?

पुल उसले काटिसकेको थियो। अब उसको अगाडि 'परोपकार'को नयाँ बन्न लागेको भवन छ। सुर्की कुट्ने आइमाईको मुखमा हेर्दै ऊ अगाडि बढ्यो। प्रायशः रोजै त्यो बाटो

आउँदा–जाँदा ऊ त्यहाँ हेर्ने गर्थ्यो। उसलाई ती अनाथ बालकप्रति एकतमासको माया लाग्थ्यो।

तर अरूले माया गरेको देख्ता उसलाई हाँसो उठेथ्यो। त उसले एकपटक अनायास नै सोचेथ्यो, हामीमध्ये नै कोही न कोही यिनका पिता हौंला।

उसको मनमा एक दिनको दृश्य झलक्क झिल्क्यो, जब यस अनाथालयको उद्घाटन भएको थियो। बालकहरू कराएथे– "हाम्रो परोपकार अनाथालय जिन्दावाद!" त्यस बेला उसले मनमनै आशीर्वाद दिंदै भनेथ्यो– "बच्चा हो! त्यसो नभन! बरु चिताओ कि अरू भाइलाई अनाथ बन्ने मौका नमिलोस!"

अनाथालयको उन्नतिले समाजमा दयाभावका साथै व्यभिचार र पापको पनि सबुत दिन्छन् भन्ने भावना उसले मनबाट हटाउन सकेको थिएन। चन्दा ऊ दिन्छ, चाहन्छ कि अरू पनि दिऊन् तर भित्री मन छ उसको कि समाजले कुकृत्य नगरे अनाथालयको आवश्यकतै रहँदैन।

"जय!" संयुक्त स्वरमा कराएको देखेर अझ देब्रे लाग्यो, झ्यालबाट हेर्‍यो। देख्यो, कुनै सज्जन फलफूल बाँडिरहेछन्।

ठीक हो, बिगार्नेभन्दा सपार्ने धेरै छन्। अलिअलि चन्दा धेरैबाट आएर धेरै बन्न सक्छ। उसले दिएको चन्दा पनि कुनै बिरामीको पेटमा अथवा घरको एउटा इँट, एउटा छेस्को...।

परोपकारपछाडिको ठूलो रुखबाट केही चरा एक्कासि कराए अनि भुर्र उडे। उसकै टाउकोमाथि रङ्मगिएपछि उसले देख्यो ती गौंथली रहेछन्।

उसलाई आफ्नो घरको सम्झना आयो। अनि सम्झ्यो, "कसैको बनिसकेको घर भत्काएर ऊ दानी भई आफ्नो दानको मोलतोल गरिरहेथ्यो! छि!"

ऊ लगत्तै फर्क्यो, न घामले पोल्यो, न दृश्यमा आँखा अल्भे। उसको मनमा बस गौंथलीको गुँड नाचिरहेथ्यो र कानमा चराको चिरबिर! ऊ चिताइरहेथ्यो– त्यो नभत्केको होस्।

बारीमा पुगेर देख्यो– फूलदानका काँचका टुक्राका साथै गुँड फालिएको र त्यसमा चराका फुटेका दुई फुल! त्यसैमाथि कावा खाइरहेका गौंथली र तिनको एकनासे चिरबिर! उसका आँखामा आँसु छचल्किए।

त्यस बेला बुझ्न सकिएन यो आँसु केको निम्ति थियो– फूलदान अथवा अनाथालय अथवा गौंथली अथवा तिनको गुँड र बच्चा!

*परोपकार, २:१*

# माया नं. ६५३

माया आज अलि उद्विग्न थिई। हिजो अफिसमा काम गरिरहँदा उसले एउटा आदेशपत्र पाएकी थिई। पत्र आएको थियो, स्वास्थ्य विभागबाट र त्यसमा उलाई आदेश थियो कि अब आउने सात दिनसम्म ऊ उत्तेजनाको कुनै काम नगरोस्। र, आज त उसलाई अस्पताल गई आफ्नो शरीर जँचाउनु पनि थियो। अनि एक सातासम्म अस्पतालमै बसेर आराम पनि लिनु थियो। अनि मार्च १७ तारिख...

आज ११ तारिख, मार्च १७ त उसको जन्म दिन पनि हो। उसले आफ्नो नारीघडी सारेर छालामा अङ्कित मिति पढी– १७ मार्च, २०५०। यो थियो, उसको जन्म दिन! नं. ६५३... यो थियो, उसको जन्मसङ्ख्या।

ऊ नगरपालिकाको जनसङ्ख्या नियन्त्रण विभागमा काम गर्थी। उसका मातहत नारीवर्गको जन्मकुण्डली र जीवनकार्यक्रमको लेखो राख्ने काम थियो। र, उसलाई थाहा थियो कि कुन क्षेत्रमा जननीगुणरहित कत्ति नारी छन्। उनीहरू के काम गर्छन् र कुन विभागमा, यो पनि ऊ जान्दथी। त्यस्तै ऊ यो पनि जान्दथी कि पुरूषवर्गको पनि रेकर्ड राखिन्छ र त्यस विभागमा काम गर्ने पुरूषलाई थाहा हुन्छ कि उसको क्षेत्रमा पुरूषत्वहीन कति लोग्नेमानिस छन्। सन्तानोत्पत्तिमा सरकारको पूर्ण नियन्त्रण थियो– सरकारका पूर्वनिर्धारित योजनानुसार नै उनलाई जन्माइन्थ्यो।

स्वास्थ्य विभागअन्तर्गत सन्तानोपत्तिशालामा शुक्रकीट सुरक्षित रहन्थे र सरकारी आदेशअनुसार नै उनलाई विकसित गरिन्थ्यो। तापक्रम नियन्त्रित त्यस शालामा भावी

कृषकदेखि डाक्टर, वैज्ञानिकसम्मको पूर्ण निर्धारित एवम् नियोजित शुक्रकीट विभिन्न बोतलमा करोडौंको सङ्ख्यामा सुरक्षित राखिन्थे। वैज्ञानिकहरूले सन्तानोत्पत्तिका प्रत्येक क्षेत्र एवम् कार्यलाई वैज्ञानिक रूप दिई मानव नियन्त्रणमा राखिरहेका थिए। एक कुरा मात्र उनीहरूले गर्न सकेका थिएनन् र त्यो थियो– कृत्रिम गर्भाशयको निर्माण। अतः एक वर्षमा देशभरिमा १२०० जननी गुणयुक्त नारी जन्माइन्थे र ती पूर्ण यौवन प्राप्त हुँदा तिनको गर्भाशय निकाली सरकारले आफ्नु सञ्चय बढाउँथ्यो। बीसौं शताब्दीको अन्ततिर नै सरकारले यस विषयमा ठोस कदम उठाउनुपरेको थियो– त्यस बखतका नारीहरूको समानाधिकारको प्रबल मागले गर्दा। गर्भाधान एवम् प्रसूतिको वेदनाबाट मुक्त हुन तथा पुरूषवर्गको समकक्षमा उनीहरूले काम गर्न प्रस्ताव संसद्मा राखी पास गराएका थिए। सरकारलाई कृत्रिम गर्भाधानको पद्धति विकास गरी सरकारी नियन्त्रणमा लिनुपरेको थियो। यसले बढ्दो जनसङ्ख्या एवम् विश्वव्यापी आर्थिक सङ्कट पनि नियन्त्रण भएको थियो।

एक्काइसौं शताब्दीको शुरुमा पच्चीस वर्षीय योजनाले यस पद्धतिलाई प्रायशः पूर्ण पारिसकेको थियो। तथा वैज्ञानिकहरूको आशा थियो कि आगामी पच्चीस वर्षीय योजनाअन्तर्गत यो गर्भाशयको कमी र प्राकृतिक उत्पत्तिमा पनि उनीहरू विजय प्राप्त गर्नेछन्।

अहिले २०५० का ती १२०० भाग्यमानी वा (मायाको भनाइअनुसार अभागी!) नारीहरूमध्ये माया ६५३ नं. की थिई। उसको गर्भाशय निकाल्ने तिथि निश्चित भइसकेको थियो– अब ७ दिन मात्र बाँकी छ। तर...

उसको हृदयमा एउटा अनौठो भावनाको उदय हालै भएको थियो। नाचघर अथवा चियाघरमा कुनै पुरूषसँग अनायास नै उसको शरीर छोइँदा उसलाई एकतमासको सिरिङ्ग अनुभव हुन्थ्यो। त्यस पुरूषले “माफ गर्नुस् है” भन्दा ऊ चाहन्थी कि त्यस पुरूषबाट “हिंड्नुस्, घुम्न जाऊँ” निस्कोस्। तर, त्यस प्रतीक्षामा नै उसका कति महिना बितिसके।

उसले घडी हेरी। १६ बजेर ४० मिनेट गएको रहेछ। १९ बजे उसलाई अस्पतालमा पुग्नु छ, उसलाई पिर थियो– यस एक सातामा पनि के ऊ प्रकृतिको त्यस मागलाई पूर्ण नगरी त्यसै साधारण नागरिक बन्नेछे? अहिले देशभरिमा भाग्यशाली (अथवा ऊजस्तै अभागी) ती १२०० पूर्ण नारी होलान्... तिनमा ऊ छे ६५३ औं!... १७ मार्चमा तीमध्ये एक नारी फेरि नारीत्वहीन हुनेछ, १७ मार्च!

***

अस्पतालबाट बाहिर निस्कँदा २० बजेको थियो। उसको ब्यागमा डाक्टरले दिएको रिपोर्टको एक प्रति र त्यसका साथ एक साताको दैनिक कार्यक्रमको रूपरेखा पनि थियो। अनि उसले एक महिनाको बिदा पाएकी थिई– पहिलो साता अपरेसनअगिको स्वस्थता कायम राख्न, दोस्रो अपरेसनलाई, तेस्रो आरामी र चौथो भ्रमण एवम् आनन्दका लागि– उसको दानको पुरस्कारस्वरूप। उसलाई चिन्ता थियो, प्रथम साताको।

सडकको बत्तीमा उसले डाक्टरको कागज झिकेर पढी। लेखेको थियो– नगर्ने कामः
१. अतिशय उत्तेजनाका कुनै पनि काम,
२. अपच गर्ने गरी खानु,
३. लागू कुराको अति सेवन,
४. शारीरिक कष्ट हुने काम,
५. मानसिक चिन्ता।

मानसिक चिन्ताका बारेमा पढेर ऊ हाँसी। मानौं, यो पनि मानिसको आफ्नै इच्छामा निर्भर भएजस्तो कागज उसले दोबारेर राखी। अनि नगिचकै पेयशालामा पसी। कफीको अर्डर दिंदा सँगैकी एउटी अर्की स्वास्नीमान्छेले पुलुक्क हेरी र बिस्तारै भनी, “तपाईंले किन कफी माग्नुभयो? के पेय वस्तु सेवन गर्न डाक्टरले तपाईंलाई पनि निषेध गरेको छ?”

"ज्यू !"

"... . ..."

"... . ..."

"अगि तपाईंलाई स्वास्थ्य निरीक्षण गृहमा देखेकी थिएँ, हो ?"

"हो।"

"तपाईं पनि ती अभागी १२०० मा हो !"

यस एक प्रश्नमा हाइड्रोजन बमको विस्फोट थियो– जसका अदृश्य तरङ्गमा आश्चर्य, आत्मीयता र सहानुभव लहरिंदै मुटुमा टक्कर खाइरहे। मायाको आँखामा एउटा भीषण ज्योति चम्कियो र उसको मौनले उसको प्रश्नकर्तालाई प्रश्नको उत्तर स्वतः प्रसारित गरिदिए।

"तिम्रो नम्बर ?"

"६५३ मार्च १७ २०५० ! तिम्रो ?"

"३४२, फरवरी २८, २०५० ! म तिमीभन्दा जेठी रहेछु। तिम्री दिदी !"

"दिदी !"

यो वाक्य अनायास मायाको मुखबाट फुस्क्यो– यसमा प्रश्न, प्रेम र खुशी मुछिएका थिए। कफीको सर्को लिंदै मायाले सोधी– "उसो भए तपाईं अपरेसनपछि भ्रमण बिदामा, हो ?"

"अँ, तर मैले यस शहरलाई छाडेर अन्त जान मन पराइनँ। तिम्रो त अपरेसन बाँकी नै छ होला?"

मायाको अनुहारमा एउटा वेदना झल्क्यो, "तिमीले पूर्ण नारीजीवनको सदुपयोग त गऱ्यौ?"

प्रश्नको निर्भीकतामा माया झस्की। दिदीले कुरा पन्छाएर भनिन्– "मलाई एलिजा भन्छन्। तिमीलाई फुर्सद भए हामी पार्कमा एकछिन घुमौं न!"

दुवै बाहिर निस्के। एउटा बेन्चमा बसेर एलिजाले भनी, "एक महिनाअगाडि मात्र यो पार्कमा बसेर यो चन्द्रमा र ताराहरूलाई हेर्दा मेरो मनमा कताकता एउटा मीठो काउकुती लाग्थ्यो। सायद तिमीलाई आजकाल भएजस्तो हुन्छ?" र एलिजाले मायाको हात समातेर बिस्तारै थिचिदिई।

एलिजाले उसलाई बताई कि कसरी उसले एउटा पूर्ण पुरूषको खोज गरेकी थिई। कि कसरी उसको खोज असफल भएको थियो। र कसरी उसले मनमनै यो समाज, यसको बन्धन, पराधीनता र नियन्त्रणलाई अन्तःकरणदेखि सरापेकी थिई। उसले भनी कि प्रत्येक दिवसको असफल खोजपछि ऊ रातमा ईश्वरको पुकारा गर्थी र भन्थी कि उसलाई अर्को जुनीमा यस्तो देशमा जन्म दिए, जहाँ स्त्री स्त्री र पुरूष पुरूष बनेको होस्।

उसले सोधी कि माया कहाँ काम गर्छे? अनि भनी कि ऊ त शान्ति विभागको सङ्ग्रहालयमा व्यतीतका घटनाको सङ्ग्रह गर्ने काम गर्छे। उसले बताई कि कसरी पुस्तकालयमा उसले उन्नाइसौं र बीसौं शताब्दीका पुस्तकहरू पाएकी छे कि त्यस बखतका नारी पुरूषको पर्दा गर्थे र विवाह गरी घरजम गर्थे। उसले भनी कि 'पर्दा', 'विवाह', 'घर' शब्दका अर्थ बुझ्न उसलाई कति मेहनत गर्नुपरेको थियो। ती तीनवटै शब्दको अर्थ पनि उसले मायालाई बताई। उसले भनी कि त्यस बखत पुरूषको जिम्मा आर्थिक बोझ र स्त्रीको जिम्मा गृहस्थी थियो।

“थाहा छ माया तिमीलाई कि तिनताक स्त्रीले पेटमा बच्चा हुर्काउँथे। र आफ्नै घरमा जन्माउँथे।”

मायालाई उसका अगाडि कसैले स्वर्गका कुनै देवदेवीको जीवनचर्या वर्णन गरेजस्तो लाग्यो। एलिजाले भनी, “सबभन्दा आश्चर्य त माया मलाई यो लाग्यो कि त्यस बखतका नारी सहवासका निमित्त पुरूषबाट पारिश्रमिक पाउँथे। यस्तो कुनै व्यभिचारकेन्द्र हुन्थ्यो जहाँ... !”

माया एउटा यस्तो स्वप्निल देशमा पुगेकी थिई, जहाँ कसैलाई आफ्नो गर्भाशयको अपरेसन गराउन सात दिनपछि अस्पताल जानु पर्दैनथ्यो– जहाँ नारी पुरूषकी स्त्री, सहगामिनी, स्वच्छन्द थिई; उसका कानमा एलिजाका अगाडिका वर्णन परेनन्।

एलिजा भन्दै थिई, “आफ्नै शरीरको अङ्ग काँचको भाँडामा जिउँदो चलमलाइरहेको देख्ता मलाई कस्तोकस्तो अनुभव भयो। अब एक महिनाभर त मेरो प्रथम पुत्र पनि हुन्छ– यस्तो पुत्र, जसको प्रसवमा आमालाई कुनै वेदना, व्यथा हुनेछैन, साथै कुनै प्रेम पनि। यस्तो पुत्र, जसकी आमालाई आफ्नो पुत्रको पिताको ज्ञान नै हुनेछैन। मैले... माया, तिमी पनि मजस्तै ...”

***

झन्डै तीन महिनापछि, मायाको अनुरोधपत्रमा निकासा लाग्यो कि ऊ टाढाबाट आफ्नो गर्भाशयाबाट विकसित भएको तथाकथित बच्चा हेर्न सक्छे। उसको बच्चाको नम्बर थियो– ११४७८, जुन २०, २०७०।

शिशुशालाको लामो बरन्डामा १४ बजेतिर ऊ जाँदै थिई। उसका साथमा एउटा डाक्टर थियो, जसले उसलाई बच्चा चिनाउनेछ।

"यता, श्री माया, पहिले, तपाईंलाई शुद्ध पारौं! हामी स्वयम् शुद्ध नभई बच्चाहरूको छेउमा पर्दैनौं।"

मायालाई एउटा ठूलो बत्तीमुनि उभ्याएर डाक्टरले स्विच थिचे। त्यसबाट एउटा नीलो प्रकाश मायाको सर्वाङ्गमा पऱ्यो। डाक्टरले मायालाई एउटा सेतो एप्रोन लगाउन दिए, भने– "हामी चाहँदैनौं बच्चाले भुक्किएर पनि सधैं देख्ने नर्सभन्दा भिन्न आकृतिको नयाँ मानिस देखेको सम्झिरहोस्।

बच्चामा कुनै पनि मौलिकता मायालाई लागेन। उसलाई अनुभव भयो, ऊ सधै जस्तो डकुमेन्ट्रीमा देखाउने प्रसूतिगृहमा कुनै बच्चा हेरिरहिछ। उस्तै मोटो छ, उस्तै रूप! Commentary को पङ्क्ति उसका मनमा सरासर दोहोरियो– "तपाईंलाई विकसित गर्न ग्लैक्सोको ठूलो योग छ।"

उसले अनायास सोधी– "यसको कागज एकफेर हेर्न सक्छु डाक्टर?"

"किन नसक्नु, आउनुस्।"

मायाले पढी–

१. जन्म– जुन २०, २००० : १८ बजेर ४७ मिनेट ३३ सेकेन्ड

२. स्थल– सरकारी प्रसूतिगृह, सं. ९७

३. नं.– ११४७८।

४. गर्भाशय नं.– ६५३।

५. शुक्र नं.– ८२७

६. नाम– स्पाइक

७. जीवन कार्यक्रमको रूपरेखा

(क) इन्जिनियर– सूर्य–ताप–विद्युत् सङ्ग्रहकर्ता

(ख) क्षेत्र नं. १०, सेक्सन ५५३

(ग) नं. ९७८६, जुन २०, २०१० को सट्टा काम गर्ने
(घ) मिति– जुन २०, २०९०।
(ङ) विश्राम मिति– जुन २०, २१३०।

माया जान्दथी कि यस विश्रामको अर्थ के हो? ऊ जनसङ्ख्या नियन्त्रण विभागमा काम गर्थी नि!

"धन्यवाद डाक्टर!"

माया बाहिर आई। उसलाई त्यस बखत आफू, आफ्नो समाज, समाजको इतिहास र आफूले देखेसम्मको इतिहासको भविष्य, सबउपर एउटा बुझ्निसक्ने गरी घिन लागिरहेथ्यो।

# ऊ कसको हो ?

न्यायालयमा सियो राख्ने ठाउँ पनि थिएन... नत्र एउटा सियो खसेको भए पनि सुनिन्थ्यो होला... त्यस्तो भिड र शान्ति थियो। आज सायद यस शताब्दीको सबैभन्दा आश्चर्यजनक मुद्दाको सुनुवाइ हुने दिन थियो। ऐन तोडेबापत सरकारी वकिलले फ्रैन्क कापरालाई सजाय दिइयोस् भनी जोडदार बहस गरेका थिए। उता फ्रैन्क कापराका वकिलको सिफारिसमा उसलाई आफ्नो सफाइमा आधा घण्टा बोल्ने अनुमति दिइएको थियो।

यो फ्रैन्क कापरा को हो ? जसलाई लिएर बडो जोडदार बहस चलेको थियो। कैयन् महिना पत्रपत्रिकामा यसको चर्चा भएको थियो। 'डेली गजेट'ले रविवार विशेषाङ्कमा पूरा एक पेज उसको जीवनको चर्चालाई लिएर व्यय गरेको थियो। यस खोजपूर्ण लेखको शीर्षक नै थियो– War between Science and Conscience (ज्ञान र विज्ञानको लडाइँ)। आफ्नो विशेष वैज्ञानिक प्रतिनिधिको वर्णनअनुसार डेली गजेट लेख्छ– "फ्रैन्क कापराको यस केसले आज हाम्रो संस्कृति तथा दृष्टिकोणलाई नै भयानक धक्का लागेको छ। हाम्रो समाज अहिले एउटा यस्तो परिस्थितिमा पुगेको छ, जहाँ समाजका व्यक्तिको हैसियतले हामी सबैको कर्तव्य हुन्छ कि हामी आजै निर्णय गरौं– हामीलाई विज्ञान मन पर्छ अथवा ज्ञान। यसै निर्णयमाथि भविष्यको समाजको जग बस्छ। आजको फ्रैन्क कापरा हाम्रो भोलिको समस्या हो।"

डेली जगेटको वैज्ञानिक प्रतिनिधि उपरोक्त विषयमा आफ्नै दलिल पेस गरी लेख्छ– "फ्रैन्क कापरा, उसको त्यो नाम होइन, जो आमाबाबुबाट दिइएको होस्; न फ्रैन्क कापरा

एउटा कुनै व्यक्तिको नाम हो। फ्रैन्क कापराको शरीर फ्रैन्क भन्ने मानिसको तथा मस्तिष्क कापरा भन्नेको हो। र यो चमत्कार गरेका थिए– डा. हड्सनले। यसभन्दा अगाडि म कापरालाई चिनाऊँ; म चाहन्छु, यस अखबारका पाठकले फ्रैन्क तथा कापरा दुवैको व्यतीत जीवनको बारेमा केही जान्न आवश्यक होला। सन् १९... को फरबरी महिनामा वासिङ्टन अस्पतालमा रात्रिको ड्युटीमा खटिएको बेला डा. हड्सनका अगाडि एक्सिडेन्टमा परेका दुई व्यक्ति एकैसाथ ल्याइए। डा. हड्सनले देखे कि फ्रैन्कको मस्तिष्क बिग्रेछ र ऊ एकएकछिनमा भयानक चीत्कार गर्छ। मोटर जुध्नुअगाडि सायद जुन डरको आघात उसको मनमा पऱ्यो, त्यो सन्तुलित हुन सकेन। उता कापराको शरीर क्षतविक्षत भएको रहेछ। उसको बोल्ने शक्ति हुन्जेल उसले डाक्टरसँग यही अनुरोध गऱ्यो कि उसलाई कुनै हालतमा बचाइयोस्– "...मेरी पत्नीका निम्ति डाक्टर!" उसको अन्तिम शब्द नै यही थियो रे! डा. हड्सनले मसँगको भेटमा भने, "मैले सोचें, किन दुई व्यक्तिको जीवन नाश हुनु सट्टा एकको मात्रै नाश होस्। मैले कापराको मस्तिष्क झिकेर फ्रैन्कको टाउकोमा हालिदिएँ। कापराको मृत शरीर गाड्न पठाइयो।

भोलिपल्ट अखबारमा आकस्मिक मृत्युको विवरण एक्सिडेन्ट कोलममा छापिएको थियो– "...विलियम फ्रैन्क धनी व्यवसायीको एक मात्र पुत्र। उमेर पच्चीस वर्ष। रेडियोलजिस्ट। एक हप्ताअगाडि विवाह सम्पन्न भएको उसको बाल्यावस्था निकै सुखमा बित्यो। खेलकुदमा प्रथम। सिनेमा हेर्न जाँदा बाटोमा दुर्घटनाग्रस्त।"

"...हेनरी कापरा पचपन्न वर्षको नामी वकिल, बीस वर्षको प्रयाक्टिसमा धन, इज्जतका साथै सुखको आर्जन। अफिसबाट घर फर्कन लाग्दा बाटोमा दुर्घटनाग्रस्त।"

विलियम फ्रैन्क र हेनरी पूर्वजन्मको यस विवरणपछि डेली गजेटको वैज्ञानिक प्रतिनिधि फ्रैन्क कापरको जन्मको विवरण प्रस्तुत गर्दै अगाडि लेख्छ– "...सात दिनपछि जब फ्रैन्क कापरालाई सर्वप्रथम होस आयो, तब उसले डाक्टरसँग आफ्नो चेन्जको बारेमा आश्चर्य गऱ्यो। डाक्टरले उसलाई सम्पूर्ण घटनाको जानकारी गराए। डाक्टरको

भनाइअनुसार उसले जुन प्रश्न पहिलोपटक आफ्नो मुखबाट निकाल्यो, त्यो थियो, “म के त ? विलियम फ्रैन्क अथवा हेनरी कापरा ?”

फ्रैन्कको शरीर, कापराको मन... अतः फ्रैन्क कापरा... मेरो घर, मेरी स्वास्नी ?”

फुसफुसाहटको एक लहर त्यस कोठामा उठ्यो। सबैका आँखा जजको मेचपछाडि ढोकाको पर्दामा परे। पछिल्लो लहरमा बग्दै आएझैं जज त्यस ढोकाबाट बाहिर निस्के। जजको उपस्थिति तथा मेचको आसनग्रहणपछि श्रोतागणलाई फेरि उत्सुकताको शान्तिले जित्यो।

“फ्रैन्क कापरालाई ल्याइयोस्।”, जजले शान्त तथा उच्च स्वरमा भने। त्यही अर्डरको मात्र जरूरत भएझैं तुरुनत फ्रैन्क कापरालाई दुईतिरबाट घेरेर पुलिसका कर्मचारीले अपराधीको कठघरामा प्रस्तुत गरे।

निधारमा कपालदेखि आँखीभौंसम्म काटिएको बाङ्गो धर्कोबाहेक उसको अनुहारमा अनौठोपन केही थिएन। फस्ट क्लासको सुट उसको पच्चीस वर्षको पट्ठो जीउमा निकै सुहाउँथ्यो; निमेषभर उसका आँखा डा. हड्सनमाथि अडे; उसले मुस्कुराउने प्रयास गऱ्यो तर उसको मुखमा चिन्तामा ती हाँसोका रेखा बगेर मात्र गए, जम्न सकेनन्। उसले दृष्टि अर्कोपट्टि घुमायो। दर्शक ग्यालरीको प्रथम पङ्क्तिमा बसेका आमाछोरीझैं दुई नारीमाथि उसले आफ्नो दृष्टि केन्द्रित गऱ्यो। ती नारीको आश्वासनयुक्त मुन्टो हल्लाइमा उसलाई हाँस्न कर लाग्यो। उसको हाँसोमा देखिएका दाँतका पङ्क्ति तथा मुस्कुराहटको अर्थ ‘म निर्धक्क छु’ भन्ने लाउन कसैले पनि चुकेन होला।

प्रेस फोटोग्राफरहरूका मौका चुकेनन्– सयकडौं फ्लास लाइट झन्डै एकैसाथ चम्के। फ्रैन्क कापराको त्यो हाँसो सयकडौं ठाउँमा बन्दी भयो... अब भोलि बिहान चियाको टेबलमा त्यो हाँसो लाखौं आँखामा पर्नेछ।

सरकारी वकिलले कथा शुरु गरे– "...न्यायालयको अनुमति पाए म छोटकरीमा फ्रैन्क कापरामाथि जुन दोषारोपण गरिएको छ, त्यसको विवरण दिनेछु।"

जजले अनुमति दिए तर दिनुभन्दा पहिले उनको दृष्टि फ्रैन्क कापरामाथि दौडियो। जजले पाए– उसको दृष्टिमा कुतूहल रत्ती मात्र पनि छैन, त्यसमा बस् बेवास्ताको आभास थियो।

सरकारी वकिलले शुरु गरे– "...यस अपराधी, जसको नाम फ्रैन्क कापरा अथवा विलियम फ्रैन्क अथवा हेनरी कापरा हो, यसको मुख्य अपराध आजको सभ्य समाजमा दुराचार फैलाउन दुइटी स्वास्नी राख्ने र दुई विभिन्न व्यक्तिको जायज्यथामाथि कब्जा गर्ने षड्यन्त्रमा डा. हड्सनको साजिसमा भाग लिनु हो। यो मानिस फ्रैन्क कापराकै भनाइअनुसार जसको पूर्वविवरण त्यस फाइलमा गाभिएका छन् तथा हजुरको टेबलमाथि नै छन्, ऊ आफूलाई विलियम फ्रैन्कको जीउ तथा हेनरी कापराको मस्तिष्क भएको मानिस हुँ भन्ने कबुल गर्छ, जो नितान्त वाइयात र पागलपनसिवाय केही होइन तथा यसरी उसको दावा एकदमै भ्रूटो साबित हुन्छ। सम्पत्तिको विषयमा निर्णय गर्नुअगाडि यस न्यायालयलाई मेरो एउटा प्रार्थना छ कि ती दुई मृत व्यक्ति विलियम फ्रैन्क तथा हेनरी कापराका विधवाहरू...!"

"यस विषयमा हाम्रो विरोध छ।", संयुक्त स्वरमा आमाछोरीझैं देखिएका दुई महिलाले भने– "हामीलाई विधवा भनेर सरकारी वकिलले हाम्रो इज्जत तथा धर्म अनि प्रेमको जुन अपमान गरिरहेका छन्, त्यसमा हाम्रो विरोध छ। न्यायालयसँग हाम्रो अपिल छ कि हाम्रा पतिलाई मृत तथा हामीलाई विधवा भन्ने बोलीको प्रयोग नगरियोस्– वकिललाई हामीसँग क्षमा माग्न बाध्य गराइयोस्, नत्र हामीलाई मानहानीमाथि मुद्दा दायर गर्ने अनुमति दिइयोस्। हामी न्यायालयसँग अपिल...!"

जजले अनुमति दिंदै भने– "सरकारी वकिलका ती शब्द प्रयोगमाथि आएका आपत्ति सर्वदा उचित छन्। कारण मुद्दा निर्णय नहुन्जेल उनीहरूलाई ठोकुवा गरेर केही भन्ने हक

छैन। न्यायालयको अर्डर छ कि उनी माफी मागून्।”

मुखले लज्जित रक्तवर्षालाई सकेसम्म छोप्ने प्रयत्न गर्दै बडो मुस्किलसाथ सरकारी वकिलले भने– “न्यायालयको यस आदेशमा म झुक्छु। श्रीमतीहरूसँग मेरो माफीको अपिल छ।”

“दिइयो” भनेझैं टाउको हल्लाउँदै ती दुई महिला गर्वसित आफ्नो मेचमा बसे। हाँसोको एक झोका आँधीझैं कोठाभरि रङमगियो, सरकारी वकिलले आफ्नो दलिल पेस गर्दै भन्न थाले– “सम्पत्तिका विषयमा निश्चय गर्नुअगाडि यस न्यायालयलाई मेरो एउटा प्रार्थना छ कि ती भूतपूर्व व्यक्ति विलियम फ्रैन्क तथा हेनरी कापरा...!”

“भूतपूर्व शब्दमाथि हाम्रो विरोध छ!”, महिलाहरूले उठेर भने।

“माफ रहोस्, ती व्यक्ति विलियम फ्रैन्क तथा हेनरी कापरा दुवैका श्रीमतीहरूलाई भ्रष्टाचार तथा समाजका सामु लज्जित हुने काम गर्न सहयोग एवम् कुनै अज्ञात कारणवश बाध्यसमेत गराउन खोजेकाले यस व्यक्ति –जो आफूलाई फ्रैन्क कापरा भन्छ– लाई दण्ड दिने व्यवस्था गरियोस्। मेरो भन्नु यति मात्र हो।”

सरकारी वकिल आफ्नो ठाउँमा बसेको आधा घण्टासम्म केही बोलेनन्। अनि जब बोल्ने सुरसार हुन लागेको थियो, जजले आफ्नो आदेश सुनाए– “अरूको बयान लिनुअगाडि तथाकथित फ्रैन्क कापराको बयान होस्।”

फ्रैन्क कापराले आफ्नो टाईको गाँठो अलि खुकुलो पार्‍यो। आफ्नो वरिपरिको वातावरणमाथि दृष्टि घुमायो अनि गला साफ गर्दै भन्न थाल्यो– “माइ लर्ड! मेरो स्वास्थ्य ठीक नभएको हुनाले मेरो बयान, जो मैले सरकारी गवाहसामुन्ने आफ्ना वकिललाई आफूले बोलेको लेख्न लगाएको छु, त्यसलाई यहाँ पढिने अनुमति दिइयोस् तथा ती लेखिएका शब्दहरूलाई मैले बोलेकै बयानको मान्यता दिइयोस्। न्यायालयमा यो मेरो अपिल स्वीकृति होस्।”

शब्दावलीमा विस्मयको चिह्न मेटिएर क्षीण हुँदै जसरी सिद्धिन्छ अनि तुरुन्तै त्यसको मुनि एउटा विश्रामबिन्दु जसरी अड्दछ, त्यसरी नै त्यस हलमा श्रोतागणको विस्मयात्मक स्वरलहरी एक्कासि जन्म्यो र क्षीण हुँदै समाप्त भयो एउटा बिन्दुमा! त्यस बिन्दुले काम गर्‍यो, फ्रैन्क कापराको वकिलको हातको सेतो कागजले पढ्ने अनुमति पाएकोमा कापरातिर धन्यवाद दिंदै वकिलले शुरु गरे। उनी बिस्तारै प्रत्येक शब्दलाई शुद्ध उच्चारण गर्दै बोलिरहेका थिए; सायद उनको आशय थियो होला कि संवाददाताले सर्टह्यान्डबाट बयानको कुनै पनि शब्द नउम्काओस्।

"फ्रैन्क कापराको हैसियतबाट आज यस न्यायालयको सामुन्ने धर्म, ईश्वर तथा इमानलाई साक्षी राखेर जो भन्दै छु, त्यसका प्रत्येक शब्द ठीक छन्, कुनै पनि बनावटी होइनन् तर ती शब्द भन्नुअगाडि म आफ्नै बारेमा केही बताउन चाहन्छु। समाज, नियम तथा त्यसको न्यायमा एउटा अनौठो प्राणी भए पनि म आफ्नो निम्ति अनौठो केही पनि छैन। कमसेकम अहिले यस सरकारी साक्षी तथा मेरा वकिललाई बोलाएर सामुन्ने राखी लेखाइरहेको बेला मलाई केही अनौठो लाग्दैन, आज मेरा निम्ति मेरो व्यक्तिगत समस्याको हल भइसकेको छ, चाहे मेरा व्यक्तिगत समस्या समाजका निम्ति समस्यै रहून्। आज अरूहरू जसरी यस मुद्दालाई आश्चर्य मानेर यसको परिणाम जान्न उत्सुक होलान्, त्यत्तिकै या त्यसभन्दा पनि बढी उत्सुक म त्यस घडी थिएँ, जब डा. हड्सनले मलाई पुनर्जन्म दिए। त्यस बेला मेरो समस्या थियो... म को हुँ? के हुँ? किन हुँ?"

सरकारी वकिलले जुरुक्क उठेर भने– "माइ लर्ड! दोषीको बयानमाथि मेरो आपत्ति छ। यस आधारमा कि ऊ आफ्ना मनगढन्ते साहित्यिक कथनको भरमा न्यायालयको साम एउटा काल्पनिक कथनको सिर्जना गरी अर्कै विषयवस्तुलाई महत्व दिन लागिरहेछ। उसले बयान दिन लागेको तथ्य सङ्कलन पुलिसले गरिसकेको छ। यस सङ्गृहीत कथनमा उसको आपत्ति छैन भनी सहीछाप गरेको कागज भनी सरकारसामु टेबलमा पेस गरिएको छ।"

फ्रैन्क कापराको वकिलले जबाफ दियो– "माइ लर्ड! अहिलेसम्म मेरा क्लाइन्टको बयानमा त्यस तथ्यको खण्डन गरिएको छैन। ऊ त केवल आफ्नो मनस्थितिको वर्णन गर्दै छ। तथा त्यसको आधारमा उसको पछिको जीवन कसरी मोडियो, त्यता जाँदै छ। वर्तमान घटनाका समस्याहरूसँग अवगत गर्न माइ लर्ड, मलाई अनुमति दिइयोस् कि म जम्मै बेरोकटोक पढ्न पाऊँ। यस बयानको समाप्तिपछि मात्र सरकारी वकिललाई केरकार गर्ने मौका दिइयोस्।"

जजले भने– "अगाडि पढ।"

वकिलले शुरु गर्‍यो– "कोर्टको अनुमति पाए म माथिको एक वाक्य दोहोर्‍याई पढ्छु... त्यस बेला मेरो समस्या थियो– म को हुँ? के हुँ र किन हुँ? डा. हड्सनले मलाई मेरो परिचय दिएर त्यस नवीन अपरेसनको बारेमा सम्पूर्ण कुराको ज्ञान गराए। डाक्टरसँग मेरो अर्को प्रश्न थियो... मेरो घर? स्वास्नी? त्यसको पनि जबाफ डाक्टरबाट पाएँ, दुइटै तर जुन मन पर्छ, त्यसलाई सकार; अर्कीलाई तलाक देऊ। म बाहिर निस्के। सडकमा आएँ। प्रत्येक वस्तु परिचित थियो र सडकमा उही चहलपहल, उही जीवन थियो। हेनरी कापराकी पत्नीलाई फोन गरें तथा कस्मोपलिटन होटलमा मसँग भेट्न भनें। होटलको प्लटमा ढोका खोलेर कोठाभित्र पस्नासाथ जब मेरीले मलाई आलिङ्गन गरेर म्वाइँ खाई तथा टाँसिएर लँदै भनी, "प्रियतम! तिमी यस्तो निर्दयी कसरी भयौ? सात दिनसम्म म वियोगको नरकमा अफालिएँ। त्यस बेला मेरो मनमा भिमिक्क पाप भन्ने विचार आएको थियो तर जब म सम्हालिएँ, मैले पाएँ, म त उसको प्रेमालिङ्गनको प्रतिउत्तर दिइराखेको रहेछु।"

"खाना खाइसकेपछि जब हामी कउचमा बसी सिगरेटको धुवाँमा अलमलिरहेका थियौं, मैले मेरीको सुनौलो रङसँगै खेल्दै प्रश्न गरें, "मेरी, एउटा घटनाले मेरो विचारधारा नै बदलिएको छ। आजको मेरो सोच्ने दृष्टिकोण तथा विषयमा पनि यति फरक छ कि मलाई डर छ, तिमी त्यसलाई मन पराउनेछैनौ! तिमी मलाई तलाक दिन्छौ त?" हाम्रो विवाहको एकै महिना पनि भएको रहेनछ र त्यसै महिनाभित्र मेरो मुखबाट तलाकको

कुरा सुन्दा मेरीको अनुहारमा जुन आकस्मिक परिवर्तन भयो, त्यो म अहिले बयान गर्न असमर्थ छु। जे होस्, बिस्तारै मैले त्यस घटनाको बारेमा सम्पूर्ण कुरा उनलाई बताएँ। मेरीले जबाफ दिई, “प्रियतम! मैले तिम्रो विचारधारा र दृष्टिकोणसँग प्रेम गरेको होइन। मैले तिमीसँग प्रेम गरेकी हुँ। आज कुनै भयानक बिरामीको परिणामले तिमीले यदि स्मरणशक्ति हराएको भए के म तिमीलाई त्यागेर हिंड्थें? अथवा तिमीले कुनै टेररिस्ट ग्रुपमा साथ दिएको भए तिम्रो त्यस विचारधारामा म के तिमीलाई घृणा गर्थें? मैले तिमीलाई प्रेम गरेकी हुँ, तिम्रो शरीरको प्रत्येक त्यस कणलाई, जसमा विचार छैन, जसमा दृष्टिकोण छैन, जसमा म छु। तिम्रो वाणी, तिम्रो स्वभाव, तिम्रो बोल्ने ढङ्ग, तिम्रो जे पनि मेरो प्रेमको पात्र हो।” यसपछि मैले अर्को प्रश्न गर्ने उपाय थिएन। यसरी म मेरीतिरबाट निर्धक्क भएँ। घरमा स्मरणशक्ति हराएको भन्ने थाहा दिएर हामीले आफ्नो जीवन निर्धक्क बिताउन थाल्यौं।”

“म अब मार्गरेटतिर आउँछु। मेरी र म भएर उसलाई जम्मै घटनाको सत्यता बताउन सफल भयौं। ऊ ज्यादै नै समझदार तथा बुद्धिमान छे। उसले मलाई भनी कि हाम्रो तीस वर्षको वैवाहिक जीवनमा उसले कहिल्यैपनि मेरो शरीरमाथि आफ्नो जबजस्ती अधिकार गर्न चाहिन। उसले सदा मेरो प्रेम खोजेकी छे। उसले मेरो हार्दिक प्रेम चाही। आज यदि म उसलाई पहिलेझैं नै प्रेम गर्न सके...!”

“र यो कुरा गाह्रो रहेनछ। शरीरले ऊ मभन्दा ज्यादै बूढी छ तर विचारले र मनले ऊ मेरी दौंतरी हो। मेरीसँग मेरो सम्बन्ध शारीरिक हो भनी जसरी म इन्कार गर्दिनँ, उसरी नै म भन्छु, मार्गरेटसँग मानसिक सम्बन्ध मात्र छ। मेरो शरीरको तृष्णा जसरी मार्गरेट मेट्न सक्तिन, उसरी नै मेरी मनको भावनालाई बुझ्न सक्तिन। मेरो मनका निम्ति जसरी मार्गरेट आवश्यक छ, उसरी नै मेरी मेरो निम्ति। यसपछि मैले डाक्टर हड्सनसँग यस विषयमा कुरा गरें। डाक्टर त यहाँसम्म मन्जूर थिए कि हारमन्सको स्त्री गुणयुक्त इन्जेक्सन दिएर उनी मार्गरेटमा नवयौवनको प्रादुर्भाव गर्न सक्छन् तर मार्गरेटले मानिन। उसलाई डर थियो कि यौवनको प्राप्तिपछि समस्या झन् जटिल हुनेछ। वासनाग्रस्त भएर

कहीं उसमा द्वेष तथा डाह उत्पन्न नहोओस्। तथा मेरी र मार्गरेटको विषयमा सौताको कुत्सित भावना नआओस्। ऊ मेरो मनका विचारकी सहगामी भएर पनि मलाई पुत्रको तथा मेरीलाई बुहारीको माया दिन चाहन्थी। यसभन्दा बाहिर हामी कहिल्यै पनि गएनौं र हाम्रो अर्को सम्बन्ध कहिल्यै पनि भएन।"

"रह्यो, यो शङ्का कि मैले यस उपायबाट धन कमाउने तथा अर्काको जायदातबाट मोज गर्ने विचार गरेको छु। यसलाई म मान्दिनँ। मेरो शरीरमा पच्चीस वर्षको जवानको रगत दौडिन्छ तथा मेरो विचार परिपक्व छ, म वकालत पनि गर्न सक्छु हेनरी कापराझैं तथा आफ्नो एउटा स्थानीय पसल खोलेर स्वतन्त्ररूपले रेडियोलजीको व्यापार पनि चलाउन सक्छु, विलियम फ्रैन्कझैं। मलाई धनको लोभ छैन। मलाई सुख चाहिएको छ र मेरो सुख एउटी आइमाईबाट पुग्दैन। मलाई सुख दुइटी विभिन्न नारीको सहवास चाहिएको छ, जो पचास तथा बीस वर्षका होऊन् र ती आइमाई मेरी र मार्गरेट नै हुनुपर्छ। कारण म ती दुवैलाई अत्यन्त प्रेम गर्छु।"

"न्यायालयसँग मेरो अनुरोध छ कि मेरो यस केसलाई सर्वसाधारणका नियमको माध्यमबाट नहेरी यसलाई विशेष दृष्टिकोणले हेरियोस्।"

फ्रैन्क कापराको बयानपछि पनि कोर्टमा शान्ति व्याप्त थियो। करिब एक मिनेटको उकुसमुकुसपछि कतिपय कण्ठबाट लामो निःश्वास निक्ल्यो। सरकारी वकिलले मौका गुमाएनन्। कोर्टको अनुमति प्राप्त गरेपछि प्रश्नहरूको ताँती लगाए।

ती यसरी छन्...

"यसको के सबुत छ कि तिम्रो मस्तिष्क हेनरी कापराकै हो?"

"यसभन्दा बढी सबुत के हुन सक्छ कि तीस वर्षको वैवाहिक जीवनका कतिपय घटनाको जो पतिपत्नीका बीचमा घटेका छन्, त्यो म अहिले नै भन्न सक्छु।"

"तर हेनरी कापरा सिगार अत्यन्तै नै पिउँथे। तिमी आजकल चुरोट नै खाँदैनौ नि ?"

"ठीक हो, मेरो मनले सिगार खान माग्यो तर शरीरले सहन सकेन। विलियम फ्रैन्क चुरोट पनि खान्नथे। आखिरमा दुवैको माध्यमिक बाटो अपनाएर आज म फ्रैन्क कापराको हैसियतले चुरोट खान्छु।"

"अँ! तिम्रै भनाइअनुसार तिम्रो मस्तिष्कमा वकालत गर्ने गुण हुन सक्छ। तर तिम्रो बयानमा उल्लेख गरिएको छ कि तिमी रेडियोलजीमा पनि ज्ञान छ भन्छौ, यो कसरी ?"

"मेरो हात र अरू इन्द्रिय त्यस क्रियात्मक क्षेत्रमा निपुण थिए। मैले अलिकति मेहनत गरेर ती ज्ञान आफ्नो मनमा समाउन सकें। अझ आश्चर्य यो सुनेर लाग्ला कि म चेसको गजबको खेलाडी भएको छु। हेनरी कापरा चेस खेल्न जान्दैनथे। तर विलियम फ्रैन्क त्यसका प्राथमिक चाल क्लबको जीवन बिताएर जान्दथे।"

"जीवनमा तिम्रै भनाइअनुसार यी दुई कुरामा माध्यमिक बाटो लिने प्रयत्न किन गरेनौ ?"

"यहाँनिर त हाम्रो दृष्टिकोणमा अन्तर छ। अहिलेको समाज या त विलियम फ्रैन्कले या हेनरी कापराझैं कर्मठ बनेर एकै दृष्टिकोणबाट हेर्ने प्रयास गर्छ। तर यस समस्यालाई हेर्नुपर्छ, फ्रैन्क कापराको दृष्टिकोणले। पच्चीस वर्षे कामोत्तेजक रगत र पचपन्न वर्षे शिथिलता जब एक शरीरहरूमा व्याप्त छन्, त्यस्ता शरीर, मनको दृष्टिकोण निश्चय नै अनौठो हो। वासनामा डुबेको बेला मेरो हातमा यति शक्ति हुन्छ कि म केही कुरालाई ध्वंस पनि गर्न सक्छु। साथै थाकेको बेला ममा यति शक्ति रहँदैन कि कामवासनाको विषयमा सोच्न सकूँ, त्यस बेला अध्यात्मवाद मेरो आँखामा नाच्छ। यस परिस्थितिमा बीचको बाटो कहाँ ? तिम्रो भनाइअनुसार त मैले पैंतीस–चालीसकी यस्ती आइमाईसँग विवाह गर्नुपऱ्यो, जसमा वासना ढलेको तथा धार्मिक प्रवृत्ति ब्युँझेको मनस्थिति होस्। योभन्दा हास्यास्पद त यो हुने थियो, यदि तिम्रो ध्येय हाँसो उडाउनु नै हो भने तिमी मलाई

भन कि म अविवाहित जीवन बिताऊँ। दिउँसो र बिहान चर्च धाऊँ तथा बेलुका र राति वेश्यागमन गरूँ?"

यति भनेर फ्रैन्क कापराले जसै हावामा चिह्न बनाएको थियो, हाँसोको बम फुटेझैं भयो त्यस हलमा।

सरकारी वकिलले आफ्नो बेइज्जत ठानेछ क्यारे, भन्यो– "जे होस्, भावनामा बग्नु मेरो काम होइन। तिमीमाथि जुन दोषारोपण गरिएको छ, त्यो तिमीले पनि सकारेपछि मेरो कर्तव्य यति हो कि चुप लागूँ र न्यायालयको न्यायलाई प्रतीक्षा गरूँ। मलाई अरू केही खोज्नु छैन।"

जुरीहरूको रायमा विचारविमर्श गर्न आधा घण्टाका लागि विश्राम दिइयो। जज–जुरी भित्र कोठामा पसे। त्यस आधा घण्टामा कतिचोटि फ्लासलाइट झिके, कस्तो सनसनी भयो, त्यो कोठामा– त्यो भन्नु बेकार छ।

जुरीको राय र बहुमतअनुसार जजले जो निर्णय त्यस बेला गरे, ती लाइनहरू यसप्रकार छन्–

"तथाकथित फ्रैन्क कापरालाई अध्ययन गर्न विभिन्न क्षेत्रका विशेषज्ञहरू खटिऊन् तथा तीन महिनाको अवधिपछि विशेषज्ञहरूले आफ्ना संयुक्त वक्तव्य यस न्यायालयमा पेस गरून् र त्यस अवधिसम्म फ्रैन्क कापरा पुलिसको रेखदेखमा अविवाहितझैं एक्लै स्वतन्त्र जीवन निर्वाह गर्न सक्छन् तर मुद्दा निर्णय नहुन्जेल यस क्षेत्रभन्दा बाहिर जाने अथवा मेरी फ्रैन्क र मार्गरेट कापरासँग अरूको उपस्थिति नभई भेट गर्न सक्नेछैनन्। त्यस तीन महिनाको अवधिमा न्यायालय आशा गर्छ, विशेषज्ञको त्यस कमिटीले यो छुट्याएर प्रमाणित गर्नेछन् कि फ्रैन्क कापरा कसको हो? त्यस अवधिसम्मलाई यो मुद्दा स्थगित गरियो।

*प्रगति, १०*

# आत्माको मीमांसा

क्रिसमसको रात थियो। आगोवरिपरि बसेर हामी काकालाई पर्खिरहेका थियौं; डिनरको बेला नाघेको धेरै बेर भइसकेको थियो। भ्याल जम्मै लाए पनि पर्दामा हावा ठक्कर खाइरहेको थियो। ओफ्! काकी भन्नुहुन्छ, "यस्तो जाडो पन्ध्र वर्षयता भएकै थिएन, न यत्तिको हिउँ नै परेको थियो।"

कोठामा हामी तीन जना थियौं– म, मेरी काकी र उहाँकी छोरी। काकी दुइटा कथा भनिसकेर अब स्वेटर बुन्न लाग्नुभएको थियो। हामी दाजुबहिनीचाहिं कुरा सिद्ध्याएर सोच्न थालेका थियौं। काका पुलिस इन्स्पेक्टर हुनुहुन्थ्यो तथा त्यस क्षेत्रमा उहाँको नाम थियो। हामीचाहिं काकालाई अर्कै रूपमा जान्दथ्यौं– उहाँ एक नम्बरको कथाकार हुनुहुन्थ्यो। पुलिसका विचित्र तथा रोमाञ्चकारी घटनाहरू उहाँ बडो रोचक तरिकाले सुनाउनुहुन्थ्यो।

त्यस दिन हामीले सोचेका थियौं– खाना भ्याइसकेर हामी कुनै डाँकुको दुस्साहसको कथा उहाँबाट सुनौला अनि हाम्रो यस वर्षको क्रिसमस सधैंझैं राम्ररी बिताउँला। दुःख त एउटै कुराको थियो– त्यस बेलासम्म उहाँ आउनुभएको थिएन। रेडियोमा ज्याज बजिरहेको थियो तर हामीमा नाच्ने भावना पटक्क थिएन। हामी सबै कुराबाट अघाइसकेका थियौं। पेटमा भोकले सताइराखेको थियो तापनि भोक लागेको छ भन्ने विचार मनमा यतिपटक आइसकेको थियो कि त्यसबाट पनि अघाइएको थियो।

त्यस्तैमा बाहिर टमको मायालु भुकाइबाट हामीले जान्यौं कि काका आउनुभयो। त्यसपछि उहाँको मिलिटरी बुटको गऱ्यामगऱ्याम आयो र हामी तीन जनाले आपसमा खुशीले मुखामुख गऱ्यौं। काकी कउचबाट उठ्न मात्र लाग्नुभएको थियो, कोठाको ढोका खोलेर काकाको साढे पाँच फिट अग्लो शरीर भित्र आयो।

हाम्रो मुखको उत्सुकता लक्ष्य गरेर काकाले भन्नुभो, "माफ गर, मैले धेरै बेर कुराएँ क्यार! एउटा जरूरी केसमा जानुपऱ्यो, आत्महत्या तथा पागलपन!"

हामीलाई थियो कि काकाले कुरा उप्काएपछि बीचमा बोल्नु हुँदैन। उहाँ आफैं त्यसलाई बताउँदै जानुहुन्छ। बस्, श्रोताको मुखमा उत्सुकता र आश्चर्यको भाव झल्किनुपर्छ।

काका भन्न थाल्नुभयो, "दिउँसो अकस्मात् टेलिफोन आयो कि डाक्टर सैन्डर्सले आत्महत्या गरे तथा उनका एसिस्टेन्ट बहुलाए। उनलाई थुनिराखेको छ। उता लास उठाएको छैन! घटनास्थलमा पुगेर देखें– डाक्टरले कञ्चटमै गोलीले प्वाल पारेछन्। आत्महत्याअगि उनले आफ्नो व्यवासायको सबै चाहिंदो प्रबन्ध गरिसकेका रहेछन्। प्रथमतः मैले बुझ्न सकिने उनलाई आत्महत्या गर्ने आवश्यकता नै के पऱ्यो र? अब तिमीहरू नै सोच– उनको प्राक्टिस प्रशस्त चलेको थियो। उनी मान्छे पनि घरानाले गरिब होइनन्। समाजमा इज्जत थियो। अब मानिसलाई चाहियो के? घर, धन, इज्जत– यो बीसौं शताब्दीमा! उनको देहको जाँच गरुन्जेल म यही सोचिरहेको थिएँ। एकाएक मेरो मनमा एउटा विचार आयो– कोही मानिस जन्मदेखि बहुला हुन्छन्, कोही उमेरका साथ बहुला बन्दै जान्छन्। पहिलोको उपाय छैन, दोस्रोको ज्ञान हुँदैन, हाम्रो डाक्टर... !"

खैर जम्मै कुरा पत्ता लाग्यो, जब म उनका सहायक डाक्टरलाई भेट्न गएँ। मलाई देख्नासाथ ऊ –सायद उसको नाम चेपम्यान हो, अल्बर्ट चेपम्यान– करायो, "डाक्टर यहाँ छ, मलाई ऊसँग कुरा गर्न दिनोस्।" उसको बहुलट्ठीपनको अब कुनै शङ्का रहेन तर मलाई उसमाथि माया लाग्यो। बिचरा! ऊ आफ्नो मालिकलाई अत्यन्त चाहँदो रहेछ र उसको

आकस्मिक मृत्युमा उसले त्यो आघात सहन सकेन। मैले सोधें, "तिमीलाई कसरी थाहा भयो कि ऊ यहीं छ। डाक्टरले आत्महत्या गरेर ज्यान दिएको होइन ?"

"हो, मलाई थाहा छ तर उसको आत्मा यहीं छ। ऊ मसँग कुरा गर्न चाहन्छ। उसको अन्तिम इच्छा यही थियो। इन्स्पेक्टर, तपाईं मलाई मद्दत गर्नुहोस्। तपाईंमाथि म मनोबलको प्रयोग गरेर उसको आत्मालाई बोलाउन चाहन्छु। म ऊसँग कुरा गर्न चाहन्छु।"

"मरेको मान्छेले पनि कुरा गर्छ र ?"

"गर्छ, इन्स्पेक्टर ! तपाईंलाई थाहै छैन तर गर्छ। यो हामीले सिद्ध गरिसकेका छौं। तपाईं बस्न त बस्नुहोस्।"

म सायद हाँसिदिएँ। उसले भन्यो, "इन्स्पेक्टर, यो हँसीको कुरो होइन। जुन कुरा प्रयोग गरेर सिद्ध गर्न आज डाक्टरले आफ्नो ज्यानको बाजी लगाए, त्यसलाई सफल हुन दिइयोस्। यो सफल भयो भने यस युगलाई हाम्रो एउटा महान् देन हुनेछ। हामी विचित्र किसिमले सत्य पत्ता लाउनेछौं। ...तर तपाईंको आँखामा अविश्वास तथा असम्भव झल्किरहेछ। तपाईं पनि मलाई बहुला ठानिरहनुभएको छ। ...अफसोच, तपाईं बुझ्नुहुन्न, हामीले मनोविज्ञानमा कहाँसम्म प्रगति गरिसक्यौं। हामी...।"

उसले बीचैमा कुरा काटेर खल्तीबाट एउटा चिठी झिक्यो। भन्यो, "हेर, डाक्टरले मलाई दिएर गएको आदेश ?"

चिठी मैले लिएँ। पढे। ल हेर, त्यो चिठी मसँग यहीं छ–

*प्रिय चेपम्यान !*

*यस चिठीलाई तिमी मेरो आत्महत्या साबित गर्न अर्को ठोस प्रमाणको रूपमा पेस गर्न सक्छौ। आशा छ, मौका आयो भने तिमी चुक्ने पनि छैनौ म अन्त नलागी कामका कुरामा आउँछु।*

*तिमीमाथि मेरो मनोबलको प्रयोगअनुसार आज म यस निष्कर्षमा पुगेको छु कि हाम्रो शरीर नाश भए पनि हाम्रो आत्माको विनाश हुँदो रहेनछ। एउटा अन्तरिम समयसम्म, जबसम्म हामी अर्को शरीरमा पसी जन्म लिंदैनौं, हामी यही पृथ्वीकै वातावरणमा घुमिरहँदा रहेछौं। हाम्रो आत्मा एउटा यस्तो माध्यम पाउने कोसिस गर्दो रहेछ, जसबाट ऊ फेरि आफ्ना बान्धवसँग आफ्नो अतृप्त आकाङ्क्षा पूर्ति गर्न सकोस्। तर उसका क्षेत्र बिलकुलै लघु हुँदा रहेछन् तथा उसको प्रदेशको वातावरण ज्यादै गाह्रो हुँदो रहेछ। एउटा कुनै मृतात्माको सम्पर्क, उसले चिनेका पुराना तथा नवीन एक–दुईसँग मात्र हुँदो रहेछ। तिमीलाई समाधिस्थ गरेर तिम्रो शरीरमा अर्को आत्माको प्रवेश गर्दा जहिले पनि तिम्री मृत पत्नीले बाधा दिन्थी। ऊ अरूलाई आउन दिन चाहन्नथी तैपनि अरू नयाँ मानिसलाई समाधिस्थ गरेर यो प्रयोग गर्ने मौका नपाउँदा पनि, मेरो यो धारणा भएको छ कि यदि हामीले पढेलेखेको कुनै व्यक्तिको आत्मासँग सम्बन्ध स्थापित गर्न सके एउटा ठूलो रहस्य पत्तो लाग्ने थियो।*

*तिमीलाई मेरो प्रयोगको प्रणालीको ज्ञान छ– कमसेकम कथाको भरमा। तिमीले मलाई राम्ररी चिनेका छौ। मरेपछि –माफ गर, म आत्मामा लीन भएपछि– तिम्रै वरिपरि बस्नेछु। तिम्रो कर्तव्य हुनेछ, आफ्नो मनोबलको जोडले कुनै मानिसलाई समाधिस्थ गर्नु। म तिम्रो आह्वानमा उसको शरीरमा प्रवेश गर्नेछु तथा उसको माध्यमबाट तिमीले मसँग प्रश्नहरू गरे, म त्यसको उचित जबाफ दिने प्रयत्न गर्नेछु। एउटा कुरा याद राखे, तिमी मलाई आह्वान गर्न नचुके, नत्र त मेरो यत्रो प्रयास बेकार जानेछ।*

*तिम्रो सहायतार्थ म मेरो कापीमा चाहिने वर्णनका साथै प्रश्नावली पनि तयार पारेर मात्रै बदलिनेछु।*

*मेरो प्यार, फेरि भेट नहुन्जेल !*

*तिम्रो मित्र*
*सेन्डर्स*

यति पढेर मैले चेपम्यानको मुखमा हेरें। ऊ मेरो मुखमा 'एक्स–रे'का आँखाले हेरिरहेको थियो। उसले भन्यो, "तिमीलाई अझ पनि विश्वास लाग्दैन? हो, नवीन आविष्कार हुँदा जहिले पनि आविष्कारकलाई जनताले मूर्ख तथा पागल भन्यो। न्युटनलाई पनि त्यसै भने, आज तिमी हामीलाई पनि त्यसै भन्छौ। हामीले यो प्रयोग सफल गर्यौं भने थाहा छ, हामी संसारको कत्रो भलो गर्न सक्नेछौं? आज हाम्रा चसर, सेक्सपियर, वायरनजस्ता कविहरूलाई बोलाउन पाए उनका कविताको शुद्ध अर्थ लाग्ने थियो। न्युटन वैज्ञानिकलाई आत्माको माध्यमबाट भेट्न सके अझ नयाँ कुरा पत्तो लाग्ने थियो। यिनको के कुरा, तिमी इन्स्पेक्टर होइनौ? सोच त, पुराना कुख्यात डाँकुहरूको पत्तो नलागेका घटनाक्रम उनीहरूकै मुखबाट सुन्न पाए देशको पनि कति भलो हुने थियो।"

म ट्वाल्ल परेर उसको मुखमा परिवर्तन भइरहेका भावहरू निरीक्षण गर्दै रहें। मनमा लाग्यो, अपढ मान्छे बहुलायो भने आफैँ मात्र बहुलाउँछ, विद्वान् बहुलायो भने अरूलाई पनि बहुला पार्छ। मैले सोधें, "डाक्टरका प्रयोगहरूको वर्णन कहाँ राखिएको छ?" उसले आफ्नो प्यान्टबाट साँचोको झुप्पो फ्याँक्तै भन्यो, "उसको प्रयोगशालाको दराजको तल्लो खण्डमा हरियो जिल्दको कापीमा छ।" साँचो लिएर मैले त्यो कापी हात पारें। साँच्चि नै त्यसमा त्यस्ता विचित्र घटनाहरू विस्तारपूर्वक वर्णन गरिएका छन्। एकचोटि त मलाई लाग्यो– "यो सत्य हुन सके संसारको रूपै बदलिने थियो। आजको भ्रष्टाचार र पाप जो पनि गर्न डराउँथ्यो होला।"

कफीको कप अगाडि तान्दै काकाले भन्नुभयो, "तिमीहरूलाई झर्को लागेको छैन हगि! नत्र म डाक्टरको कापीको केही भाग पढेर सुनाउँछु।" यति भनेर उहाँले

ओभरकोटको खल्तीबाट हरियो रङको कापी झिक्नुभयो।

अगेनाको वरिपरि बसेर हामीले त्यस बेला सुनेको म जस्ताको त्यस्तै दिने प्रयत्न गर्छु। डाक्टरले मिति र समयका साथै त्यस कापीमा यसरी लेखेका छन्।

**जुलाई १३**

*आज एउटा विचित्र केस मेरो सामुन्ने आयो। एउटा बिरामी हेर्न गएँ। पचास वर्ष पुग्न लागेकी त्यस विधवा बूढीलाई काम छुटेको रहेछ। ऊ बडबडाइरहेकी थिई। उसको बोलीमा एउटा कुनै यस्तो घटनाको अस्फुट वर्णन थियो कि उसका घरका जहानहरूले उसलाई बहुलाही भन्ने ठानेछन्। ऊ आफ्नो व्यतीत जीवनको कुनै घटनाको वर्णन गर्दै थिई। म कागज लिएर टिप्न थालें– "दिनभरि खोजें तैपनि पाउन सकिनँ। मेरो सुद्धि के भयो कुन्नि, प्रिय! मैले नेकलेस कहाँ राखें कहाँ, अहिले पटक्क सम्झना छैन।" आधा घण्टाको परिश्रमपछि जब म बूढीलाई होसमा ल्याउन समर्थ भएँ, ऊ आफू बिरामी भएको सुन्दा आश्चर्यमा परी। तर, उसले सकारी कि त्यस आधा घण्टाभित्र के भयो, त्यसको ज्ञान पटक्क छैन। सिर्फ जीउ एकदमै थाकेको अनुभव भइरहेथ्यो रे! उसले भनी कि यस्तो थकाइ उसलाई कहिल्यै पनि लागेको थिएन। साँच्चि नै, उसको निधारमा परिश्रमको पसिना जमेको थियो। जब मैले नेकलेसको कुरा उठाएँ, ऊ आश्चर्यमा परी। उसले भनी, "हो करिब पन्ध्र वर्षअगाडि मेरो एउटा नेकलेस हराएको थियो। त्यस बेला मेरा पति जनरल स्टोर्समा सेल्सम्यान थिए। तर, डाक्टर यो कुरा तिमीले कसरी थाहा पायौ? यो कुरा कसैलाई भनेकी पनि छैन। सिर्फ मेरा पति तथा म नै जान्दथ्यौं।" मैले हाँसेर भनेथें– "तिमीले स्वयम् हडबडाएर यो कुरा मलाई भन्यौ।"*

*यी कुरा साधारण देखिन्छन् तर मेरा निम्ति यो झन्डै जीवनको नयाँ मोड नै हो। यस घटनाले मलाई सोच्न बाध्य गरायो कि पन्ध्र वर्षअगाडिको कुरा उसको मनमा किन आयो र आयो पनि यसरी कि उसलाई त्यसको ज्ञान नै छैन? मैले मनोविज्ञानका किताब पढ्न थालें।*

## जुलाई १५

*अस्तिको घटना मनोविज्ञानको माध्यमबाट यसरी विश्लेषण गरें कि सायद त्यो ठीकै होला। मनुष्यका मानसिक सतह तीन किसिमका हुन्छन्– सचेत, अर्धचेत र अचेत। सचेत अवस्थामा हाम्रो वर्तमानका घटना तथा विचारहरू प्रवाहित भइरहेका हुन्छन्। त्यसभन्दा मुनि हामीलाई जरुरतमा चाहिने तथा चाहिने बेलामा तुरुनत झिक्न सक्ने घटनाहरूको सम्झना रहन्छन्। त्यसभन्दा मुनि हाम्रो मस्तिष्कले बेकार ठानेको तथा भुल्नुपर्ने कुराहरू सङ्गृहीत गरी राखिएका हुन्छन्। फ्रायडले यसको उपमा बडो सुन्दर ढङ्गले लेखेका छन्– मस्तिष्कलाई हामी एउटा यस्तो घर मानौं, जसमा तीन कोठा लहरै छन्। सचेत कोठामा विचार एउटा मालिकझैं बसेको छ। त्यसको ढोकासँग जोडिएको कोठामा अर्धचेत एउटा पियनझैं। विचारलाई भेट्न चाहने घटनाहरू अर्का कोठामा थुप्रिएका छन्। आफ्ना मालिक विचारको आज्ञामा अर्धचेत पियन अचेत मानिसहरूलाई भेट्न लाग्दछ।*

*यो त भयो मनोवैज्ञानिक विश्लेषण। तर, त्यस विधवा बूढीमा अचेत भइसकेको पन्ध्र वर्षअगाडिको त्यस घटनालाई त्यस दिन त्यस बेला उसको अज्ञानमा विचारले कसरी भेट दियो र किन?*

*मेरो खोज यहाँबाट शुरु भयो। अहिले मेरो मनमा यी प्रश्न व्याप्त छन्–*

*१. बुढीलाई आफ्नो त्यस अवस्थाको ज्ञान किन भएन?*
*२. उसलाइ थकाइ किन लाग्यो कि ऊ ओछयानमै पल्टिरहेकी थिई?*
*३. के कुनै बाहिरी शक्तिको प्रभावमा परेर?*
*४. अथवा कुनै यस्तो घटना भयो, जसले उसको त्यो पुरानो विचार जगाइदियो?*

## जुलाई १८

*बूढीको घरमा आज गएँ। कुनै कल थिएन तर मेरो आफ्नै उत्सुकता– भेट्नु थियो। त्यहाँ पत्ता पाएँ कि १२ तारिख रहेछ, उसको पतिको पाचौं मृत्यु तिथि! सायद बूढी आफ्नो मृत पतिको सम्झनामा लीन भइछ तथा त्यसैबाट समाधिस्थ हुन पुगी। समाधिस्थ हुँदा हाम्रो मस्तिष्कको सचेत सतह सुषुप्त अवस्थामा हुन जान्छ तथा अचेत सतह क्रियाशील हुन्छ। अहिले एउटा विचार मेरो मनमा आइरहेछ। आफ्नो मनोबलको प्रयोगद्वारा यदि मैले कसैलाई समाधिस्थ गर्न सके म पनि उसको व्यतीतका घटनाहरू खन्न सक्छु? भोलि बिहान मेरा सहायक डाक्टर चेपम्यानमाथि म आफ्नो प्रयोग गर्नेछु।*

**जुलाई १९**

*आश्चर्य! जे सोचेको थिएँ, त्यसभन्दा विचित्रसँग अर्को रहस्य थपिन आयो। बिहान मैले सर्वप्रथम चेपम्यानलाई आफ्नो मनोबलको प्रयोग गरें। मेरो आँखामा हेर्न लगाएर उसको सचेत अवस्थालाई बिर्सने आदेश दिएँ। उसको जीउ लुलो हुँदै गयो तथा ऊ कउचमा ढल्यो। मैले सोधें, "चेपम्यान! तिमी कहाँ छौ?"*

*जबाफ पाएँ, "आफ्नी पत्नीसँग।" म झस्कें। उसकी पत्नीको देहान्त भएको दश वर्ष भइसकेको छ। कागजमा म प्रश्नहरू थप्तै थिएँ, साथै उसको जबाफ पनि।*

*"तिम्री पत्नी को?"*

*"मेरी प्रिया एलिनर।"*

*"तिनी कस्ती छन्?"*

*"ओह, डाक्टर! गुलाबी रङको क्रममा मेरी पत्नी एकदमै सुन्दर देखिन्छिन्। उनी मसँग तिम्रो परिचय माग्दै छिन्।" यसपछि चेपम्यानले परिचय गरायो। भन्यो, "यी हुन् मेरा मालिक अर्थात् डाक्टर हेनरी सेन्डर्स; अनि यिनी मेरी पत्नी एलिनर चेपम्यान!" एउटा मधुरो स्त्री स्वरले मसँग "हाउ डु यु डु" भन्यो। आफ्नो आश्चर्य सम्हाल्न*

*पाइसकेकै थिइनँ, त्यो स्त्री स्वरले भन्यो, "अपसोच, डाक्टर! तिमीसँग मेरो पहिले परिचय हुने सौभाग्य मिलेन, नत्र मेरो पुत्र त्यसरी मर्ने नै थिएन।"*

*"तिम्रो पुत्र?"*

*"तिमीलाई थाहा छैन, डाक्टर! ऊ अत्यन्त राम्रो थियो। म उसको नाम रबर्ट राख्न चाहन्थें।"*

*"ऊ कुन रोगले मऱ्यो?"*

*"रोगले होइन, मसँगसँगै भऱ्याङबाट लडेर।"*

*"चेपम्यान अहिले कहाँ छ?"*

*"म यहाँ छु डाक्टर, मेरी पत्नीसँग धेरै दिनमा भेट भएको जस्तो लाग्छ।" यसपछि अचेत चेपम्यानको जीउ चलमलायो। एउटा लामो सुस्केरा हालेर उसले बिस्तारै आँखा खोल्यो। मतिर हेरी आँखैले हाँस्ने प्रयत्न गयो। उसको अनुहारमा श्रमको छाप थियो। एक गिलास ब्रान्डी अगाडि सार्दै मैले भनें, "यो खाऊ!" र एकक्षण सुस्ताएपछि मैले सोधें, "तिमीलाई अहिले केही सम्झना छ?"*

*"अहँ, सायद म घोर निन्द्रामा परेको थिएँ।"*

*मैले सोधें, "तिमीलाई यस बेला कसरी निन्द्रा लाग्यो?"*

*"थाहा छैन? एकाएक आँखा झप्किँदै गए र म निदाएछु क्यारे!"*

*मैले हाँसेर भनें, "तिमी समाधिस्थ थियौ।" अनि सोधें, "चेपम्यान! तिम्रो छोरा रबर्ट कुन उमेरमा मऱ्यो?" उसले आश्चर्य मानेर मसँग प्रश्न गऱ्यो, "मेरो? कहिले पनि छोरो*

हुँदै भएन मेरो!" यो जबाफमा म खूब आश्चर्यमा परें। मैले सोधें, "तिम्री स्वास्नीको नाउँ एलिनर होइन?"

"हो।"

"उनको देहान्त कसरी भयो? भऱ्याङबाट लडेर होइन?"

"हो।"

"त्यस बेला उनले छोरो डोऱ्याएकी थिइन्?"

"अहँ, मैले भनें नि हाम्रो कुनै छोरो भएकै थिएन।" यहाँनिर मेरो मगज चकरायो। एकचोटि मैले त्यो प्रश्नावली फेरि दोहोऱ्याएँ। अकस्मात् मेरो मनमा एउटा विचार आयो। एलिनरले जबाफ दिएकी थिइन्– "मसँगै भऱ्याङबाट लडेर मऱ्यो। यसले यो अर्थ लाग्छ कि रबर्ट साथमा हुनै पर्छ। अनि?" मैले सोधें, "त्यस बेला के एलिनर गर्भवती थिइन्?"

"होहो, थिई तर चार महिनाको; तर त्यो छोरो नै भन्ने के थाहा?"

मैले भनें, "तिम्री पत्नीले मलाई भनिन्। तिमी समाधिस्थ हुँदा उनले मसँग कुरा पनि गरिन्।"

अहिले यी प्रश्नहरू मेरा मगजमा घुमिरहेछन्।

मृत स्वस्नीको आत्मा कसरी चेपम्यानमा प्रवेश गऱ्यो? के आत्मा भन्ने चिज छ? छैन भने उनको स्वर कसरी सुनियो? छ भने के फेरिफेरि पनि बोलाउन सकिन्छ? किताब पढेर यो कुरा थाहा पाएँ– हुन सक्छ चेपम्यानको अचेत मस्तिष्कमा ती घटनाहरू सङ्गृहीत थिए। समाधिस्थ भएको बेला विचारहरूले सचेत हुने मौका पाए र माथि आए। उसकी स्वास्नीको बोलीको हकमा कानले जस्तो सुनेको थियो, जिभ्रोले उस्तै बोल्ने कोसिस गऱ्यो। त के अचेत अवस्थाका विचारहरू यति प्रभावशाली हुन्छन् कि ती

*हाम्रा इन्द्रियहरूलाई कन्ट्रोल गर्न सक्छन्। यो घटनाको मनोवैज्ञानिक विश्लेषण यही हुन सक्छ तर फेरि एक ठाउँमा चेपम्यानले भनेका थिए– "पत्नीसँग धेरै पछि भेट भएको छ।" यसबाट के चेपम्यानको अचेत अवस्थाको समय तथा उसकी पत्नीको बोलीको भिन्नता झल्केन?*

*अर्को समस्या जुन मेरो मनमा जागरुक थियो, त्यो हो, जब चार महिनाको गर्भ थियो, यो 'छोरो' तथा 'रबर्ट' नै भन्ने कुरा कहाँबाट उठ्यो?*

*धेरै बेर सोचेपछि यो समाधान गरें– पत्नीसँगको व्यक्तिगत सहवासमा चेपम्यानको अचेत मस्तिष्कले एलिनरको अचेत मस्तिष्कबाट त्यो कल्पना टिप्यो र यसको ज्ञान दुवैलाई भएन। हुन सक्छ, पत्नीको मनमा छोरो पाउने तथा त्यसको नाम रबर्ट राख्ने उत्कट अभिलाषा थियो। उसले पतिलाई त्यो कुरा सचेत मस्तिष्कले नबताए पनि अचेत मस्तिष्कबाट बताइहोली अनि त्यो विचार यतिका दिन सङ्गृहीत भइरह्यो। आज मौका पाएर त्यो विचार आफैँ माथि आउने प्रयत्न गर्‍यो, त्यस प्रयत्नमा उसले सहयोग पायो, वातावरण तथा अचेत अवस्थाको अरू विचारसँग।*

*यो त भयो वैज्ञानिक विश्लेषण तर... यसको अर्को दृष्टिकोण पनि त हुन सक्छ। यो उसकी पत्नीको आत्मकै प्रवेश पनि त हुन सक्छ।*

*या त यो आत्माको प्रवेश नै हो या व्यतीतका घटनाको आधुनिक संस्करण! यो पत्तो लगाउनु छ।*

**जुलाई २०**

*आज पनि चेपम्यानमाथि प्रयोग गरें। आज पनि उसकी पत्नी आई। मैले सोधें, "रबर्ट तथा तिम्रो मृत्यु एकै समयमा भएको होइन? अनि रबर्ट कहाँ छ?"*

*"डाक्टर, यसलाई मृत्यु नभन। यो त एउटा चेन्ज हो। तिमीले यसलाई मृत्यु भन्यौ भने म मन पराउनेछैन।"*

*"माफ गर! म रबर्टको बारेमा सोधिरहेको थिएँ। ऊ कहाँ छ?"*

*"मलाई थाहा छैन। म त पतिको प्रेमले गर्दा अर्को जन्ममा जान मन पराइनँ। के थाहा, फेरि भेटघाट होस्, नहोस्।"*

*"पति खोइ आज?"*

*"आज आएन?"*

*"तिमी एक्लै छौ त?"*

*"एक्लै! के सिल्ली कुरा गरेको? यस लोकमा एक्लै? यहाँ असङ्ख्य छन्। म चिन्दिनँ। ओह! डाक्टर, एक हूल आइरहेछन्। पख, हेम्पसायरमा रेल दुर्घटना। ओह! म अहिले जाऊँ है!"*

*यसपछि उसको स्वर नै बन्द भयो। कति कोसिस गर्दा पनि न चेपम्यान बोल्यो, न उसकी पत्नी बोली।*

*चेपम्यानलाई सचेत पारेर हामी यही विषयमा छलफल गर्दै थियौं, अखबार आइपुग्यो। त्यसमा हेडलाइन नै हेम्पसायरमा रेल दुर्घटना भएर हजारौंको ज्यान गएको खबर रहेछ।*

*हामीलाई सोच्ने यो एउटा नयाँ क्षेत्र थियो। के चेपम्यानकी पत्नीले कुरा गरेको रेल दुर्घटनाको सम्बन्ध यसैसँग छ? के साँच्चि नै आत्मा भन्ने कुरा छ त?*

*सब कुरा विचित्र छ। मनोवैज्ञानिकका किताबहरू दिनभर पढिरहें। त्यसबाट यो निष्कर्षमा पुगें, जुन बेला म चेपम्यानलाई समाधिस्थ गरिरहेको थिएँ। हुन सक्छ, त्यस*

*बेला तल सडकमा रेल दुर्घटना भनेर चिच्याइरहेको अखबार बेच्नेको स्वर उसको कानमा (अथवा मेरै नै) पऱ्यो होला। अनि अतीतका घटनाहरूसँग मिसिएर त्यो पनि बाहिर निस्क्यो। या यो पनि हुन सक्छ कि चेपम्यान मकहाँ आउँदा कुनै पसलमा अखबारको हेडलाइनमाथि आँखा परेको हुनाले उसको मस्तिष्कले त्यो घटना आवश्यक नठऱ्याई अचेत खानामा पठाइदियो होला। अनि समाधिस्थ समयमा उसका अचेत विचारहरूसँग मिसिएर त्यो सानो घटना उसकी स्त्रीको बोलीको माध्यमबाट आयो होला।*

*यो लेखिरहँदा अनायास एउटा प्रश्न मेरो मनमा आयो– के जस्तो छाप हाम्रो मनमा परेको छ, त्यसको भिन्न रूपमा त्यो प्रकाशमा आउँछ? यसको उत्तर विकृत सपनाका दृष्टान्तबाट दिन सकिन्छ! सिग्मन्ड फ्रायडले लेखेका छन्– "तर पुरूषमा बढी गहनता हुन्छ र त्यसले गर्दा अहम्भावका आन्तरिक क्रियाहरूपछि सचेत मस्तिष्कमा गुण ग्रहण गर्न सक्छन्। यो गहनता बोलीको त्यस क्रियाशीलताबाट उत्पन्न हुन्छ, जसबाट पछि 'अहम्'का संस्कार चक्षु, अझ खास गरेर शब्द ग्रहण गर्ने सम्झनाका लहरमा लहरित हुन्छन्। तथा तिनमा पूर्णतः मिसिन जान्छन्। यसरी, यो मूल धार कि– 'सम्झना=सत्यता' (वाह्य जगत्) अब निराधार भयो। यसमा भूलहरू पनि समावेश हुन सक्छन् र साँच्चै नै ती सहजै समावेश पनि गर्दछन् –हाम्रा सपनाहरूमा– र तिनलाई हामी भन्छौं– 'विकृत स्वप्न!'*

*त उसको सम्बन्धमा यो पनि घटेको हुन सक्छ। यो सब लेख्ता कताकता मनमा यो कुरा ठक्कर खाइरहेछ कि संसारका प्रत्येक वस्तुको मीमांसा वैज्ञानिक तथा अङ्क गणितका नियमबाट गर्न सकिन्छ। अङ्क गणितमा दुइटा 'छैन' मिलेर छ पनि हुन सक्छ -- x-=ं)। तर जो छैन, त्यो कहिल्यै पनि थिएन; जो छ, त्यो सदा रहन्छ। यो हाम्रो आत्मविज्ञानको मूल मन्त्र। कुनै वस्तुको प्राकृतिक रूप बदलिन सक्छ तर त्यो रहन्छरहन्छ। जस्तै; गोल जलेर विभाजित भई ग्याँसमा परिणत हुन सक्छ। तर जुन गोल थियो, त्यो प्राकृतिकरूपमा परिणत भएर अहिले पनि छ– खरानी तथा विभिन्न ग्याँसमा त्यसलाई रसायन क्रियाबाट फेरि गोल पनि पार्न के असम्भव?*

*त आत्मा...*

*यहाँनेर बुद्धि चकराउँछ!*

हुन पनि काकाले यी कुरा पढुन्जेल हाम्रो पनि बुद्धि चक्कर खाइरहेको थियो। काकाले भन्नुभयो, "यसरी प्रयोगमाथि प्रयोग गरे डाक्टरले।" उनले धेरै कुराको अनुभव गरे, जस्तै; चेपम्यानले आफ्नी पत्नी बोलेको बेला चुरोट खान इन्कार गरे। आफू बोलेको बेला चुरोट मागे। पत्नीको बोलीमा शुद्ध तालसुरमा गीत गाए, आफू बोलेको बेला गाउनै जानेनन्। डाक्टर सेन्डर्सको उत्सुकता बढ्दै गयो र अन्त्यमा उनले लेखेछन्–

**डिसेम्बर २४**

*चेपम्यानकी पत्नी अरूसँग कुरा गर्नै दिन्न। अरू माध्यमबाट डाक्न खोज्दा ऊ बीचमा आएर जम्मै कुरा भताभुङ्ग पारिदिन्छे। हिजो मलाई भन्थी, "तिमीजस्तो साथी पाए पनि यहाँ रमाइलो हुने थियो।" त्यस बेला उसको मतलब नराम्रो लाग्यो। तर जतिजति यस कुरामा मनन गरिरहेछु, उति मेरो यो विचार दृढ हुँदै गइरहेछ कि म स्वयम् चेन्ज भएर चेपम्यानसँग कुरा गर्न सके सबै रहस्योद्घाटन हुने थियो। आत्महत्या गर्नै पऱ्यो। ठीक हो, भोलि क्रिसमस पनि छ; भोलि नै!*

*चेपम्यानलाई लेखेर जान्छु कि उसले तलका प्रश्नहरू सोधोस्–*
*१. म कुन किसिममा छु, मेरो देहको वर्णन, स्थान, वातावरण तथा बाटोको यात्रा।*
*२. रेडियो र टेलिभिजनको असर।*
*३. अनुरोध छ कि मेरो आत्मा बोलिरहँदा फिल्म खिचियोस् र रेकर्डिङ होस्।*
*४. संसारका महापुरूषहरूसँग भेट्ने कोसिस।*
*५. इतिहासका अस्पष्ट घटनाहरूको मीमांसा।*
*६. म मेरा आत्मीयहरूलाई भेट्छु कि?*

*चेपम्यान! यो तिमीलाई तिम्रो मालिकको हैसियतबाट हुकुम हो– तिमी मेरो चेन्जपछि यी कुरा सोध्नेछौ।*

काकाले भन्नुभयो कि कसरी मनोविज्ञानका किताबहरूको घेरामा डाक्टरले आत्महत्या गरे।

मेरी बहिनीले सोधी, "चेपम्यान नि बा?"

"उसलाई पागलखाना पठाइयो। पछि त ऊ मान्छे नै मारुँलाजस्तो गर्न थाल्यो...!"

हामी छक्क परेर हेरिरह्यौं। मैले भनें, "यो कापी नि?"

काकाले भन्नुभयो, "यो पुलिस थानामा अहिले रहनेछ। कुनै त्यस्तै मनोवैज्ञानिककहाँ विश्लेषणका लागि पठाइनेछ।"

घडीमा बाह्र बज्यो।

काकीले उठेर भन्नुभयो– "क्रिसमसको शुभेच्छा!"

*प्रगति ८*

# काथर

"चार पैसाको सुपारी देऊ।"

"हवस्, लानुस्।"

"पोको पारेर देऊ न!"

काठमाडौं आएको धेरै दिन भएको थिएन। घुमेर घर फर्कने बेलामा सुपारी किन्ने विचारले त्यस पसलमा उभिएँ। उसले पोको पारेर दियो। घर गएर सुपारी झिक्न लाग्दा देशी कागजमा बडो सुन्दर अक्षरमा केही लेखेको देखेर मैले पढें, मनमा एक किसिमको विद्रोह जलिरहेछ, देशको हरेक कुनामा घरघर जलिरहेछन् मचाहिं...

दगुर्दै गएर पसलेलाई भने, "त्यो कापी लेऊ।"

मेरो उत्सुकतामा उसलाई आश्चर्य भयो र मेरो गम्भीर बोलीले सायद उसलाई असर पनि पऱ्यो। हातमा लिएर मैले सोधें, "त्यसबाट तिमीले यो कागज च्यातेको होइन? म त्यो कापी किन्छु, ल्याऊ।" मैले एउटा मोहोर उसको अगाडि फालिदिएँ।

त्यसमा कसैको नाम रहेनछ। सायद कुनै नवयुवकका डायरीका केही पाना रहेछन्। बीचमा त्यसै शुरु...

"त्यत्रो मानिसले आज आफ्नो धनदौलत सब छाडेर हिंड्यो, किन? आफ्नो स्वतन्त्रताका लागि। उसलाई के कमी थियो र? केही कमी थिएन र सायद त्यसैले

उसलाई पैसाले टोक्यो– ...म भोको छु, गरिब छु। मैले आज केही बोल्न खोजें भने पनि त्यो बेकार हुन्छ किनकि मेरो मुखमा सुनका दाँत छैनन्। तर मलाई एउटा कुरामा साह्रै आश्चर्य लागिरहेछ। सबै उसलाई बिदा गर्न गएका थिए– त्यत्रो चउरमा टाउकै टाउका। पैसा भएकाले धनदौलत छाडे भने त्यो किन ठूलो कुरा गरिन्छ? हामीसँग त झन् कहिल्यै पनि हुँदै हुँदैन तैपनि हामी ठूला किन गनिंदैनम्? ...उसको जय मनाउँथे सब। उसकै नारा थियो सबको मुखमा। नारा 'इन्कलाब जिन्दावाद!' त्यो शब्दमा कुन जादू छ कि मेरो मुटु चिसिएर जान्छ। कताकता, के सिरिङ्ग गर्छ। ...पुलिसले रामलाई समात्यो। मेरो साथीको मुख घाम या उत्तेजना केले हो रातो थियो। मेरो मुखमा हेरेर उसले मलाई सोध्यो, "तेरो शरीरमा के रगत हुँदैन?" म हाँसिदिएँ, एक खोक्रो मुस्कान। ...रगत बन्ने अन्न खै पेटभरि परेको र समयसमयमा? साँच्चि नै ममा रगत छैन।

"लडाइँ छिड्यो रे लडाइँ? कैयौं मानिस मर्दा हुन्, गोलीको स्वाद पाएर। मूर्खहरू! जीवन मर्नेका निम्ति जस्तो ठान्छन्। यहाँ हामीलाई बाँच्न कति गाह्रो छ। तिनीहरूलाई भने मर्न सजिलो रे! अचम्म! ...कान्छीलाई ज्वरो आएको छ– औषधि छैन ख्वाउन। पैसा छैन किन्न। हामी पनि भोकै छौं। आमा भोकै, सानो भाइ भोको र भोक मेट्ने कुनै साधन छैन। जीवन अड्याउन खानेकुरा छैन र तिनीहरू खान पाएर पनि मर्न तम्सिरहेछन्। किन?"

***

"...पैसा सापट माग्न भनेर हिंडे तर को दिन्थ्यो? मानिसमानिसबीच विश्वास छैन। विश्वास पनि बिकिरहेछ।" यही सब सोचेर हिंडिरहेथें। पछाडि एउटा मोटर आएछ। सुनिनँ। करायो ड्राइभर, "ए, बहिरो भइस्।"

बहिरो? आँखा उठाएर हेरें– पाउडर, क्रिम र हीरामोतीले मुख र जीउ छोपेका पुतलीहरूमा आँखा पर्‍यो। ढुङ्गामा यत्तिको प्रेम छ कसैको। हामीचाहिं अन्नलाई प्रेम गर्न पाउँदैनम्।

सिनेमातिर गएर मोटर अड्यो। हामी भोकै छौं। घरमा कान्छी बिरामी छे, सानो भाइ रोइराखेको होला। आमा राम्रो आँखा देख्नुहुन्न। यो सबै नसुनेर, नदेखेर फिल्म हेर्न जाने बहिरा कि, म बहिरो? यो सम्झिँदा जीउमा करोडौं सियो रोपिन्छन्, मानौं कोही भन्छ, चेत, अझ चेत! ठीकै भन्थ्यो– मेरो शरीरमा रगत छैन, चेत्ने शक्ति पनि छैन! के चेत्ने, के कराउने? ...घर फर्केर आउँदा भाइले मेरो मुखतिर खूब आशाले हेर्‍यो। सायद केही ल्यायो भनेर होला। तर... तलब आउँदैन, अझ २–३ गते नभई र सायद माग्न सकिने पसल कुनै बाँकी छैनन्। 'छैन' भन्न मुख बाउन खोजेथें तर त्यो शक्ति भएन कि भाइसँग आँखा जुधाऊँ। कत्रो कमजोरी!

***

...आज पनि जुलुस निस्क्यो। अस्तिअस्ति नै जस्तो मलाई आज किन डर लागेन? म पनि नारा लगाउँदै पछिपछि लागें। तर, अरूको जस्तो स्वर मेरो किन ठूलो छैन। लाजले होइन तर यस्तो लाग्छ कि कसैले मेरो घाँटीको प्वाल स्यानो पारिदियो। म चिच्याउन चाहन्थें, आवाज आउँदैनथ्यो। असन पुग्दानपुग्दा मैले सम्झें– हाकिमको घर त्यहीं छ, उसले देख्यो भने? मेरो जागिर हिंड्छ। जागिर हिंड्यो भने? अरू अगाडि सोच्नुभन्दा पहिले म छेडोपट्टि लागिसकेको थिएँ। बेसै भएछ। रानीपोखरीमा पुलिसले अश्रुग्याँस र लाठीचार्ज गरेछ। धेरै जना घाइते भएछन्। घाइतेमध्ये म नि परेको भए? आमा पीरैपीरले मर्नुहुन्थ्यो होला। बहिनीको के गति हुने थियो? अनि भाइ? उफ्! मबाट देशको सेवा हुन सक्छ? अरू हुँदै छन् नि? म एउटाले केही गरिनँ भने के होला र? अरू त्यतिका गर्ने छैनन् र? म आफ्नी आमालाई छाड्न सक्तिनँ। मेरा जहानलाई भोकभोकै मर्न म दिन्नँ।"

***

...न्हुच्छेमान भन्ने मरेछ, पुलिसको लाठीचार्जले रे! आज उसको जुलुस निस्केको थियो। हजारौं मानिस त्यसपछि लागेका थिए। झ्यालझ्यालबाट लावा र फूल बर्सेको

थियो। मानिसहरू कसरी उसको पछि टोपी फुकालेर लम्केका। ...हुँ... उसको जुलुसले मेरा आँखामा आँसु ल्यायो। मलाई रुन मन लाग्यो। ऊ मेरो कोही पनि होइन, जीवनमा मैले पहिले उसलाई देखेको पनि थिइनँ होला तर पनि उसको मृत्युमा मेरा आँखा छचल्किए। मर्नु यसरी पो, आज घरमा मरेको भए को न्हुच्छे, को मान? उसको लासपछिपछि जाँदाजाँदा मेरो शरीर भतभती पोल्न थाल्यो। उसको घर सम्झें। उसका पनि त जहान होलान्। उसको पनि भाइ होला, उसका छोरी, बहिनी पनि होलान्। तिनीहरू सबै रोइरहेका होलान्। म पनि त रुँदै छु। म उसको को हुँ? तैपनि मेरा आँखामा आँसु किन? अहिले यो लेख्तालेख्तै मलाई मानौं, न्हुच्छेमान भनिरहेछ– “आइज! देशको निम्ति गोली खानु जाती होइन र?”

***

...निद्रा किन लाग्दैन? हिजोआज मलाई यो के भो? आँखा चिम्ली निदाउन खोज्छु कि कोही मेरो कानमा भन्छ– “काथर! अझ चुप छस्?” मनको यो भाव पन्छाउन खोज्छु, न्हुच्छेमानको जुलुस मेरा आँखामा पर्न आउँछ। अनि म सोच्छु– “म मरें भने पनि यसरी बोकेर लैजानेछन् त मलाई पनि? तर मरें भने होइन मारिएँ भने। सायद त्यसै गरी मेरो जयनाद नेपालका गल्लीबाट उठ्नेछ। मानिसहरू त्यसरी नै टोपी फुकालेर मेरो पछि लम्कनेछन्! सबैका आँखामा आँसु! सबैको मुखमा मेरै नाम तर... मेरी आमा? भाइ? कान्छी? यिनीहरूको के गति हुनेछ? म के गरूँ? अझ मैले केही...!”

***

यहाँतिर कागज च्यातिएको रहेछ। अनि अर्कोमा बीचमा त्यसै शुरु। ...थियो तर अब त्यो छैन। मनभित्र एउटा बलियो पर्खाल मैले बनाइसकें। म एउटा नजन्मेको भए पनि आमाहरूको सायद काम रुक्ने थिएन होला। आह! अनि आमाले किन नसोच्नु कि म जन्मिँदै जन्मिनँ। जहाँ बोल्ने, खाने, हेर्ने, बुझ्ने, शक्ति छैन; त्यस देशको एउटा प्राणी रे म! म के मात्रै बाँचेको छु र? अब यसरी मरेर के बाँच्न, बरु एकछिन भए पनि बाँचेर

मर्छु। २४ वर्षको यत्रो जीवनमा हात र मुख जोर्नबाहेक मैले गर्न मात्रै के सकें र! हुँ... हाम्रो तलब बढ्ने रे! केटाकेटीलाई पापा दिएर मुखमा बुजो लाउने जस्तै। लाखौं आज मरिरहेछन्, लाखौं आज जान्दैनन् उनीहरू किन गरिब छन्। (केही दिनअगाडि म पनि त जान्दिनथें नि!) उनीहरूलाई थाहा छैन कि देशको छरिएको पैसा कसरी बटुलिएर एक ठाउँमा सडिरहेछ। पत्थर र सुनमा अल्भिरहेछ। पाउडर क्रिमको धूलो र हिलोमा उडिरहेछ।

...मेरा सबै साथी आज जेलमा कुहिरहेछन् र मचाहिं सेतो ब्याज लाएर सडकमा हिंड्ने। कसैले मेरो मुखमा गौर गरेर हेऱ्यो भने मेरो शिर निहुरिन्छ– ऊ के सोच्तो हो? एउटा मुर्दा सिंगारिएर हिंडिरहेछ भन्दो हो। साँच्चि हो। राम ठीकै भन्थ्यो, मेरो शरीरमा रगत छैन। ...तर अब म देखाउनेछु कि शहीदहरूको रगत खेर गएको छैन। त्यो त सोहोरिंदै मेरो जीउमा थोपरिएको छ। मेरा वीर दाजुहरूको तातो रगत किन खेर जान्थ्यो? म अरूलाई देखाउने कि म मरेको छैन, बाँचेकै छु। मेरो मनमा एक किसिमको विद्रोह जलिरहेछ। ममा के छ र म मात्रै पछि रहिरहूँ? आज जताततै आगो सल्केको छ। देशका हरेक कुनामा घरघर सल्किरहेछन्, मचाहिं? म पनि अब आफ्नो बल्ने रगतको होम दिन्छु यो अग्निलाई, यो आगो ननिभ्दै... !

***

भोलिपल्ट मैले पसलेलाई सोधें, “हिजोको कापी कसकहाँबाट तिमीले ल्यायौ?”

“कृष्णचाको आमाले उसको किताब, कापीहरू बेचेको थियो, त्यै हो। बिचरा गरिब छन्। एउटा कमाउने छोरा पनि मऱ्यो।”

“मऱ्यो कि...”, म अकमकाएँ।

“तपाईंलाई थाहा रहेनछ। उही जेलनिर गोली लागेर मर्ने के?”

"ए, उसको जुलुस निस्क्यो त ?"

कहाँको जुलुस ? धेरैले थाहा नै पाएनन्, कर्फ्यु थियो नि ?

*प्रगति १*

# ईश्वर र जीवन

धेरै अगिको कुरा, जब म सानो थिएँ, अन्दाजी ६–७ वर्षको!

सायद त्यस दिन स्कुलमा बिदा थियो। आमा आफ्नी साथीकहाँ जानुभएको थियो, कीर्तनमा! म घरमा एक्लै थिएँ कौसीमा। आकाशमा चङ्गा उडिरहेथे– काला, नीला, सेता, अनेक रङ्गका। मेरा आँखा चङ्गाहरूको फौजमा थिए तर मेरो मन बाबाको एउटा कुरामा नाचिरहेथ्यो। अगिल्लो दिन एउटा मन्दिरमा आरती हुँदा आमाले आरतीको थालमा केही पैसा हालेर बत्तीको राप हल्केलाले थापी आँखा र कपालमा सुमसुम्याएको मैले देखेको थिएँ। त्यहाँका सबैले त्यसै गरी पैसा राख्तै राप थापेको देखेर मलाई बडो लाज लागेको थियो किनकि मैले केही पैसा थालमा राख्न सकेको थिइनँ। आज पनि त्यहाँ जाने कुरा भयो। म सोचिराखेको थिएँ– “ईश्वरले के भने होलान्? मैले पैसा कहिल्यै पनि चढाएको छैन। सायद मदेखि उनी रिसाएका छन् कि? ईश्वर रिसाए भने त मानिसलाई दुःखमा मर्नुपर्छ... आमाले त्यसै भन्नुभएको छ। सरस्वती दिदीले पनि त्यसै भनेकी थिइन्। सरस्वती दिदी, ओहो! दिदी अहिले बिहा गरेर नगएको भए मैले पैसा पाउने थिएँ। दिदी कस्ती जाती थिइन्। तर दिदी त छैनन्; आमासँग माग्ने? हुँदैन, फेरि आमा पनि त हुनुहुन्न! ...ईश्वर मदेखि पक्का रिसाएका छन्, आज कतै पैसा पाए। पैलेपैलेको बाँकी पनि चुकाउने थिएँ।”

कसोकसो मैले आमाको छालाको सुटकेस सम्झेंं। झट्ट तल ओर्लेर त्यो सुटकेस बलजफती खोलें। उघारेर हेरें। छालाको मनिब्यागमा नोट र मोहोरहरू धेरै रहेछन्। मेरो

मनमा कताकताबाट आनन्द आयो। भएजति पैसा एउटा रूमालमा पोको पारें। नोट रुपियाँ, चानचुन सब र म उतै लागें। ईश्वरको मन्दिरतिर!

उहाँ सब थिए। आमा हुनुहुन्थ्यो, आमाका साथीहरू थिए। अनि कीर्तन चलिरहेथ्यो। आमानिर गएर म एक छेउमा बसें। मैले मूर्तिलाई हेरें, एउटा हातमा बाँसुरी लिएर कृष्ण उभिएका; अँगालो मारेर राधा सँगै उभिएकी! कति राम्रा! मलाई आरतीको थाल कहिले आउला भन्ने लागिरहेथ्यो। कीर्तन धेरै बेरमा सिद्धियो अनि आरतीको थाल निस्क्यो। सबैतिर घुम्दै हामीकहाँ आइपुग्यो। आमाले एउटा पाँचपैसे ढ्याक राख्नुभयो। छि! त्यति जाबोले पनि ईश्वरलाई रिझाउन सकिन्छ? मेरो अगाडि पर्नासाथ कमिजभित्र लुकाइराखेको रूमालको पोको बाहिर झिकेर मैले खररर जम्मै थालमा ओइरिदिएँ। आरती थापेर शिरमा सुमसुम्याउँदै जुरुक्क उठेर राधाकृष्णको मूर्तिअगाडि उभिएर मैले हात जोडेर माफी मागेको मलाई अझै याद छ। आमाले आश्चर्य मानेको मुख ओहो! तर राधाकृष्णको मुखको हँसी मैले सब बिर्सें।

त्यसपछि घर फर्केर चुटाइ खाएँ कि खाइनँ, मलाई याद छैन तर हो, मैले आमालाई सबै कुरा साँचो बताएको मलाई अझै सम्झना छ। मेरो जीवनको यो एउटा सानो घटना हो तर यसलाई ठूलो पार्ने अर्को घटना, जो ६–७ दिनपछि भयो। भर्खरै स्कुलबाट फर्केको थिएँ। ओछ्यानमा घोप्टिएर आमा रोइरहनुभएको मैले देखें।

“दिदी!”, आमालाई म दिदी भन्थे। ‘दिदी’ भनेर मैले गएर आमालाई अँगालो मारें र “किन रोएकी?” भनी सोधें। अनि जबाफ पाउनुअगाडि म पनि रुन थालेछु। म रोएको देखेर आमा झन् रुन लाग्नुभयो। अनि एकछिनपछि भन्नुभयो, “तेरी सरो दिदी त मरिछ, शङ्कर!”

“मरी?” कोही मरेको भन्ने सुन्दा मलाई असाध्य डर लाग्थ्यो। मैले गल्लीबाट लगेका कैयन् मुर्दा सम्झें। मलाई मुर्दा देखेर असाध्य डर लाग्थ्यो। म सिरिङ्ग भएँ।

"हो!", आमाले सही थाप्नुभयो।

मलाई त डर लागिरहेथ्यो, मैले सोधें– "दिदी, अब सरोदी आउन्न हगि!" मुर्दाको रूप सम्झेर त्यसो भनेको थिएँ। थाहा छैन, आमाले के माने लाउनुभयो कुन्नि, भन्नुभयो– "अहँ! अब कैल्यै पनि आउन्न!" अनि मलाई काखमा लिएर धेरै बेरसम्म सुमसुम्याउनुभयो। मैले बारबार सरोदीलाई सम्झें– "मलाई आमाले कुटेको बेला काखमा बोकेर लगी आफ्नो ओछ्यानमा सुताउनुहुन्थ्यो, थपथपाएर!" अनि अनेक कुरा सम्झेर म सुतेछु।

"आमा!", भोलिपल्ट म कराउँदै झसङ्ग भएर उठें, एउटा भयानक स्वप्न देखेछु। सरस्वती दिदीले सेतो कपडामा बेरिएर मेरो सिरानमा आएर मलाई 'उठ्' भनिछन्। अनि मैले आमातिर हेरेर केही भन्न आँटेको थिएँ। मेरो मुख आफ्नो हातले थुनेर भनिछिन्– "आमालाई नउठाऊ शङ्कर! आएर एकबाजि मेरो काखमा बस अनि मलाई एकबाजि आमा भनेर बोलाऊ न!" सेतो कपडामा बेरिएको सरो दिदीको रूप देखेर मलाई डर लागेको थियो, मैले भनेछु– "सरोदी! तपाईं किन त्यस्तो लुगामा? मलाई डर लाग्छ।"

"आफ्नु सरो दिदीसँग तिमीलाई केको डर! आऊ न आऊ शङ्कर!"

अनकनाउँदै म उठें अनि नगिच गएर उनको काखमा बसें। मेरो कपाल सहलाउँदै सरो दिदीले भनिन्– "मलाई एकबाजि आमा भन न!"

मैले उनको मुख हेरेछु, उनका आँखाभरि आँसु। अनि बिस्तारै उनको घाँटीमा आफ्नो हातले बेरेर भने– "आमा!"

खुशी भएर उनले मलाई अँगालो मारिन् र भनिन्, "हेर! तिमी ठूलो भएपछि आमालाई पाल्छौ?"

"पाल्छु।"

“मैले पैसा मागेको बेलामा दिन्छौ?”

“दिन्छु।”

“आज देऊ न!”

“आज त छैन, अस्ति जम्मै ईश्वरलाई चढाएँ।”

“ईश्वर!”, आश्चर्य मान्दै उनले भनिन्।

यत्तिकैमा एउटा कालो बूढो त्यस कोठाभित्र पसेछ। अनि काखबाट मलाई मिल्काएर सरो दिदीलाई चुल्ठोमा समात्तै, घिसार्दै त्यसले लग्यो। अत्तालिएर मैले सरो दिदीलाई डाकें– “आमा!”

***

म आत्तिएर ब्युँझँदा बिहान मिरमिरे हुन लागेको रहेछ। मेरो जीउभरि खलखली पसिना आइराखेको। अनि मैले चारैतिर हेरें, मन अलि ठाउँमा आयो। आमा उठ्नुभयो, मेरो चिच्याइले! र “के भो” भनेर सोध्नुभयो। मैले सपनाको कुरा जम्मै बताएँ। एकछिनसम्म घोरिएर आमाले भन्नुभयो–“शङ्कर! त्यो श्रीरामको तस्वीरअगाडि गएर आँखा चिम्ली अनि भगवान्सँग एकछिन प्रार्थना गर!”

म त्यतै लागें तर रामजस्ता देउताको अगाडि परेपछि आँखा चिम्लँदा सरो दिदी आँखाभित्र देखा परिन्। आमाले भन्नुभयो– “प्रार्थना गर कि दिदीको आत्मा सुखी होओस्।” मैले त्यसै गरें। अनि मनमनै केके भनें कुन्नि! आमाले भन्नुभयो, “अब एकबाजि सरस्वतीको मुख सम्झेर ‘आमा!’ भनेर उसलाई डाक, उसको आत्मालाई सुख मिल्नेछ।”

थाहा छैन, उनको आत्मालाई तृप्ति भयो, भएन। तर धेरै वर्षपछि मैले जाने कि बूढो पोइसँग परेर दिदीले कस्तो तृप्ति पाउनुभएछ, आफ्नो जीवनमा! त्यो पनि रक्सीबाज रक्सीले सुखा पारेको, पैसाजति रन्डीलाई पोसेको अनि पछिबाट उनका गहना पनि उडाएको। कैयौं छाक नखाएर पनि जब पतिदेवले पैसा नपाएको झोंकमा उनलाई साफसँग चुटेको सहन नसकेर आफ्नो आङमा मट्टीतेल छर्केर आगो लगाई दिदी मरिछन्। मुर्दा बन्ने र सेतो कपडामा बेरिने उनलाई समय नै मिलेनछ। एकैचोटि खरानी भएकी सरो दिदीको आत्मामा 'पैसा!' भन्ने लालसा मरेनछ।

अनि त्यस घटनापछि मैले सम्झें– मसँग पैसा भएको भए! म सायद दिदीलाई आफूकहाँ नै पाल्थें होला! पैसा! ओहो! भगवान् कृष्णलाई आरतीमा ती सब रुपैयाँ नचढाएर सरो दिदीलाई दिन पाएको भए...!

तर यो धेरै पछिको कुरा, त्यस बेलाको, जब म सानो थिइनँ।

*शारदा १६ : ९–१०*

# प्रतीक्षा

अस्पताल जाँदा म अर्कै मान्छे थिएँ, आउँदा अर्कै। मेरो एउटा छोरो छ शम्भु। ज्यादै चलाख। राम्रो। ५ वर्षको हाम्रो प्रेमविवाहको कोसेली यो एउटा मात्रै छोरो। यता केही महिनादेखि बीचबीचमा ऊ बिरामी भइरहन्थ्यो– कहिले रूघा, कहिले खोकी, कहिले निमोनिया, कहिले ब्रोन्काइटिस। अहिले ऊ अलि तङ्ग्रिएको छ र मैले सोचें, "उसलाई राम्ररी जँचाउनुपऱ्यो।" उसलाई अस्पताल लगें।

डाक्टरले शम्भुलाई क्लिनिकभित्र लैजाँदा म बाहिर कोठामा बसिरहेको थिएँ– हृदयमा छोराप्रतिको एक अगाध माया लिएर। ऊसँग बाटामा भएका कुराहरूको मीठो प्रतिध्वनि मनमा गुन्जिरहेको थियो। यति प्रकारका अनौठा प्रश्नहरू ऊ गर्छ कहिलेकाहीं कि मलाई उत्तर दिन अप्ठ्यारो पर्छ तर उसको जिज्ञासामा मलाई एक प्रकारको गर्व हुन्छ। मेरो जीवनको, स्वयम्का असफलताहरूको जो सङ्ग्रह छ, तीबाट म उसलाई बचाउन चाहन्छु। म चाहन्छु– ऊ ठूलो होओस्, उसको मान होओस् र जीवनमा ऊ स्वयम् केही कुराको अभाव अनुभव नगरोस्। म जान्दछु कि पिताको एकलौटी प्रेम पुत्रका निमित्त कस्तो वाञ्छित छ! मेरा पिताले स्वयम् मलाई एकलौटी एकनासे प्रेम गर्न सकेनन्! दुई गुँडका कैयन् बच्चाहरूमा उनको प्रेम खण्डित भएर बाँडियो। कमसेकम मैले बाल्यावस्थामा त्यही अनुभव गरें। म चाहन्छु, मेरो छोरालाई सदा यो अनुभव होओस् कि उसको पिताले उसलाई प्यार दिनमा कहिले छुच्याइँ गरेन। अस्ति नै मात्रै उसले भनेको थियो, "डैडी, मान्छे किन बिरामी हुन्छ?" अब एउटा पाँच वर्षको बच्चालाई चिकित्साशास्त्रको यो गूढ रहस्य कसरी सम्झाउनु? मैले भनेको थिएँ, "छोरा, केही कीरा हुन्छन्, हामीले नदेख्ने जो हावामा उडेर अथवा खानाबाट सर्छन् र हामी कमजोर भए तिनले हामीसँग लडाइँ

गर्छन्।" त्यसै दिन राति सुत्ने बेलामा उसले भनेको थियो, "डैडी, मसँग नसुत, मेरो ज्वरो सर्छ।" मेरा कुराहरूको उसले वास्तै गरेन र एकनाससँग ढिपी गरिरह्यो। अन्तमा मैले उसलाई सन्तोष दिन भिन्दै सुत्नै पऱ्यो। उसको मपट्टिको यो माया, यो अनजान प्रेम, जसको विश्लेषण उसले गर्न जानेको छैन। यसले ऊपट्टि मेरो माया झन् बढाइदियो।

म कहिलेकाहीं छक्क पर्छु, उसको बुद्धिको तीव्रता देखेर। विमला र मैले उसलाई अप्ठ्यारोमा पार्ने एउटा उपाय जानेका छौं। हामी सोधी दिन्छौं– "तिमीलाई कसको माया बढी लाग्छ, डैडीको कि ममीको?" ऊ जहिले पनि दुवै जनाको नाम लिन्छ। कैयन् प्रकारले प्रश्न गरे पनि उसको एउटै उत्तर हुन्छ, "डैडीको ममीको।" एक दिन विमला भान्छामा भएको बेला मैले शम्भुलाई सोधें, "ममी यहाँ छैन। भन त शम्भु! तिमीलाई डैडीको बढ्ता माया लाग्छ कि ममीको?" उसको आँखामा शङ्का झल्क्यो।

मैले भनेथें– "म ममीलाई भन्दिनँ, कानमा सुटुक्क भन है त, आऊ!"

"ममीलाई नभन है त!"

"हुन्छ।"

नजिकै आएर उसले कानमा भन्यो, "ममीको।" पछि मैले विमलालाई यो कुरा बताएको थिएँ। र उसले पनि यसै गरी सोधिछ र जबाफ पाइछ कानमा– "डैडीको।" यस्ता ससाना तर मीठा कुराहरूको सङ्ग्रह छ यो शम्भु। म जान्दिनँ अरूका छोराछोरी पनि यस्तै हुन्छन् अथवा हुँदैनन्। तर शम्भुमा हामी दुई जनाको माया केन्द्रित भएर होला, मलाई यस्तो लाग्छ, ऊजस्तो अरू कुनै छैन होला। उसलाई साइकल, मोटर, हवाईजहाज, पानीजहाज तथा रेलको अत्यन्त चाख छ। कैयन् कुराहरू ऊ सम्झिरहन्छ, जुन कुरा म उसको उमेरमा जान्दिनथें, त्यो ऊ अहिले जान्दछ। मानौं, उसको ज्ञानको श्रीगणेश मेरो स्वयम्को ज्ञानको जगमा खडा भइरहेछ। मेरो जीवनको अगिको पाइला मानौं मैले देख्ने गरी अर्को जुनी।

"रमेशजी भित्र आउनुस्!"

म उठें। देखें, बाहिर निकै भिड जम्मा भइसकेछ। आह! बच्चा बिरामी हुने आमाबाबुको भिड। अनेक किसिमका रोग, अनेक किसिमका बच्चा। म भित्र लागें। क्लिनिकमा कैयन् डाक्टरहरूको भिड भएको रहेछ। शम्भुलाई उनीहरूले भुइँमा सुताइरहेका।

"एकफेर फेरि उठ त छोरो!", डाक्टरले भन्यो।

शम्भु उठ्यो। हो, उसको उठ्ने चाल निकै अप्ठ्यारो छ। यस्तो भान हुन्छ, मानौं उसलाई त्यस प्रक्रियामा निकै कष्ट भइरहेछ। तर त्यति मात्र हो, उठिसकेपछि उसको हिंडाइ, बोलाइ अब साधारण र स्वाभाविक छ।

"देख्नुभयो, डाक्टरसाहेब", एउटाले अर्कोलाई भन्यो। मेरो शङ्का ठीक होइन त? उसलाई Pseudo Hypertrophic Muscular Dystrophy भएको छ। उसको मसल्सको डेवलपमेन्ट हेर्नुस्, कस्तो अन प्रपोर्सनेट छ। खुट्टाको हेर्नुस्, कति डेवलप्ड अनि हातको हेर्नुस् कति अन्डर डेवलप्ड।

सब चुप लागेर शम्भुलाई हेरिरहे। मलाई नराम्रो लाग्यो– उनीहरूले शम्भुलाई किन त्यसरी हेरिरहेका छन्। मानौं, उनीहरूलाई थाहा छैन ऊ मेरो छोरो हो। उनीहरू उसको सिर्फ रोग हेरिरहेछन्। उनीहरूको शक्ति छैन– उसभित्र भएको ज्ञान, जिज्ञासा र मायाको छाया बुझ्ने। उनका आँखामा मानौं शम्भु कसैको छोरो होइन, कुनै ठूलो मान्छे हुने बालक होइन, बरु हो एउटा रोगको नमुना। उनका निमित्त मानौं शम्भुको मूल्य अरू केही छैन, त्यो लामो नाम भएको रोगको लक्षणसिवाय।

अनि एउटाले मलाई हेऱ्यो। त्यसका साथै अरू टाउका मतिर मोडिए। उनका आँखामा कुनै ज्योति छैन। ती मानिसभन्दा बढी डाक्टर देखिन्छन्। एउटाले भन्यो, "अब जाऔँ!" र ती सब कमिलाझैं एउटाको पछि अर्को लागे। पाले पस्यो। "यसलाई बाहिर लगेर

लुगा लाइदेऊ।", पालेले छोरालाई डोऱ्यायो। शम्भुले फर्केर भन्यो, "डाक्टर अङ्कल अस्तिको जस्तो मीठो टनिक देऊ है, रातो क्या!"

"हुन्छ छोरा, हुन्छ। तिमी बाहिर गएर लुगा लाऊ!"

ढोका भित्रबाट डाक्टरले बिस्तारै लगायो। मानौं ऊ शम्भुलाई मबाट छुटाउन चाहन्छ, हाम्रो वार्ताका निमित्त।

"रमेशजी!", उसको मुहारतिर हेरें। डाक्टरले आफ्नो गम्भीरता बटुल्ने प्रयास गरेको देखें।

"तपाईंको छोरालाई एउटा अनौठो रोग भएको छ। असलमा यो रोग पछि हुने होइन, जन्मदेखि नै हुन्छ। ज्यादै नै असाधारण रोग। साँच्चि भनूँ भने यसको कुनै औषधि, कुनै उपाय छैन।"

डाक्टरका शब्दहरू मेरा कानमा परे र? यो मेरो टाउकोवरिपरि ती शब्दहरू चक्कर खाइरहेछन्, भित्र घुस्नलाई– भुइँइँइँ भुइँइँइँ भुइँइँइँ! भित्तामा एउटा चार्ट छ– नसानसा भएको एउटा मान्छे कागजमा रातो, नीलो धर्साहरूको भरमा उभिरहेछ। के रे? यो डाक्टर के भन्छ?

"तपाईंको छोरा अब केही महिनामा ओछ्यानमा पर्छ, उसका यी भूठा मसलहरू पग्लिँदै जान्छन्..."

मेरो छोरो मर्छ? यो शम्भु मर्छ? मेरो आँखाअगाडि? मेरो जीवनका सत्य स्वप्नलाई पगाल्दै? मेरा जीवनका असफलताहरूको चुचुरो बन्दै ऊ पग्लिनेछ?

"एउटा मात्र छोरा?"

प्रश्न मलाई नै गरिएको हो क्यारे? मैले डाक्टरतिर हेरें। टेबलपारि ऊ बसिरहेछ। कति टाढा, कति टाढा। उसका आँखामा केही भाव छैन। यति ठूलो घटना मेरो जीवनमा भयो र र एउटै कोठामा भएका हामी दुईमा उसलाई केही भएको छैन? मलाई नै यो के भयो? यस्तो अनुभव भयो मानौं, मेरो खुट्टाका मसलहरू यी अब पग्लिन थाले, म पो मर्छु क्यारे! कुर्सी समातेर बसें। डाक्टरका प्रत्येक शब्दले मलाई पोल्न थाले। झ्यालबाहिर घाम लागिरहेछ। कस्तो नीलो घाम। यी मान्छे सडकमा किन हिंडिरहेका? के कसैलाई थाहा छैन, मेरो छोरो मर्ने भयो? किन कोही रुँदैन?

"ईश्वरको मर्जी! यसको औषधिमा समय बर्बाद नगर्नुस्। यसलाई सुख दिनुस्, जति दिन बाँच्छ, बाँच्न दिनुहोस्। उसका हरेक इच्छा पूरा गर्नुहोस्। ऊसित अब ३–४ महिना बाँकी छ। ईश्वरले चाह्यो भने अरूअरू सन्तान देला।"

ए डाक्टर! तिमीलाई थाहा छ, तिमी के भन्दै छौ? ईश्वरको मर्जी! ईश्वरको मर्जी त देखिहालियो। छोरो बाँचुन्जेल मेरो माया पाओस् रे! मैले छोरालाई माया दिइनँ रे! शम्भुलाई सुख दिनुस् रे? के मैले शम्भुलाई सुख दिएको थिइनँ र?

"अहिले बच्चाको मृत्युको प्रतीक्षा गर्नुसिवाय हामी केही गर्न सक्तैनौं।"

मैले उठ्न खोजें भने म उठ्न सक्छ के मेचबाट? ढोकातिर हेरें। ढोका उसै प्रकारले बन्द छ र त्यसमा भएको बुट्टे पर्दा हावामा काँपिरहेछ। त्यो कपडा र त्यो काठको खापाबाहिर मेरो छोरो छ, लुगा लगाएर पर्खिरहेको मलाई। मेरो छोरा, म कसरी तिम्रा आँखामा मेरा आँखा जुधाउन सक्छु अब? यो नसोचेको ज्ञान लिएर म उठें, अगाडि बढें।

ढोकाको डन्डी समातेर म उभिरहें। आज जीवनमा प्रथमबार छोरालाई आफ्नो अनुहार देखाउन मलाई सङ्कोच भयो। सिर्फ यसनिम्ति कि मेरो सर्वाङ्गमा डाक्टरले जुन कालो रङ पोते, त्यो रगतले पखाल्न सकेको छैन, सक्नेछैन र मेरो छोराले आफ्नो पिताको रूपमा केही फरक देख्ला!

ढोका आफैँ बिस्तारै खोलियो। शम्भु झ्यालमा उभिएर सडकतिर हेरिरहेछ, तल एउटा जिप कसैले ब्याक गरिरहेछ। बिस्तारै म अगाडि बढेछु, बिस्तारै मैले उसको कपालमा हात राखेछु। यो सब क्रियाको ज्ञान मलाई छैन, मैले जानेको भए म एकछिन पन्छिएर भए पनि उसको अनुभवहीन, स्वच्छ जिज्ञासाको ज्योति टाढाबाट हेरिरहन्थे हुँला!

“डाक्टरले टनिक दियो डैडी?”, मसँग शब्द छैन, बोल्न जानेको छैन मैले। त्यो रमेश, जो शम्भुको पिता थियो– त्यो त डाक्टरको क्लिनिकमा गएर मरिसक्यो। यो रमेश त भर्खर जन्मिएको छ। शम्भुको हात समातें। कति साना नरम हत्केला! आज यो किन यस्तो! मेरो खस्रो हातमा पग्लेला जस्तो! पग्लेला जस्तो? उसको हात मेरो हातबाट छुट्यो। स्वयम् उसले मेरो औंला समात्यो।

हामी बाहिर निस्कियौं। सडकमा आयौं। मलाई यस्तो अनुभव भयो, डाक्टरको झ्यालबाट आँखैआँखा हामीलाई हेरिरहेका छन्, शम्भुका आँखा, विमलाका र मेरा आँखा। ती आँखाको जमघटमा माया छ र तिनका दृष्टिले हामीलाई दया बर्साइरहेको छ।

“डैडी, जेट प्लेन भनेको त्यही हो, डैडी! डैडी?”, मेरा हातमा झप्का पऱ्यो।

हेरें, महाकालस्थानमा म छोरालाई डोऱ्याएर हिंडाइरहेछु। अगाडि टुँडिखेल छ र शम्भु मलाई आकाशतिर देखाइरहेछ, एउटा हवाईजहाज।

“डैडी, जेट प्लेन भनेको त्यही हो?”

“होइन छोरा, त्यो त डकोटा!”

“महाराजाधिराजको प्लेन हो?”

“होइन छोरा, पोखरा जाने!”

“मलाई जेट प्लेन देखाउँछु भनेको होइन डैडी! कत्रो, यत्रो हुन्छ?” मेरो हात छाडेर उसले आफ्ना बाहु दुवै फैलायो, टक्क अडेर। कति सुकुमार बाहु छन्।

“यत्रो हुन्छ डैडी?”

“हुन्छ, हुन्छ।”

म शम्भुको प्रश्नको उत्तर दिइरहेछु, मनमा कुरा पनि सोचिरहेछु। मानौं, डाक्टरका शब्दका धारले मलाई बीचबाट चिरिदिएको छ– शम्भुका दुई पिताको रूपमा। हृदयपट्टिको म शम्भुका निमित्त बीच टुँडिखेलमा गई थचक्क बसी रुन चाहन्छु, आँसु आउन्जेल र मस्तिष्कपट्टिको म शम्भुलाई सुख दिन चाहन्छु बाँचुन्जेल। दुइटा पिता! दुइटा रमेश!

अस्पताल जाँदा म एउटा सिङ्गो मानिस थिएँ, एउटा साधारण मायालु पिता। आउँदा म अर्कै मान्छे भएँ।

यसरी मेरो शम्भुको मृत्युको प्रतीक्षा शुरु हुन्छ। ...घर गएर विमलालाई भनूँ? के भन्नु, कसरी भन्नु? भनूँ कि तिम्रो छोरा ३–४ महिनाभन्दा बढी बाँच्तैन!

***

विमलालाई केही भन्न सकिनँ। आमाको मन मायालु हुन्छ तर साथै कमजोर पनि। फेरि कुरा उठाउने पो कसरी?

ओछ्यानमा पल्टेर राति अन्धकार हेरिरहेको थिएँ। बाहिर जून लागिरहेछ। कोठाभित्र धारिलो भई अलिकति जून पसेको छ। झ्यालतिर विमला सुतेकी छ, बीचमा छ शम्भु अनि भित्तापट्टि छु म। विमलाको जीउमा तेर्सिएर बाँकी रहेको जूनले शम्भुलाई छोपेको छ। म स्वयम् अन्धकारमा छु। शम्भुलाई हेरिरहेछु। उसको अनुहारमा सन्तुष्टि छ। कताकता केही कुरामा ऊ हाँस्न खोजिरहेछ। सुतिरहेको बच्चाको हँसिलो अनुहारमा

यस्तो शान्ति हुँदो रहेछ, यो मैले जानेको थिइनँ। अनुहारमा जून नभए पनि मलाई त्यो प्रस्ट देखा परिरहेछ। त्यसमा स्वयम्को एउटा ज्योति छ।

"नाइँ, नाइँ, म जान्नँ। मेरो डैडीलाई म भनिदिन्छु।", शम्भु चलमलायो।

सपना देखिरहेछ, कसैको आह्वानलाई लत्याइरहेछ। र, डैडीको डर देखाइरहेछ। उसलाई आफ्नो डैडीको नामबाट कत्रो साहस उब्जन्छ। मैले बिस्तारै उसको पिठ्युँ थपथपाएँ। हातको लयमा ऊ अलि शान्त भयो। मपट्टि फर्क्यो र एउटा खुट्टा मेरो पेटमा चढाएर उसले लामो सास फेर्‍यो। म सोच्न थालें– उसले के सपना देख्यो होला? मलाई स्वयम् केटाकेटी हुन म लाग्यो। उसको स्तरमा पुगेर उसले अनुभव गरेका भावमा हलुका, बिस्तारै उड्न मन लाग्यो। बिस्तारैबिस्तारै मेरो पेटमाथि रहेको उसको पिंडौलो सुमसुम्याउन थालें। कति नरम छाला छ। कतै पनि छिप्पिएकोपन छैन। बूढीऔंलालाई जहिले पनि ऊ 'ठूलो आलु' भन्छ। नङ अलि बढेछ। औंलाहरू आपसमा कसरी साथसाथ जोडिएका छन्! कुर्कुच्चा उसको चिप्लो, चिल्लो र गुलाफी छ। म औंलाले तिनलाई हेर्न कोसिस गरिरहेछ। उसको जीउ हेर्न मलाई आँखाकै दृष्टि चाहिंदैन, दलिनको खस्रो अमेल कतारतिर हेरेर पनि म उसका औंलाहरूको सुलुक्कपन र पैतालाको गुलाफीपन देखिरहेछु। मेरो पेटको हलुका ज्वारभाटामा उसको खुट्टो बिस्तारोबिस्तारो तलमाथि तलमाथि गरिरहेछ। मानौं मेरो गति छैन, त्यो त उसको खुट्टो स्वयम् सास फेरिरहेछ।

अब ऊ सम्पूर्ण मपट्टि फर्क्यो। उसको साससमा बेलुका खाएको दूधको अमिलोपनको मधुरो बास्ना छ। मेरो घाँटीमा ठीक कानको मुनितिर त्यो आफैं ठक्कर खाइरहेछ, चिउँडोमुनिबाट भएर सम्पूर्ण कपालको चक्कर लिन्छ। त्यस दही गन्धमा रन्थनिएर मलाई तृप्ति भइरहेछ।

विमला निद्रैमा देब्रे हातले आफ्नो छेउ छामछुम गरी शम्भुलाई खोजिरहिछ। मैले आँखा चिम्लें। म ब्युँझै छु, यो बताउन चाहन्नँ। विमला उठी। हेरी, दोलाइँ तानेर हामी

दुवैलाई उसले ओढाइदिई र पिठ्युँ फर्काएर लामो सास छाडी, तृप्तिको सास। पुत्र आफ्नो पितासँग अँगालो मारेर सुतिरहेछ। आमालाई यसभन्दा बढी तृप्ति अरू के हुन सक्छ।

यस्ती तृप्त आमालाई म कसरी भन्न सक्छु कि तिम्रो छोरो केही दिनमा मर्छ! अहिले पनि त उसका पिंडौला बिस्तारैबिस्तारै पग्लिरहेछन्! लौ मेरो पेटमा अब बिस्तारै आगो सल्क्यो! अनायास गर्मी बढ्दै आयो। शम्भुको खुट्टाको वजन पलपल बढिरहेछ, त्यस गर्मीका साथ। सहने प्रयास म गरिरहेछु तर मेरो सास तीव्र भएर गइरहेछ। बिस्तारै मैले उसको खुट्टा पन्छाएँ। दोलाइँबाट आफ्नो जीउ झिकें, खाटबाट तल ओर्लें। एकछिन पछाडि फर्कें र मस्त भई सुतिरहेका आमाछोरालाई नियालें। उनको दृश्य धमिलिंदै गयो मेरा आँखामा, बिस्तारै आँखा चिम्लें, म तल ओर्लें। छोराको अँगालोले पोलेको प्रथम रात थियो त्यो।

कुन बेला कति बेरपछि मात्र आएँ, मलाई थाहा छैन। यस्तो रातमा समयको मूल्य कसले पहिल्याउँछ र? तर मलाई याद छ एउटा कुराको, रातको अँध्यारोमा जब कि कोठामा जून पनि पसेको थिएन, कुनै फर्निचरलाई कीराले खाइरहेको शब्द कानमा कैयन् बेर पसिरह्यो– क्याककक्याकक्याक। सुन्न नचाहँदा पनि यो शब्द कानमा बजारिइरह्यो।

धेरै बेर म छटपटाइरहें। पछि मेरो हृदयको स्पन्दनमा ती शब्द कसरी पसेर पग्लिँदै गए, मैले पत्तै पाइनँ। म सुतेछु।

***

त्यस दिन अफिसमा बसेर काम गरिरहेको थिएँ। मनमा जुन एउटा खिन्नता व्याप्त छ, कैयन् दिनदेखि त्यसलाई अफिसका फाइलहरूले डुबाउन सकेको छैन परिपूर्ण। प्रत्येक बिहान घर छाड्दा म एक प्रकारको माया काँधमा बोकेर आउँछु– छोराको माया। छोरो, कोठा र विमलाको दूरीले त्यसलाई तन्काइदिन्छ। अनि आँखाको फोकसमा नपरेको

उनीहरूको रूपले मनमा अनेक शङ्का–उपशङ्का उब्जाइरहन्छ। एक्कासि कहिलेकाहीं मुटु भट्याकभट्याक गरी बढी चालमा दौडन थाल्छ अनि कहिले यस्तो भान हुन्छ, मानौं दौडिंदादौडिंदा ऊ थचक्क बसेर सुस्ताउन थाल्यो। मनको यो स्वच्छन्द गतिमा मेरो जीउ साह्रो थाक्छ। सधैं बेलुका मलाई लाग्छ कि म महिनौंदेखि पैदल यात्रा गरेर वासमा पुगेको यात्री हुँ। ठेगानामा पुग्न अझ बाँकी नै भएजस्तो।

अफिसबाहिर तल चोकमा कसैले काठ चिरिरहेछ। त्यसको खरखर आवाजले बीचबीचमा विचारशृङ्खला तोडिदिन्छ।

यस्तैमा पस्यो, कान्छा।

"के?", यस्तैमा सास रोकेर मैले भूकम्पको प्रतीक्षा गरें।

"बज्यै...!"

"बज्यै के त?"

"स्यानो बाबु!"

बिस्तारै एउटा अदृश्य हातले मेरो घाँटी निमोठ्न थाल्यो। छाती ढक्क फुल्यो।

"स्यानो बाबु के त?"

"स्यानो बाबुलाई मासु खानुपर्‍यो रे!

कहाँबाट खसेर थचक्क कुर्सीमा आइपुगें। साह्रै रिस उठ्यो, "हँ, यहाँ के भन्न आइस्?"

"खसी किन्नुपर्‍यो रे!"

पैसा दिएर कान्छालाई पठाएँ। अनि कैयन् बेर म झ्यालमा उभिरहें। हेड क्लर्क दुईफेर चियाएर गयो। मलाई भने एक प्रकारको झम्म नशा लागिरहेको थियो। यस्तो अनुभव भइरहेको थियो कि पाइला सारें कि झम्म भुइँमा खस्छु।

बेलुका घर फर्कें। विमलाले सुनाई कि आज शम्भु उठ्न सकेन। भन्दै थियो, आज उसलाई साह्रो थकाइ लागेको छ। उसको नगिच गएँ। निधारमा पसिना टल्किरहेको। दोलाइँले खुट्टा छोपेर ऊ केही मैगेजिनको तस्वीर हेरिरहेछ।

"डैडी, तिमीले खसी देख्यौ?"

"देखें।"

"कान्छाले मार्छ र डैडी! कान्छाले मार्न सक्छ, डैडी?"

"सक्छ छोरा!"

"कसरी मार्छ, डैडी?"

"यसरी, छ्याक्क!", मैले हातलाई खुकुरी बनाएँ र हावालाई चिरिदिएँ।

"छ्याक्क मार्न सकेन भने खसीलाई दुख्छ?"

"दुख्छ नि छोरा! एकैपटक छिन्न सकेन भने र बिस्तारै रेट्नुपर्‍यो भने खसीलाई साह्रो सास्ती...

यति मात्र के भनिसकेको थिएँ, छोराको आँखाको उत्सुकतामा मैले मेरो वर्णन झल्केको देखें। मलाई खसीको भविष्यको मृत्युले थप्पड दियो। कसैले कानमा सुटुक्क भन्यो– "के तँ उसैको मृत्युको बखान उसैलाई गरिरहेछस्?" कुरालाई त्यहाँ झुन्ड्याएर म तल ओर्लें। ढोका नाघ्दा शम्भु आमाचाहिंलाई प्रश्न गरिरहेको थियो, "डैडी कहाँ गयो ममी?"

"छिंडीमा खसी बाँधेर राखेको छ कान्छाले। अनि उसका सामु हरियो घाँस छरिदिएको छ। म आएको सुनेर खसीले मेरो मुखतिर हेऱ्यो। खसीको परेला पनि रसिलो हुँदो रहेछ, मलाई थाहा थिएन?

"म्याँम्याँम्याँ याँयाँयाँ!"

"के खसी?"

"म्याँम्याँम्याँ याँयाँयाँ।"

"भन् न, खसी!"

"ओछ्यानमा पल्टीपल्टी मऱ्यो भने शम्भुलाई दुख्छ?"

"दुख्छ नि खसी, एकैपटक मर्न सकेन भने र बिस्तारैबिस्तारै पल्टिनुपऱ्यो भने साह्रो सास्ती हुन्छ।"

"पहिले शम्भु मर्छ कि म?"

"पहिले तँ!"

"मेरो मासु खाएर ऊ मर्ने होला, होइन?"

"मासु! मासु! मर्छ! मर्छ!"

"होइन क्या हो यो, एक्लै भुतभुताइरहेको?"

"छोरो 'डैडी कहाँ गयो?' भन्दै छ।"

म ट्वाल्ल परेर हेर्दै रहें।

“को विमला ? को छोरो ?”

“आजकल तपाईंलाई के भयो ? छोराकहाँ उस्तो बस्नु पनि हुन्न, ऊसँग उस्तो कुरा पनि गर्नुहुन्न !”

“तिमीलाई के थाहा मेरो पिर। तिमी...”

मैले मुख जबरजस्ती बन्द गरें। बान्ता हुन लागेको कुरा घुटुक्क निलें।

“कस्तो पिर ?”

कुराको जबाफै नदिई म बाहिर आएँ।

सूर्यास्त भइसकेको छ तर रात परिसकेको छैन। कागहरूको कोलाहल छ, काँवकाँवकाँव! आकाशमा एउटा तारा टिलपिलटिलपिल गरिरहेछ र भनिरहेछ, “विमलालाई भनूँ कि नभनूँ ?”

र, मेरा पाइला त्यस गोधूलिमा प्रतिपल पन्छिएर टाढाटाढा घरबाट, शम्भुबाट, विमलाबाट गइरहेछन्।

# क्रान्तिको पहिलो चरण

"आज मलाई खाना बनाउन पर्दैन कान्छी!"

म बाथ रूममा छु। सँगैको भान्छामा छोराको स्वर सुन्छु। सोच्न थाल्छु– यो एक्कासि 'खाना नबनाऊ' भन्ने आदेशको अर्थ के हुन सक्छ? कहीं नोकरनीसँग कुनै कुरामा उसको खटपट त भएन?

(हिसाबकिताबले कथामा मैले पहिले नै भनिदिनुपर्ने छोराको उमेर, बानी, मिजास, अनुहारको वर्णन, मेरो स्वयम्को सामाजिक स्तर। यति भनिदिए मैले पुग्दैन? छोरो ९–१० वर्षको छ, अङ्ग्रेजी स्कुलमा पढ्दै छ, घरमा बस्छ र खाना बोकेर जान्छ। अनुहार राम्रो छ, सायद निकै राम्रो, जे भए पनि हिस्सी चौपट्ट छ– यो सायद पिताको मन बोल्दै छ! लेखक भएको नाताले मेरो मन अलि कमलो छ, जुन सायद स्वाभाविक पनि हो! र स्वयम् मेरो बालक काल अनेक समस्या र सङ्घर्षले गुजुल्टिएको हुनाले होला, म सकभर उसको जीवन सुलभ बनाउने कोसिसमा छु। म, २०२० विक्रम संवत्मा नेपालमा, काठमाडौंमा बाँचिरहेको एउटा मध्यवित्त परिवारको मुख्य हुँ। म सायद तपाईं पनि हुन सक्छु, के थाहा?)

बुरुसमा कोलिन्स निचोरिरहँदा मलाई रिस पनि उठ्छ तर संयमपूर्वक म बाथरूमको ढोका खोल्छु र भान्छातर्फ लाग्छु।

"हेर कान्छी, मैले भनिदिएको छु, खाना नबनाऊ! खेर जाला फेरि!"

कान्छी ढोकामा मलाई देख्छे। ऊ अब बढी मायालु बन्छे र भन्छे, “खाना नखाई हुन्छ र बाबु! पढ्ने मान्छे, दिउँसो स्कुलमा भोक लाग्छ। बरु हजुरलाई मन पर्ने बनाइदिन्छु।

“मलाई केही बनाउनुपर्दैन। म अहिले पनि केही खान्नँ!

भान्छाभित्र मेरो बिस्तारै प्रवेश हुन्छ। मेरो आगमन सबले थाहा पाउँछन्। वातावरण अलि गह्रुँगो हुन्छ। एक तनाव छ। छोरो मुखमा साबुन लाउँछ तर उसले छिटोछिटो दुवै हत्केला अनुहारमा दलेको तेजीबाटै थाहा हुन्छ, ऊ म पसेको थाहा नपाएको जनाउन चाहन्छ। म पनि बुरुस जोडजोडसँग दल्न थाल्छु। (सायद मेरो विचारचाहिं आफ्नो उपस्थिति जताउनपट्टि छ। नत्र मेरो स्वयम्को दाँत मल्ने यस क्रियामा किन अनायास फरक पर्थ्यो?) झल्याँस्स भएझैं म आफ्नो बुरुस साबिकको तेजीमा ल्याउँछु। छोरो मुख धारामा पखाल्छ र टाउको भिजाउन थाल्छ। कान्छी नियमपूर्वक आफ्नो काम गरिरहेकी नै हुन्छे।

“मैले भनिदिएको छु, कान्छी!”, छोरो उठ्छ अनि मलाई देख्न पुग्छ! (उसले भर्खर देखेको बहाना गर्न सक्छ भने म पनि कुरा नबुझेको बुद्ध अनुहार लाउन सक्छु!)

“के भनिदिएको छु?”, म प्रश्न गर्छु तर मलाई डर लागिरहेछ– मेरो स्वरमा कहीं अस्वाभाविकता त झल्किंदैन? मेरो आवाजमा ज्ञानको झङ्कार त गुन्जेन?

“आज मलाई खाना पकाउनुपर्दैन।”, ऊ यस्तो किसिमले भन्छ, मानौं यस कुरामा कुनै अनौठोपन नै छैन। मानौं, यति भन्नासाथ यो कुरा यहीं समाप्त हुन्छ। मानौं, उसले भनेको वाक्यलाई अन्तिम सत्य मानेर चुप लाग्नै पर्छ।

“किन?”, म अझै अबुझ बनिदिन्छु। उसको अनुहार हेर्छु। उसलाई थाहा छ, मेरो मुखबाट यो ‘किन’ आउनै पर्छ तर पनि ऊ यस्तो अनुहार लाउने प्रयत्न गर्छ, मानौं उसले यो आशा गरेको थिएन।

“आज मलाई खान मन छैन।”, ऊ अर्को सत्य मतिर हुत्याइदिन्छ (ब्रह्मास्त्र?)। उसको हनुहारमा यो भाव झल्किरहेछ, मानौं अब कुरा गर्ने कुनै अरू उपाय छैन! ‘मन छैन’ भनेपछि सब समस्या समाधान भइसक्यो। अब के अरू सोध्ने र जबाफ दिने कुरा बाँकी रह्यो र?

चाल बदल्ने तरखरमा म हुन्छु, कान्छी भनिहाल्छे, “हिजो बेलुका थपीथपी, झगडा गरीगरी धेर खानुभयो, अहिले खान मन लागेन होला, भरे दिउँसो भोक लागिहाल्छ नि!”

तौलियाले मुख पुछ्तापुछ्तै ऊ एक निमेषलाई यो सेकेन्ड फ्रन्टको मुकाबिला आँखा तरेर गर्छ र खुट्टामा अलि बढी शक्ति प्रदान गरी फनक्क फर्केर बाहिर जान्छ, भऱ्याङ उक्लिन्छ। म कुल्ला गर्न थाल्छु। सोच्न थाल्छु, यो समस्या कसरी सुल्झाउने! उसको मनको कुरा थाहा पाउने! समय थोरै छ। म रिसाउन चाहन्नँ। केटाकेटीलाई रिस देखाउन पनि त हुँदैन!

“खाना नबनाउने त हजुर?”, कान्छी सोध्छे।

“बनाऊ न!”, म जबाफ दिन्छु। माथि ऊ लुगा लाइरहेको हुन्छ, म सोचिरहेको नै हुन्छु। मैले कपाल कोरिरहँदा उसले लुगा लगाइसकेको हुन्छ। ऊ आज मभन्दा चाँडै तयार भएर छिट्टै निस्कन खोजिरहेछ। धोबीले ल्याएको उसको कट्टुको हुक चेप्टिएछ, ऊ त्यसलाई फट्टाउने प्रयत्नमा छ। म ऐनाबाट देखिरहेछु। मारतोल लिएर ऊ हुकको कापमा छिराउने प्रयत्न गर्दै छ र प्रत्येक असफलतामा एकफेर मतिर हेर्छ। उसका प्रत्येक असफलताले मलाई समय दिइरहेछन् र म नहतारिएको ढङ्गबाट हतारहतार तयार हुने प्रयासमा छु। म जानीजानी हेरिदिन्नँ ऊतिर। तैपनि आँखाको कुनै विशेष कोणबाट उसले गरिरहेका सबै प्रक्रिया म देखिरहेछु।

कान्छीले खाना ल्याई कोठामा।

कोठाको ठीक माझमा खाना तेर्सिन्छ। सधैंजस्तै। सधैंजस्तै हामी सम्पूर्ण जहान त्यसवरिपरि झुम्मिन्छौं। तर खाना नल्याइएको भान गर्न सकिन्न र? केही कुरा आँखाअगि भए पनि नहेरिदिने, नदेखिदिने मुद्रा गर्न सकिन्न र? ऊ त्यही गर्दै छ।

उसकी आमा भन्छे, “तँलाई खानुपर्दैन? आइज!”

आँखाले जब नहेर्ने कार्य गर्न सक्छ भने कानले पनि नसुनिदिने कार्य गर्न सक्तैन र?

ऊ सुनिदिन्न!

वातावरणमा तनाव अझ बढ्छ। सबैका आँखा घुमीघुमी मउपर खस्छन्। मानौं, सबै मलाई बिचबचाउ गरिदिएर स समाधान गरिदेओस् भन्न चाहन्छन्। म छु, म यस्तो व्यवहार गर्छु, मानौं आज कुनै अस्वाभाविक कुरा त्यहाँ, त्यस कोटा हाम्रो त्यो सानो परिवारमा घटि नै रहेको छैन। जेजति भइरहेछ नि, यो त सधैं त्यसरी नै त भइरहेको थियो नि! मेरो भागको चियाको गिलास बोकेर म झ्यालमा उभिन पुग्छु। शहर देखिन्छ झ्यालबाट, शहरको छानाछाना र छानामुनि सफा घाम र उल्टो घाममा छानाहरूबाट निस्केको नीलोनीलो धुवाँ र हरियोहरियो खेत र बगैंचामा बिहान आहार खोजिरहेका भँगेरा र मैनाहरू। कति काव्यात्मक, कति शान्तिपूर्ण वातावरण छ आँखाअगाडि। आँखापछाडि नि? एउटा विस्फोट हुनहुन आँटेको; सलेदो सल्किसकेको छ। अब समयको कुरा मात्र, सलेदोको लमाइको पर्खाइ मात्र!

अब मैले बुझिसकें, वातावरणमा मेरो हस्तक्षेप नभई नहुने भयो। अब यसलाई पकडमा ल्याऊँ त कसरी?

“बाबुचाहिंले नै हो मत्याएको, केही भन्दैन अनि टाउकोमा टेक्छ! खा भनेको!”, आमा उसकी।

रिस उठ्नउठ्न खोजेको स्वर छ। रिस चढाउन गाह्रो छैन। म पनि रिसाउन सक्छु। रिसाउँला, कुटुँला र ऊ रोइदेला, हिक्कहिक्क गर्दै खाला, आँसु पुछ्तै स्कुल जाला। बस्? यो त प्रत्येक घरमा एक अबुझ मातापिताले हजारौं वर्षदेखि अपनाएको ट्याक्टिस हो। यसबाट कुराको मूल जरो कसरी पैल्याइन सकिन्छ? म अर्कै ढङ्गबाट कुराभित्र पुग्न चाहन्छु।

"अझ नखाने? छिटो खा भनेको!"

"उसलाई मन छैन भने तिमी किन कर गर्छौ...? तिमीलाई खान मन छ कि छैन?"

"छैन।"

"छैन भने नखाऊ।"

छोराको अनुहारमा विजयको लाली चढ्छ। (बिचरा! कत्ति बेर?) अरूहरूको अनुहारमा आश्चर्यमिश्रित निराशा। म कसैलाई पनि नहेरेर जुत्ताको फित्ता कस्न थाल्छु। बाहिर ऊ पनि सँगै ओर्लिन्छ। स्कुलमा सँगै लैजाने लन्च बक्स पनि ऊ लिंदैन। मैले देखिसकें तर पनि आफ्नो धुनमा अलमलिएझैं म मूल ढोका नाघिदिन्छु। अनि अनायास मेरो दृष्टि उसको रित्तो हातमा पर्छ। म आश्चर्य मानिदिएर भन्छु, "ए, लन्च बक्स बिर्स्यौ तिमीले! दौडेर लिएर आऊ।"

म जान्दछु, मैले देखिदिएकोमा उसलाई पटक्कै हर्ष भएन। ऊ मनमनै टाढा पुगेर मात्र, यति टाढा जहाँबाट फर्केर घर गई खाना ल्याउनुपर्ने कष्ट नपरोस्, त्यत्ति टाढा पुगेर मात्र मेरो आँखाले रित्तो हात देखिदिओस् भन्ने मनमनै चिताइरहेको थियो। झ्वाप्प निभेको अनुहार लाएर ऊ फर्कन्छ। जुत्ता उसको मानौं, फलामको हो र पृथ्वीको यो गुरुत्वाकर्षण शक्ति छ नि, त्यसको विरूद्ध पाइला सार्ने पनि त गाह्रो हुन्छ। फर्कंदा उसको अनुहार झन् निभेको हुन्छ। अनि मलाई रिस उठ्छ। अनि मेरो मनमा आफ्नो

असफलताले ठुङ्न थाल्छ। अनि मेरो मुखबाट अनायास निस्कन्छ, "के लन्च पनि लान मन छैन?"

ऊ बोल्न पनि नसक्ने हालतमा इमोसनले भरिएर नकारात्मक ढङ्गबाट टाउको मात्र हल्लाउँछ। म भनिदिन्छु, "तिमीलाई लान मन छैन भने गएर फर्काएर आऊ।" ऊ खुशीले कुद्छ। अगिको उसको जानुमा र अहिलेको उसको जानुमा कतिको फरक छ।

आखिर यो कुराभित्र रहस्य के छ? हामी दुई हिंडिरहेछौं र मेरो मनमा कुरा खेलिरहेछ। ऊ मतिर हेर्छ। चाहन्छ सधैंझैं म गफसफ गर्दै बाटो कटाऊँ। (हुन्छ त छोरा आऊ व्यक्तित्वको सङ्घर्ष भने सङ्घर्षै सही!)

"हिजोको फुटबल कस्तो थियो? मजा आयो हेरेको?"

"कहाँ र? मेरो पार्टी हारिदियो!"

(अब उसको बाँध फुट्यो। अब ऊ अनुभव गरिरहेछ। उसको पूर्ण विजय भयो। आजको सङ्घर्षमा ऊ कत्तिको प्रफुल्लित छ। ऊ सोचिरहेछ बिहानदेखि उसले चाहेको कुरा सम्पूर्ण हामी निहुरिएर स्वीकार गर्दै छौं!)

"किन?"

"खै त, जित्नै सकेनन्। श्यामेको अगाडि मलाई लाज भयो।" (श्याम उसको साथी। दुई जना दुईतिर लागेका।)

"खेलमा यस्तै हो– एउटा जित्छ, एउटा हार्छ। एउटाले नहारे अर्कोले कसरी जित्ने! (हुन त, मैले दर्शनशास्त्रकै निचोड कसिदिएँ तर मलाई यस महान् वाक्यमा कताकता आफ्नो असफलता र खिन्नताको स्वाद जिभ्रोमा लुटपुटिएको भन्को आयो!) अब डाइरेक्ट हिट नगरी भएन!"

“होइन छोरा, तिमीले किन खाना खान्न भनेको ?”

“खानै मन लागेन।”

“अनि के त, आज दिनभरि नखाने ?”

“सकेसम्म नखाने। खान मन लागे किनेर खाउँला।”

“पैसा खै ?”

“मसँग छ।”

“कति ?”

“एक रुपियाँ।”

“कसले दियो ?”

“हिजो आन्टीले दिएको।”

“खै ?”

ऊ खल्तीबाट एक रुपियाँको नोट झिकेर देखाउँछ, मचाहिं रिसको चरम बिन्दुमा पुग्छु। (त्यसो ए, ?) आफूलाई निकै गम्भीर बनाएर भन्छु, “तिमीसँग एक रुपियाँ आज त भयो, भोलि के गर्ने नि ?”

मेरो स्वरमा सायद क्रोधको झङ्कार छ र ऊ त्यो अनुभव पनि गर्छ। म रुपियाँ आफ्नो खल्तीमा राख्छु। अनि बाटोभरि म उसलाई लेक्चर दिन्छु। केके भन्छु, त्यो याद छैन, मभित्रको क्रोध बोलिरहेको हुन्छ। तर, यत्ति याद छ, म उसलाई उसको घमण्डको निमित्त सजायँ दिने तरखरमा छु। कताकता मेरो मनमा उसले हामी सबैलाई हेपेको, वास्ता

नगरेको, नटेरेको र सायद पिताको कमाइ गर्ने कष्टलाई एक रुपियाँको अनायास आर्जनबाट हाँक दिएकोमा चोट परेको छ। मेरो मनमा कसोकसो ऊ आज एक दिन भोको परोस्, खानाको मूल्य र भोकको ज्वाला बुझोस् भन्ने भावना आउँछ। सायद अनि उसले बुझ्ला, पिताको आर्जन कति सुखकर उसका लागि र कति कष्टकर पिताका लागि हुँदो रहेछ।

मैले उसलाई त्यो रुपियाँ दिंदै दिइनँ। ऊ स्कुल गयो, हार मानेर।

दिनभर, मचाहिं साबिक भई बाँच्न सकिनँ। खान सकिनँ, उसको भोको अनुहार पेटमा ढेस्सिरह्यो। दिनभर मेरो बालककाल आँखामा आइरह्यो। मैले स्वयम् मेरा पिता अथवा अरूसँग यस्तै अनेकन् सङ्घर्ष गरेका घटनाहरू दिनभर प्रेतात्मा आँखाअगाडि नाचिरहे।

दिनभरि नै म छटपटाइरहें र त्यही छटपटको मुँवरीमा म महाङ्काल–स्थाननिर पुगेछु– ऊ बसमा आएको, ओर्लेको हेर्न। अलि टाढा नै बसिरहेर म आफ्नो उपस्थिति पनि जताउन चाहन्नथें र आकस्मिक ढङ्गले भेटेर ऊसँग कुरा पनि गर्न चाहन्थें। (हाय रे, मानव कमजोरी!)

ऊ आयो। साथीहरू छन् साथमा। हाँसि नै रहेछ। फूर्ति नै छ उसको। छुटिने साथीहरूलाई ऊ टाटा पनि गरिरहेछ।

ऊसँग मेरो जम्काभेट हुन पुग्छ।

“भर्खर आएको?”

“भर्खर।”

“कसो, भोक लागेको छैन?”

"छैन।"

"दिउँसो केही खाएनौ?"

"केही खाइनँ।"

"केही पनि?"

"अहँ!"

"पानी पनि?"

"पानी? पानी त किन नखानु?"

"पानीसँग के खायौ नि?"

"केही खाइनँ।"

"भोक लागेको छैन त?"

"अहँ!"

"साथीहरूको खाजा खायौ होला?"

"धेरै खाइनँ, अलिअलि।"

"त्यसैले त तिमीलाई भोक नलागेको।"

"... . ..."

ऊ चुप छ। ऊ जम्मै कुराको जबाफ यस ढङ्गले दिइरहेछ मानौं, यो कुरा गर्न लायक विषय नै होइन।

"म घर जाऊँ।", ऊ सोध्छ।

"हुन्छ। तिमीलाई अगिको रुपियाँ चाहियो!"

"एक मोहोर थपेर दिनुस् न, म कमिक किन्छु!"

मैले पैसा दिएँ। मस्त भएर ऊ हिंड्यो। उसको हिंडाइ र झोला हल्लाइ मैले हेरिरहें। नयाँ सडकको भिडमा ऊ एक अनौठो व्यक्तित्व लाग्यो, मलाई। अरूभन्दा भिन्न, अलग। ऊ स्वयम् मानौं, अब परिपूर्ण छ!

अनि एक्कासि र अनायास मैले उसको बिहानदेखिको सङ्घर्षको अर्थ बुझें।

ऊ आफ्नो व्यक्तित्वको माग गरिरहेछ। मेरो व्यक्तित्वको साम्राज्यबाट स्वतन्त्र हुने उसको यो पहिलो क्रान्ति हो।

एक छोरो अब आफ्नो पिताबाट अलग्ग उभिन खोजिरहेछ! मेरो छोरो!

मेरा आँखाभरि आँसु उम्रिन्छन्।

त्यो, त्यो, सेतो कमिज र नीलो कट्टु लाएर गइरहेको ठिटो छ नि, त्यसले आफ्नो युगको ढोका खोल्यो, आजदेखि! आज उसले आफ्नो पितासँग अधिकार माग्यो, भोलि ऊ संसारसँग आफ्नो अधिकार माग्नेछ।

यो मेरो आँसु छ नि! यो श्रद्धाञ्जलि हो मेरो, उसको त्यस युगलाई जब म समाप्त भइसकेको हुनेछु र ऊचाहिं एक पूर्ण मानव भई यस धरतीलाई दह्रिलो गरी टेकेको हुनेछ।

# पानी र बाछिटा

बाहिर पानी परिरहेछ। खैरोखैरो देखिइसकेको पिचलाई पानीका थोपाले पखालिसकेको छ। कालो तावामा मानौं, मकैको फुल फुटेझैं पानीका थोपा फुटिरहेछ र पग्लेर बिलाइरहेछ। ससाना बाछिटा चिसो हावामा पखेटा फिंजाइरहेछन् र ऐनामा टाँसिन आइरहेछन्। म झ्यालनिर उभिएको छु र ऐना छिचोलेर बाहिर देखिने धमिलिंदै गइरहेको दृश्य हेरिरहेछु। मानिसको अनुहार अब अस्पष्ट भइसकेको छ र ती सिर्फ आकृतिको भरमा आफ्नो रूपको धारिलोपन गुमाएर ऐनामा चिप्लिरहेछन्। म ऐनाको वारिपट्टिबाट तिनलाई चिन्न नसक्ने भइसकें।

वर्षामा कि त बाहिर पानीमा भिज्नुमै आनन्द छ, कि त ऐनाको आवरणमा लुकेर अरू भिजेको हेर्नुमा। मसँग मोटर छैन, नत्र त्यस्तो मुसलधारे पानी परिरहेको बेला मोटरमा बस्ने थिएँ र विन्ड स्क्रिनमा पानी परिरहेको र वाइपरले पन्छाएर सफा पारिरहेको हेर्ने थिएँ। अहिले जो झ्यालमा उभिएर आकृतिविहीन मानिसका छाया हेरिरहेछु, यसले मेरो मनमा सुतिसकेका तर बराबर ब्युँझिन खोज्ने चरित्रहरू आङ तान्दै जुरमुराइरहेछन्। ती चाहन्छन्, म तिनलाई सम्झिदिऊँ। मेरो सम्झनाको माध्यमबाट ती मरेर बिलाइसकेका एकताकाका मेरा परिचितहरू यस संसारमा आउन चाहन्छन् फेरि।

आऊ, जो आउन चाहन्छौ, आऊ। म अझै बाँचेको छु र ऐनाको आवरणमा छु, यसनिम्ति आऊ तिमीलाई म सम्झिदिन्छु...

*बालक बबुरो द्विज शुकनामा,*
*हुँ म परेको छु पिंजरामा...*
*आँखा चिम्लेर, पलेंटी मारेर।*

४५ देखि ९० डिग्रीको कोणमा सम्पूर्ण जीउ हल्लाएर म पढिरहेछु। एक गुरु छन्, अगाडि बसेका। कोगिटाको दौरासुरुवाल, पटुका, ढाकाको टोपी लाएका र दाह्री पालेका (१५–२० दिनमा मात्र एक दिन के झोंक चल्छ क्यारे, गुरुबाजे दाह्री ताछेर आउँछन्, नत्र भने सधैं हुन्छ त्यो), त्यो दाह्री आवश्यक पनि छ। यसले उनको मुखबाट बगेको र्‍याल चिप्लन अलि ढिलो गरिदिन्छ। यसै निमित्त उनी धेरै बेरसम्म टाउको भित्तामा अढेस लगाई उँघ्न सक्छन्।

उनको घर कीर्तिपुरछेउछाउमै कुनै गाउँतिर छ। शहरमा एक–दुई घरमा पढाउँथे, यति मलाई थाहा छ। गुरुबाजेबाहेक र उनको त्यो पढाइरहेको रूपबाहेक उनको बारेमा म केही बढी जान्दिनँ पनि। उनले मलाई नेपाली र पछि संस्कृत पढाए। उनको क्षेत्रभन्दा म बाहिर पुगुन्जेल भाइहरू उनको शिष्य भए। यसरी उनले हाम्रो घरमा ९–१० वर्ष पढाए।

अनि, उनी त्यसै गरी मरे, जसरी एक साधारण मानिस रोज मर्छ। एक दिन उनका ८–९ वर्षका छोरा बरखी बारेर पुरानो मालिकको घरमा पुरानो सम्बन्ध कायम राख्न आए। त्यसै बेला मैले थाहा पाएँ, गुरुबाजे मरेछन्।

गुरुबाजे किन मेरो मनमा अक्सर जुरमुराउँछन्, यो मैले बुझ्न सकेको छैन। आज जो ऐनामा पानीको बाछिटामा उनी देखा परिरहेछन्, त आज यसबारेमा अलि सोचि पनि दिऊँ न त!

गुरुबाजे, तिमीमा केही विशेषता त मैले देखिनँ। सर्वप्रथम नेपाली तिमीबाट पढे भन्ने भावनालाई महत्व दिने म त्यत्तिको भावुक पनि होइन। त म तिम्रो परिश्रमका निमित्त कृतार्थ छु। यसो सोचिहेर्दा, त्यस बेलाको नेपालको सामाजिक व्यवस्थामा हाम्रो घरमा

गुरुको रूपमा प्रवेश पाएकोमा तिमी स्वयम् हामीप्रति कृतार्थ थियौ होला (यसलाई मेरो अहम् नभन्ठाने, म आज तिम्रो र मेरो सम्बन्धलाई चिरफार गरेर यसको महत्व बुझ्ने प्रयासमा छु)। मैले तिमीबाट चिमोट्याइ खाएकाले मेरो अर्धचेतन मस्तिष्कको तहमा तिमीपट्टि जम्न गएको घृणा पनि यो कदापि होइन। धृणा गरिनलायक न तिम्रो रूप थियो, न स्वभाव; न फेरि प्रेम गर्नलायक नै। त, म तिमीलाई जीवनमा, खास गरी त्यस्ता बेलामा जब म गाईले झैं खाइसकेका कुरा ओकली मुखमा ल्याएर उग्राइरहन्छु, तिमीलाई त्यस बेला किन सम्झन्छु? किन मेरा आँखामा तिम्रो थकित टाउको भित्तामा अडेको, मुखबाट र्‍याल बगेको दृश्य आइरहेछ। आज जब तिमी मरेको यत्तिका वर्ष भइसके र आज जब सायद तिम्रो छोरो पनि तिमीलाई मैले जस्तै गम्भीरतापूर्वक सम्झिंदैन होला, म किन तिमीलाई सम्झिरहेछु?

गुरुबाजे, सायद मर्नुभन्दा धेरै अगि नै तिमी मरिसकेका थियौ। तिम्रो जीवनमा कुनै आकाङ्क्षा, कुनै उद्देश्य थिएन सायद। तिमी यति बढी थाकेका थियौ, तिम्रो अगिल्तिर बसेर नवजीवनको लयमा झुमिरहेको, ज्ञानको आँच तापिरहेको मेरो जागरुक बाल्यावस्था पनि महत्वहीन थियो। नत्र तिमी किन त्यसरी आँखा बन्द गरेर झोक्राउन सक्थ्यौ? अथवा तिमीलाई त्यो ज्ञान प्राप्त भइसकेको थियो, जुन हासिल गर्न म भर्खर बामे सर्दै थिएँ? तिमीले सायद जीवनको निरर्थकतालाई पटुकाको तहमा पोको पारिसकेका थियौ।

आज जो मानिसको अनुहार म देख्छु, त्यसमा पनि त्यत्तिकै निष्क्रियता र निष्पक्षता छ, मानौं मर्नु र बाँच्नुको बीचमा सिर्फ एक पारदर्शी ऐना छ। गुरुबाजे, म यसो सम्झन्छु, तिमी कुन युगमा जन्मेनौ र कुन युगमा मरेनौ! तिमीजस्ता अनेक नेपालमा रोज जन्मिन्छन्, रोज पटुका बाँध्छन् र रोजै मर्छन्। तिम्रो जीवन मार खाइसकेको बोकाको शिर र धडझैं छ, स्पन्दन छ दुवैनिर, दुवै चलमलाइरहेछन्, दुवैमा सायद प्राण छटपटाइरहेछ र दुवै मरि पनि सकेका छन्। र धारिलो आकाङ्क्षाको खुकुरीले तिम्रो केही

पनि बोकेन, सिर्फ तिम्रो एक–दुई थोपा रगत त्यसमा टाँसिन पुगेको थियो। र त्यो पनि दापमा हाल्नुअगि समयले पखाली पुछिदिनेछ।

तिमीलाई सम्झँदा मलाई जीवनका अनेक दर्शनहरूले चिमोट्छन्। र बाछिटाको चिसोपनले ऐनाको वारिपट्टि जसरी छिचोलेको छ र एउटा बाफिलो पत्र त्यसमा जसरी जम्न गएको छ, त्यसैगरी गुरुबाजे, आज तिम्रो जीवनको निरर्थकता मेरो जीवनमा मृत्युको त्यो पारदर्शी ऐनावारि नै जम्न थालिरहेछ।

यो ऐनामा देखिएको धार मरेको जो एक छाया छ, त्यो ऐनापारिको तिम्रो छाया हो या ऐनावारिको मेरै प्रतिविम्ब, म बुझ्न सक्तिनँ।

हात लगेर म ऐना पुछिदिन्छु। अर्ध गोलाकार पुछिएको त्यो ऐनाबाट म देख्छु– एक अर्कै अनुहार मलाई च्याइरहेछ।

रामदाइ। साना, पुड्का, उमेरले खुम्चिन थालिसकेका। म १५–१६ वर्षको छु र उनी मभन्दा झन्डै पुड्कै छन्। बगैंचामा उनी काम गरिरहेछन् तर बगैंचे होइनन्, बगैंचे अरू नै छन्। उनी मलाई एक शिक्षकझैं प्रदर्शन गरिरहेछन्। लाहुरे फूलको गानामा मसीको इन्जेक्सन दिएर त्यसको फुल्ने फूलमा छिरबिरेपन ल्याउने उनको आफ्नो अन्वेषण। मेरा आँखामा त्यस बखत लाहुरे फूल फुलिसक्यो, त्यसको रङ र साइज मैले पैल्याइसकें। म उनलाई त्यस निर्माणमा मद्दत गरिरहेछु र मलाई मनमनै सृजनाको सहयोगमा तृप्ति मिलिरहेछ। रामदाइ एक आज्ञाकारी श्रोता र शिष्य पाएर धपक्क बलेका छन्। कताकताबाट पानी फुर्रर एक झोका आइदिन्छ। हामी उठ्छौं काम छाडेर। टुक्रुक्क बसेर घण्टै काम गरिरहेकाले उनको सुरुवाल मुँडानिर भुकलुक्क परेको छ। तिनको त्यही कुप्रिएको रूप नै मेरो चिरस्मरणीय रूप हो।

म उनलाई छाडेर माथि आउँछु र आफ्नो बुबालाई भर्खरै पाएको ज्ञान भन्छ। लाहुरे... रङ्गबिरङ्गको छिरबिरे पोहोर पहेंलो मात्र थियो, सेतो मात्र थियो; अब यसपालि पहेंलो र

कालो रङ मिलेको, सेतो र रातोको कम्बिनेसन! तर, बुबा खै? बुबाको ढोका बन्द किन?

म ढोका घचघच्याउँछु। कुनै प्रत्युत्तर छैन। फेरि घचघच्याउँछु शान्त! बज्यै ओर्लिन्छिन् माथिबाट र मलाई बताउँछिन्, बुबा अहिले अड्डाको जरूरी कागजपत्र हेरिरहेछन् र सीता भाउजू (रामदाइकी तरुनी स्वास्नी) त्यही कोठामा आमाको कपाल कोरिरहेकी छिन् रे!

म निराश बनी तल ओर्लन्छु। देख्छु, आमा त भान्छामा। म आमालाई सोध्छु पनि तर आमा त्यसको जबाफमा मलाई खाजा पो खान दिन्छिन्! अनि मेरा आँखाले वातावरणको कृत्रिम सत्यता पैल्याउँछन्। मलाई कताकता एउटा चोट लाग्छ। मानौं, मेरो भावनाका गानामा वास्तविकताका विभिन्न रङको इन्जेक्सन परिस्थितिले दियो। अब मेरो कल्पना मानौं, सफा पहेंलो र सफा सेतो फूलमा कहिल्यै पनि फक्रनेछैन।

म उठेर रामदाइकहाँ जान्छु। र उनलाई यस्ता आँखाले हेर्छु मानौं, ती आँखाका ज्योतिबाट उनको मन पढ्न सकौंला। उनी मलाई गँड्यौलाको गुँडमाथि व्याख्यान दिन थाल्छन्।

र वर्षौं लाग्छ मलाई, उनले ज्ञानलाई आफ्नो अज्ञानताको पर्दाले छोपेको तथ्य पत्ता लगाउन। तर त्यस बेलासम्म म बुझ्ने पनि भइसकेको हुन्छु– मानिसको ज्ञान उसको नाइटोको जराबाट उम्रेको हुन्छ, यस्तो जरा जसलाई रोजै बिहान–बेलुका मल हाल्नुपर्छ– दाल, भात, डुकुको!

रामदाइ, तिमी गुरुबाजेभन्दा कुनै कुरामा कम छैनौ। उनले जीवनको निरर्थकतासामु आफ्नो हार स्वीकार गरेर आँखा चिम्लिदिए। तिमीले हार खाएनौ म भन्दिनँ तर तिमी आँखा चिम्लिदिएर ती सत्यबाट उम्किन खोज्ने पलायनवादी थिएनौ।

कति छन् तिमीजस्ता, जो पत्नीलाई प्रत्येक दिन अर्काको काखबाट झिकेर अङ्कमाल गर्न सक्छन्? कति छन् तिमीजस्ता, जो वास्तविकता बुझेर त्यसको लयमा झुम्न

सक्छन्? नैतिकताको हरियो चश्मा लगाएर आँखा फुटेका गोरुहरू मैले देखेको छु तर तिम्रो कुरा अर्कै छ। तिमीले मलाई त्यो ज्ञान दियौ, जो सायद सय जन्ममा पनि गुरुबाजेबाट म पाउने थिइनँ।

तिम्रो एक जीवनमा मानिसको जङ्गली युगदेखि आजसम्मको इतिहास सञ्चित भएको लाग्छ मलाई। बलियाले निर्धालाई जहिले पनि थिचेकै छन्, कहिले बलले, कहिले बुद्धिले, कहिले धनले। थाहा पाईकन थाहा नपाउने बानी जो तिमीले गऱ्यौ, त्यसमा उत्तिकै महानता छ, जतिको महानता थाहा नपाईकन, साधारण बनी मर्ने गुरुबाजेमा छ।

गुरुबाजे पर त्यो पिचमा पर्ने पानीको कुनै पनि एक थोपा हो। रामदाइ, तिमी त्यो बाछिटा हौ, जसले हावालाई चिसो पार्छ, ऐना धमिल्याइदिन्छ र पानीमा मिसिन जान्छ फेरि।

आज दुवै मरिसकेका छन्। दुवै रोज जन्मिन्छन्, रोज मर्छन्। दुवैको अन्त, दुवैको प्रारम्भ एउटै छ।

म ऐनामा हेर्छु। बाहिर पानी परिरहेको छ। चिसो हावामा बाछिटा उडेर ऐनामा आई बसिरहेछन्। बाहिर पिचमा पानीका थोपा खसिरहेछन्, मकैका फूल फुटेझैं फुटिरहेछन्, च्याउ उम्रेझैं उम्रिरहेछन्, बिलाइ पनि रहेकै छन्। एउटा शान्ति छ, अनौठो किसिमको।

के यस बाटोमा मानिस अब हिंड्ने छैनन्? यो बाटो के त पानी र बाछिटाको मात्र हो?

म ऐनाको बाफ पुछिदिन्छु र बाहिर पानीमा उभिन पुग्छु– आऊ, दुवै जना आऊ। मलाई स्पर्श गर।

मलाई पखालिदेऊ, यो सुक्खापनबाट।

सायद पखालिएर म नाङ्गो र स्वच्छ बन्न सकूँ।

# म भोलि जन्मनेछु

भोलि म जन्मन्छु।

हिमाल बिस्तारै उज्यालिंदै जानेछ, पातहरू अझ हरियो बन्नेबन्ने बेलामा, आकाशका ताराहरू फेवातालमा डुबुल्की मारेर बिलाउने बेलामा, दूबोको नपलाएको मुन्टाले माटोको सिरक फालेर ब्युँझी चियाउन लागेको बेलामा, म पीपलडाँडाको जीवनलाल जैशीको घरमा पहिलोपटक रुनेछु (वा पहिलोपटक वर्षौंमा हाँस्नेछु) र उसको जीवनमा हाँसोको बादल देखा पर्नेछ र उसले आशाका बीउ मुटुको एक छेउमा रोप्नेछ, बालीको निमित्त, निकैनिकै दिनहरूको निमित्त!

(तर, आज त म मेरी स्वास्नीको हातको मैलो, पारी खुइलिएको ऐनाजस्तो छ, जसमा उसको निधारको रातो टीका देखा पर्दैन; ऊ मानौं, भोलि हुने एउटी विधवाको ललाट हो अथवा म नै उसको हातको थोत्रो ऐना हुँ, जसमा ऊ भोलि बिहानको आफ्नो अनुहार हेरिरहेकी छ।) आजको कुरा नगरौं– आज त मैले दहीचिउरा खाइसकें! अब त मलाई इच्छा पनि केही छैन, आफ्नो मनको भएजतिको आशा, इच्छा, चाहना र कल्पना मैले पोको पारिसकें, यस यात्राका निमित्त! अब त भोलि जीवनलालको घरमा, उसको आँगनमा नै म त्यो मुट्ठी फुकाउँला, जसमा मेरा इच्छाहरू अल्झेका होलान्, हत्केलाका नबुझिने कलिला रेखाका रूपमा। म उसकी स्वास्नीको जेठो छोरो भएर, उसको मुटुमा, मुटुको एक कुनामा, असारको धानको बीउ सानो, कलिलो र लटरम्म हुनेछु। उसले मलाई आफ्नो जीवनमा सार्नेछ। अनि म हुर्कनेछु, त्यो जीवनलालको बाबुले निर्माण गरेको आँगनमा, जहाँ उसकी आमाले तुलसीको मठ बनाएकी छ, गोबर र रातो माटोले

लिपेकी छ, कात्तिकमा बत्ती बालेकी छ, सत्यनारायणको पूजा गरेकी छ। म बामे सर्नेछु र त्यो मठको परिक्रमा गर्नेछु, त्यहाँ गोबरको थुप्रोमा हात हालेर लतपत गर्नेछु, जीवनलालकी स्वास्नी भान्साबाट दगुरेर आउनेछे र मलाई बोकेर इनारको छेउमा लग्नेछे। मनमा खुशी उम्रनेछ तैपनि हप्काएको स्वरमा मलाई ऊ आ आ आ! भनेर गाली गरेको बहाना गर्नेछ र म ओठ लेप्प्राएर रुने बहाना गर्नेछु किनभने तुरुन्तै उसले मलाई काखमा बोक्नेछे र चोलोको तुना फुकाउनेछे, उसको गोलोगोलो ठूलो दूधको मुन्टो मेरो मुखमा हालिदिनेछे। म चुप लाग्नेछु र एक हातले उसको तुना खेलाउनेछु। अनि ऊ मलाई छाडेर फेरि भान्सातिर दौडिनेछे, जहाँ मेरो बा, त्यस जीवनलाललाई गुन्द्रुकको झोल थप्नुपर्नेछ।

एकछिनपछि जीवनलाल आउनेछ आँगनमा, उसको हातमा सोते हुनेछ, जसलाई भुइँमा अड्याएर ऊ मलाई “बाबू! बाबू!” भनी बोलाउनेछ र काखमा मलाई माटो र पसिना, अन्न र घामको बास्ना आउनेछ; अँ, तमाखुको गन्ध पनि र म खोक्नेछु, उसले मलाई उफार्नेछ र म हाँस्नेछु। उसले मलाई काखमा लिनेछ र म उसको जुँगा लुछ्न पुग्नेछु किनभने त्यो जुँगाले म्वाइँ खाने बेलामा मलाई काउकुती लगाएको छ; उसले ठूलो स्वरमा भन्नेछ, “ठूली! ठूली! तेरो छोरो मेरा जुँगा तान्छ ए!” र उसकी स्वास्नीले, लोटाउन लागेको हातले कुइनामाथि उचालेर निधारमा आएको कपालको झुप्पो पन्छाएर भन्नेछे, “तपाईंको पनि त छोरो हो नि!” र उसको चोलाको बाहुला निधारको ठूलो रातो टीकाको एक छेउ पुछिएर धर्काको रूपमा लामो, झन्डै लामपुच्छ्रे तारा देखा पर्नेछ।

(कति प्रस्ट देखा परिरहेछ यो दृश्य, जीवनको प्रारम्भको? र आज यो जीवनको अन्त्यको दृश्यचाहिं कस्तो अस्पष्ट, कति घिन लाग्दो; सबका निम्ति। यो घृणा अन्धकारको प्रत्येक कालो थोपामा मानौं रसिएको छ, र मेरो हृदयको प्रेमको क्षणिक उज्यालोमा झन् बिभ्ने गरी टाँसिन्छ आँखामा। त्यसैले त मेरो आँखा चिम्लने सुरसार... तर म आजको कुरा गर्दिनँ। आज त मेरो कुरा सुन्ने यी चारतिरका भित्तासिवाय अरू केही छैनन्। तर भित्ता, तिम्रो माया बाँचुन्जेल म कहिल्यै पनि बिर्सनेछैन। तिमीले मेरो

आँसु देखेका छौ र पनि हाँसेनौ, बरु निद्राका औंलाले बिस्तारै परेला समसुम्याइदियौ, मेरो मौन वार्तालाई, मौन भाषालाई साँचिरह्यौ, तिनको सत्यमा अविश्वासको प्रतिध्वनि हिर्काएनौ; मलाई निद्रा नलागेको बेला यी मक्किएका दलिन र मक्किएको खाटको चरमरको बोलीमा तिमीले मेरो व्यथामा सहानुभूति सुनाएका छौ, कति भाषा र कति बोली नबुझे पनि मैले तिनको मर्म र संवेदना सँगालेको छु र म बाँचुन्जेल तिनलाई बिर्सनेछैन तर म कति बाँच्छु र... !)

म ठूलो हुन्छु। मेरो बक फुट्छ। झन् ठूलो हुन्छु र तिनबाट अमरकोश ब्युँझिनेछन्, बिहानको मिरमिरेमा र साँझको झिसमिसेमा, रातको सुनसानमा। मेरो घाँटीमा जनैले अङ्कमाल गर्नेछ, प्रत्येक बिहान म उषामा गायत्रीसँग आफ्नो सुख र समृद्धिको वरदान माग्नेछु।

र म अझ ठूलो हुनेछु, मेरा आँखामा यौवनले एक दिन बिस्तारै, पछिल्तिरबाट आएर, मसिनो, नरम औंलाले छोइदिनेछ अनि यी पहाड र खोला, यी खेतका तरेली र यी जङ्गल, सबले नयाँ काँचुली फेर्नेछन् एक निमेषमा। म यिनलाई अनि नयाँ रूपमा चिन्नेछु। यिनलाई आफ्ना गीतमा डाक्नेछु, आफ्ना स्वरले यिनको दूरी छोट्याउनेछु र यिनले मसँग प्रतिध्वनित हुनुपर्नेछ र मेरो धुनमा गाउनुपर्नेछ। मेरो मुटुबाट एउटा निस्फिक्रीपनको, मस्तीको छहरा फुट्नेछ र ढुङ्गामा उफ्रिनेछ र तिनका बिन्दुबिन्दुमा एउटा इन्द्रेनीको माला गाँसिनेछ र उचालिनेछ स्वर्गतिर।

र आउनेछे, एउटी अप्सरा घाँस काट्न, जसको सप्कोमा मेरो इन्द्रेनीको माला अल्झेको म पाउनेछु। मेरा अमरकोश र गायत्री मुटुमा नाच्नेछन् र म अवाक् आफ्नो मनको नृत्य र उनको हातको हँसियाको घाँसेगीत सुनिरहनेछु, हेरिरहनेछु।

यहाँनिर मेरो जीवनमा जीवनको गतिमा एउटा नयाँ चाल आउनेछ। म चाहनेछु– जीवन त्यहाँ अडिरहोस्। तर दिन छोटा हुनेछन् र रात लम्बिनेछन्, दिनमा सपना र रातमा एउटा यथार्थ जन्मिनेछ र म अलमलिनेछु।

जीवनलालले त्यो बुझ्नेछ, उसले बुझ्नै पर्छ। म अलमलिएको उसले देख्नै पर्छ, कारण यहाँबाट त मेरो कथा शुरु हुनेछ। (आज यो जो एउटा कथा समाप्त भइरहेछ, त्यसको सम्झना आइरहेछ मलाई; तर म पढिसकेको कथा दोहोऱ्याउन चाहन्नँ। यसको अन्त्य साह्रै अस्पष्ट थियो, कसैले बुझेन र मलाई किताब बन्द गर्नुपऱ्यो। म यसलाई बिर्सन चाहन्छु... ?)

रात। यति सफा मानौं, मेरो सपना। झ्याउँकिरीको स्वर। मकैका पातको सुस्केरा। र भित्र कोठामा जीवनलालको हुक्काको गुडगुड। यस्तोमा म आँगनमा आउँछु। र त्यो तारा पैल्याउन खोज्छु, जसको ठीक मुन्तिर कान्छीको घर पर्छ। म सोचिरहेछु, उसलाई पनि निद्रा लागेको होइन होला, के थाहा ऊ पनि आँगनमा आएर मेरो घरको माथि पर्ने तारा हेर्दै होली। अथवा के थाहा, ऊ रामायण पढ्दै होली। अथवा के थाहा ऊ...।

“ठूलाबाबू, निद्रा लागेन।”, हुक्काको गुडगुडले भाषा पाउँछ।

“होइन बा! गरम लाग्यो, लामखुट्टेले टोक्यो र बाहिर शीतमा एकछिन आएको।”

हुक्का रोकिइरोकिई घुरिरहेछ। मलाई थाहा छ, रोकिएको कारण। जीवलालले बुझ्ने प्रयत्न गरिरहेछ, म त्यहीं छ कि भनेर। म भित्र लाग्नेछु। र भोलिपल्ट दिउँसो जङ्गल, त्यहाँ घाँस काट्न आउने कान्छी र आफ्ना मनका कुराहरू आजैको सुनसान रातमा मनमा सजाउन थाल्नेछु। बिहेको जग्गे सजाएको भन्दा बढी आनन्द मलाई लाग्नेछ र म आफ्नै विचारलाई काखी च्यापी आँखा चिम्लनेछु। छातीमा एउटा न्यानो उम्रेर आउनेछ।

तर मलाई थाहा हुनेछैन, मैले जीवनलालको मनमा आगो सल्काइसकेको कुरा। त्यो आगो, जसले एक दिन मेरो आशा, मेरो संसार र मेरो सपनामा डढेलो लगाउनेछ। यो पछिको कुरा, तर त्यो दिन त मेरी आफ्नी कान्छीको छेउमै बसेर बात मारिरहेको हुनेछु। उसको हँसिया रुखको फेदमा उभिरहेको, उँघिरहेको हुनेछ र मेरा भैंसीहरू अडीअडी घाँस चपाइरहनेछन् र बढ्दै जानेछन्, भीरतिर। ऐंसेलुको झाङको कापमा छेकिएर हामी

मिनेटमिनेटमा युग फेरीफेरी कुरा गरिरहनेछौं– कहिले बालककालको, कहिले हिजो रातिका ताराहरूको, कहिले आउँदो बेलाको, कहिले हाम्रा छोराछोरीको, कहिले हामी बूढाबूढी हुँदाको। मलाई पात सन्याकसुरुक गरेको शङ्का त लाग्नेछ तर कान्छीले 'आ' भन्नेछे र म नीच मारिदिनेछु। हुन त मैले उठेर 'को रहेछ?' भनी हेरेको भए हुने थियो होला। र देख्ने थिएँ हुँला, जीवनलाल गइरहेको तर म हेर्दिनँ र नहेर्नाले कैयन् दिनसम्म यस कुराको ज्ञान मलाई हुनेछैन।

अनि त्यो दिन पनि पात चरमराएको म थाहा पाउनेछु, जुन दिन कान्छी मेरा अगाडि रोइरहेकी हुनेछे र भनिरहेकी हुनेछे– उसका बाबुले हिजो कामकुरा छिन्न जाने कुरा आमालाई बताइरहेका थिए। कान्छी भगाई लैजान भनिरहेकी हुन्छे। उसको विचारमा उसलाई त्यत्रो गाउँघरको मुखिन्जेल उम्काएर लाहुर लैजानु, कहिले पनि डाँडा नकाटेको मान्छे बिरानो देशतिर र त्यहाँ सुख–दुःख जे भए पनि भोग्नु सजिलै कुरा हुनेछ। मचाहिं मनमा बाबुले अर्जेको सम्पत्ति खेत, गोठ र सुख सम्झिरहनेछु र अठोट गर्न सक्नेछैन।

तर म जान्दछु, म जीवनलाललाई केही पनि भन्न सक्नेछैन (हुन त, उसलाई थाहा भइसकेको हुनेछ तर त्यो कुरा म त्यस बेला थाहा पाउँदिनँ नि!) र मनमनै गुम्सिएर जानेछु। अनि जीवनलालले राति आफ्नी स्वास्नीसँग मेरो बिहेको कुरा गरेको भन्को मेरो कानमा पर्नेछ। कोसँग र कहाँ? त्यो भने म थाहा पाउनेछैन। भोलिपल्ट ऊ मलाई मेरो बिहा पनि गर्नुपर्ने भयो भनी स्वास्नीलाई सुनाएको जस्तो गरी मलाई सुनाउनेछ। र मचाहिं आमालाई घुर्की देखाउनेछु 'म अहिले गर्दिनँ' भनेर। आमाचाहिं मुसुमुसु हाँसेर मलाई हेरिरहनेछे। मलाई साह्रो रिस उठ्नेछ र म फन्केर भात खान छाडी गोठतिर लाग्नेछु।

त्यहाँ, जङ्गलमा त्यस दिन कान्छी आउनेछैन।

कान्छी भोलिपल्ट पनि आउनेछैन।

कान्छी पर्सिपल्ट पनि आउनेछैन।

साँच्चि भनौं भने त्यसपछि कान्छीसँग मेरो भेटघाट कहिल्यै पनि हुनेछैन।

जीवनलाल भोलिपल्ट बिहानै निस्कनेछ र जीवनलालकी स्वास्नीले मलाई मुसुमुसु हाँस्तै भन्नेछे, "बाबू, हँ साँच्चि बिहे नगर्ने भनेको हो कि मन पर्ने र भन्याजस्तो भए गर्ने?" मलाई साह्रो रिस उठ्नेछ र बाहिर जान लाग्नेछु, ऊ तैपनि हाँसि नै रहनेछे।

अनि त, त्यो दिनभरि र भोलिपल्ट मेरो वास हुनेछ त्यही ऐसेलुको झाङमा, जहाँ मेरो जीवनको पहिलो प्रेम हावामा छरिएको छ; घाँसमा उम्रेको छ र ढुङ्गामा कुँदिएको छ। ती दुई दिनको व्यथालाई म आफ्नो वर्षौंको माया, प्रेम र सुखसँग मिसाएर, त्यसैमा रन्थनिएर, त्यसैमा अलमलिएर बाँच्न सिक्ने कोसिसमा हुनेछ। र थाहा पाउनेछु, कसरी जीवनलालले मउपर दागा धरेछ। कसरी कान्छीको बाबुकहाँ गएछ। मलाई माग्ने निहुँले, कसरी उसका बाबुले दिन मन गरेनछ, उसलाई शङ्का लागेछ– जीवनलाल एक्कासि कोही नलिई माग्न आएकोमा (उसले ठानेछ, जीवनलालले छोराको नाउँमा आफैँ त बिहे गर्ने सुर गरेका होइनन्!) कसरी राति कोकोहोलो मच्चियो र छोरी बेपत्ता भई; कसरी उनीहरूले लखेटे।

जीवनलालले कान्छीको मुख थुनेर उसलाई जुरूक्क काँधमा बोकेर कुदाएको, कान्छी चलमलाएको, "चुप लाग्, चुप लाग्, तैंले चाहेको इच्छा पुऱ्याउँला, तैले भनेको कुरा गरुँला।" जीवनलालले मेरी कान्छीलाई फकाएको (हुन त, जीवनलालको भनाइअनुसार उसको अर्थ अर्कै थियो र उसले मेरै निम्ति त्यसो भनेको भनी अदालतमा बयान दिनेछ।), कान्छो निसासिएको, मूर्च्छा परेको र जीवनलालले परालको कुनिउँमा उसलाई घुसारेको... आह! सबै म प्रस्ट देखिरहेछु (किन नदेख्नु) र यो पनि, कान्छी त्यहाँ मर्छे, मर्नै पर्छ।

(ए कोठा, आजका मेरा कुराहरू तिमी साँचिराखे! एक दिन तिमीले यो सब कसैलाई आफ्नो मौन भाषामा बताउनुपर्नेछ। उसको मनमा तिम्रो भाषा यहाँको निस्तब्धतामा घोलेर तिमीलाई ढाल्नुपर्नेछ। नत्र त्यसले कष्ट सहन सक्नेछैन।)

अनि, यसपछि धेरैधेरै घटना भए। मुद्दा चलान भयो, कैदी लगियो... म कति प्रस्ट त्यो भविष्य देखिरहेछु। मुद्दा छिन्ने दिनसम्म पनि त्यो जीवनलालले आफ्नो कुरा त्याग्नेछैन। ऊ सदा यही भन्नेछ, "मैले मारूँ भनेर मारेको होइन, म त आफ्नो छोराका निमित्त दुलही लग्न लागेको थिएँ..." तर को पत्याउने? म? मसँग उसले कहिल्यै पनि त्यसको कुरा गरेको हुँदैन, मसँग मेरो इच्छा कहिल्यै पनि त सोधेको हुँदैन। अँ, कस्तो चलाख! म र कान्छी ऐंसेलुको झाङमा भेटेको कुरा उसलाई थाहा थियो, ऊ भन्नेछ र झाङमा सऱ्याकसुरुक गरेको कुराको सम्झना मलाई हुनेछ, त्यति मात्र। तर कसरी पत्याउन सकुँला? ऊ रुनेछ र मलाई भन्नेछ, "बाबू, तँ एउटा त मेरो कुराको पत्यार गर्!"

म, जसको सर्वस्व उसले एक निमेषमा निमोठिदिएको छ, बाबु भएर। अरूका निमित्त भएको भए झन् ऊ के गर्ने थियो होला? मेरी आमालाई सौता हाल्ने उसले कल्पना गरेको, त्यो पनि त्यो आइमाईसँग, जोसँग मेरो केके सम्बन्ध भइसकेको, त्यस आइमाईलाई मेरो मुखबाट 'आमा' भन्ने सम्बोधन गराउन खोज्ने, त्यस जीवनलालको कुरामा मैले विश्वास गर्नु? मेरो मुटु घृणाले चाउरी पर्नेछ र भित्रै खुम्चिनेछ। त्यो खुम्चाइ मेरा ओठ र गालासम्म देखा पर्नेछ। मेरा ओठ खुकुरीको रूप लिनेछन् र तिनमा देखा पर्नेछ, एउटा तीखो मुस्कान र त्यो मुस्कानले जीवनलालको आशा चुँड्नेछ। अनि ऊ रुन पनि सक्नेछैन। अनि ऊ बयान पनि दिन सक्नेछैन। मुद्दा म जित्नेछु, मैले जित्नै पर्छ र म घर फर्कनेछु। म आफ्नो त्यो घरमा आउनेछु, जहाँ रातो माटो र गोबरमा मेरा हातका छाप तुलसीको मठमा सुतिरहेछन्, जीवनलालको हुक्का चुपचाप र चिसो हुनेछ। जहाँ मेरी आमा, आफ्नो पोइ र छोराको दोसाँधमा पर्न आएकी एउटी तरुनी कान्छीको प्रेम, लास र सम्झनाका बोझमा झन् थिचिएर खुम्चिँदै गइरहेकी हुनेछे। म घर फर्कन्छु र घरलाई सम्हाल्छु। म घर फर्कन्छु र घरजम गर्छु। म बिसिदिनेछु– मेरो एउटा बाबु थियो, जो

काठमाडौंको एउटा जेलमा सडिरहेको होला, सड्नुपर्ने बाबुलाई सम्झेर के गर्ने? म बिर्सिदिनेछु, उसको अनुहार, जो दारीमा लुकेको थियो, मैलमा डुबेको थियो, आँखामा आँसु थिए र थियो एक टलक। आँसुले आँखा टल्काइहाल्छ नि! म खालि सम्झनेछु कहिलेकाहीं, कसरी उसले मलाई फर्केर हेरेको थियो, आफ्नो सम्पूर्ण आशा, विश्वास र याचनालाई दुई आँखामा कोचेर। मानौं, मेरो मन फर्किहाल्ला कि, र भनिदिउँला कि– मलाई थाहा भयो बा, तिमीले मेरै निम्ति यो सब झेल्यौ।

अनि एक दिन आउनेछ, चिठी। मर्नुअगि जीवनलालले मलाई भेट्न पाऊँ भनी बिन्ती चढाएको, मन्जुर भएको, मलाई सोधनी आएको– म भेट्न आउँछु कि भनी? म जान्नँ। त्यो पापीको अनुहार हेरेर मलाई के पुण्य मिल्ला र? यो चिठी आएको कुरा म आमालाई त भन्दिनँ, उनलाई भनेरै के फाइदा?

दिन बित्छ, बित्नै पर्छ।

अनि एक दिन बिहान मेरी स्वास्नीलाई व्यथा लाग्छ...।

म भोलि बिहान मर्छु। मलाई एउटै कुराको इच्छा अब बाँकी रह्यो– म मेरै छोरा जीवनलालको कोखमा जन्मन पाऊँ। र, उसले बुझोस्, बाबुको मन कस्तो हुँदो रहेछ।

म भोलि बिहान मर्छु र भोलि बिहान जन्मन्छु।

*रूपरेखा : २७*

# मृत्युको गीत वाल्जको धुनमा

एक अति साधारण मानिसको एक अति साधारण मृत्युको कुरा यो, असलमा नलेखिएको भए पनि हुने। अब, कुनै माग्ने कुनै दिन जाडोले कठ्याङ्ग्रिएर अनायास सडकमा मर्दछ भने मृत्यु–दाह–संस्कार संस्थाद्वारा त्यसको घिनलाग्दो लास पन्छाउन लगाएर पोलिदिनुमै हाम्रो कर्तव्य पूरा हुन जान्छ। त्यो को थियो र किन त्यसरी मऱ्यो? इत्यादि यस्ता प्रश्न हुन्, जसमाथि कैयन् युगले, कैयन् ढङ्गबाट आफ्नो प्रतिक्रिया व्यक्त गरेका छन्।

र, लास भनेको एउटा यस्तो वस्तु हो, जसले मनमा सत्यम् शिवम् सुन्दरम्को भावना किमार्थ उमार्दैन, चाहे त्यो लासमा एकछिन अगिसम्म ओहोरदोहोर गरिरहने रगत, श्वास र स्पन्दनले अव्यक्त रूपमा हिमाल, डाँफे र राष्ट्रियताको पूजा नै गरिरहेको होस्; चाहे ती रगत, ती श्वास र ती स्पन्दनले सूर्य–चन्द्र अकित ध्वजको वन्दना नै गरिरहेका होऊन्– एकफेर ती रगत, ती श्वास र ती स्पन्दन थामिएपछि त्यो लास स्वयम्मा अति घिनलाग्दो र भयलाग्दो भई पल्टिदिन्छ।

ऊ पनि त्यसैगरी पल्टिरहेको थियो। उसको वरिपरि धूलोमा कोरेका अनेक डाम थिए, मानौं ऊ मर्नुअगि भएभरको शक्तिले जननी जन्मभूमिमा आफ्नो छाप छोडेर जान चाहन्थ्यो। सडकको कुनामा ऊ मरेको थियो, यस कारण घचा गुडाएर दौडिंदै आएका केटाकेटीको घचा त्यहाँनिर बेलगाम भइदिन्थ्यो; उनीहरू झस्कन्थे, मुर्दाको परिक्रमा गरेर ढलेको घचा उठाउँथे र एक नजरमा त्यो दृश्यलाई आँखाबाट हुत्याउने प्रयास गर्दै फेरि घचा गुडाउँथे।

र, सबभन्दा मजाको कुरा के भने त्यस दिनको सूर्योदय एक अति साधारण दिवसको सुनौला, प्रारम्भझैं थियो। हिमाल हाँसि नै रहेको थियो, चराहरू उडि नै रहेका थिए र छानाहरूबाट झिंगटीको कापकापबाट हलुका नीलो धूवाँ निस्कि नै रहेको थियो।

लासवरिपरि पृथ्वी अलि चिसिएबाहेक, अलिकति कोपरिएबाहेक, अलिकति घृणित भएबाहेक अरू सबैतिर सुन्दर नै थिइन्। त्यो सडकको त्यो एक कुनाबाहेक सम्पूर्ण देश रमणीय थियो। वातावरणमा मानौं दार्शनिक तत्वको एक पुट थियो।

***

एउटा फायरप्लेस छ, जसमा चिटचिट गरी आगो दन्किरहेछ। अगिल्तिरको कउचमा ढल्केर ऊ आँखा चिम्लिरहेछ। कोठामा कतै कुनाबाट मधुरोसँग वाल्जको धुन बजिरहेछ र त्यसैको लयमा दाउराबाट उठेका लप्का नाचिरहेछन्। नाचिरहेछन् तिनका साथ फर्निचरका छाया। कउचको साइड टेबलमा एउटा डिकेन्टर छ। ब्रान्डी बिस्तारै लहरित भइरहेछ। त्यो गिलास भर्खर ओठमा पुगेर फर्केको छ र चुम्बनको मिठास र गरमाहटमा झङ्कृत भइरहेछ।

नेपालका महान् कविको 'माग्नेको मृत्यु' कवितालाई नेपालका महान् सङ्गीतज्ञले वाल्जमा ढालेका छन्। त्यो महान् कविता र त्यो महान् सङ्गीत आज त्यो न्यानो ड्रइङ रुममा अङ्कमाल गरी नाचिरहेछन्। वातावरणलाई मादक बनाइरहेछन्। ऊचाहिं हेरिरहेछ– आगोको ज्वालाबाट निस्केका झिल्काहरू मैन्टिलपिसमा उड्न खोजेका र मैन्टिलपिसमा सजिएको फूलदानको लालपाते र फोटोफ्रेममा जडिएका नेताहरू र सम्झनामा दिइएका सोभेनियरहरू र पत्थरमा कुँदिएको बुद्धको मूर्तिको ठीक मुन्तिरबाट ती झिल्काहरू बिलाएका। झिल्काका असफल प्रयासमै त ऊ आफ्नो जीवनको सार्थक्यलाई तौलिरहेछ। फिलिङ्गाका अपर्याप्त स्वप्नहरू मैन्टिलपिसका सौन्दर्य, सोभेनियर्स र समवेदनासम्म पुग्न सक्तैनन् र हुत्याइन्छन् एउटा अँध्यारो चिम्नीबाट आकाशतिर।

***

मेरो राष्ट्रका ओ महान् कवि! मेरो राष्ट्रका ओ महान् सङ्गीतज्ञ! मलाई आज बुझाइदेऊ– तिनीहरूको सपना के थियो? एक अति साधारण माग्नेको मृत्युउपर कविता लेखेर एक अति साधारण माग्नेको घिनलाग्दो लासलाई वाल्जमा नचाएर तिमीहरूले के एक न्यानो ड्रइङ रुममा मादकता नै प्रस्तुत गर्न खोजेका थियौ त? सडकको कुनाको एक लावारिस लासलाई काव्य र सङ्गीतको आत्मा प्रदान गरी तिमीहरू के निश्चय पनि उसलाई अमरत्व प्रदान गर्न चाहन्थ्यौ त? मेरो राष्ट्रका महान् कवि! अर्काको मृत्यु र लासको घिनलाग्दो दृश्यबाट उठेको तिम्रो क्षणिक भावनालाई छन्दोबद्ध गर्न कम दुःख तिमीले उठाएनौ (ठीक हो!) तर असम्बद्ध र बेछन्दको जीवन उसले बाँचुन्जेल सह्यो– के त्यसको एक अंश पनि तिम्रा कवितामा ओर्लन सक्यो?

आह! मेरो महान् कवि! तिमी बुझाइदेऊ मलाई, ऊ को थियो!

त्यो मान्छेको नाम तिमीलाई थाहा छ?

छैन!

त्यो मान्छेको पिताको नाम तिमीलाई थाहा छ?

छैन! त्यो मान्छेकी आमा तिमीलाई थाहा छ?

छैन!

तिमी जान्दछौ? त्यो पति र पत्नीको कामकलाको सर्वोच्चानन्दबाट जन्म्यो? अथवा एउटी कुमारीलाई कसैले बलात्कार गरेर अनायास बीजारोपणको फलस्वरूप? अथवा राणाकालीन दरबारिया जीवनको अंश कुनै केटीको गुप्त सम्भोगको उपज हो त्यो? अथवा दाजु र बहिनीको गैरकानुनी सम्भोगको नमुना? अथवा पोइचाहिं जर्मनको

लडाइँमा गोली हानिरहँदा यसले आमाको गर्भमा आसन पायो? अथवा पिता कलकत्तामा दरबान छन् तीन वर्षदेखि र छोरो जन्मन्छ खोलाको बगरतिर? अथवा दौडाहामा आएको कुनै हाकिमको खुट्टा मिचेको पारिश्रमिक हो त्यो? अथवा एउटी वेश्याले असङ्ख्य अनुहारमा यो चाहिंको पिताको अनुहार पैल्याउन नसक्ने एक धमिलो छायाको यो पुत्र हो? के हो?

थाहा छैन, थाहा छैन!

मेरो कवि! जन्मले पाएको अधिकाअनुसार यो पनि एक नेपाली नागरिक हो! यसको रगतको रङ रक्सी र ब्रान्डीको छैन, न छ पञ्चामृतको! यसको रगतको रङ तिम्रो जस्तो रातो छ। यसको फोक्सोमा त्यही हावा, जो एकछिनपछि तिमी फेर्छौ, बगिरहेछ; यसका आँखामा त्यही हिमाल, त्यही लालीगुराँस, त्यही डाँफे चरी र त्यही सूर्यचन्द्र अकित ध्वजा नाचेको थियो– जो अहिले श्रद्धासाथ तिमीले आफ्नो भनी अपनाएका छौ।

सिर्फ, यो मेन्टिलपिससम्म पुग्न सकेन र हुत्याइयो एक अँध्यारो चिम्नीबाट माथि आकाशतिर! चिम्नीको माध्यमबाट हुत्याइने धुवाँलाई तिमीले कविता र सङ्गीतमा नचाउन सकेका छैनौं भने मेरा प्यारा कवि र मेरा प्यारा गायक! तिमीलाई के हक छ मूल सडकको एक लावारिस लासमाथि कविता लेख्ने, वाल्जमा ढाल्ने, ड्रइङ रुममा नचाउने? कउचमा ढल्केर पुर्खाले अर्जेको घर, बगैंचा, सम्पत्ति र इज्जतको भरमा ब्रान्डी छचल्काएर फायरप्लेससामु आफ्ना अतीत, वर्तमान र भविष्यको जालो बुनिरहने त्यस व्यक्तिलाई तिमीले भावोन्मुक्त पारी मूल सडकमा एक लावरिस लासको दर्शन प्रत्यक्ष गराउन सक्तैनौ भने; अथवा त्यो लासको जिउँदो मुर्दालाई एकछिन मात्र तिमी त्यो ड्रइङ रुममा पुऱ्याउन सक्तैनौ भने; मेरा प्यारा कवि र मेरा प्यारा सङ्गीतज्ञ! के हक छ तिमीलाई शब्द र स्वरको महानतालाई हलुको पार्ने? शब्दलाई आत्माको गहिराइबाट शुद्धसँग उच्चारण गर्न सके मन्त्र हुन्छ, मेरो कवि! स्वरलाई ठीक ताल, लय र समयमा बोल्न सके, त्यो गीत बन्छ, मेरो गायक! यस्तो धुन र यस्तो गीत, जसले आफ्नो युगको निर्माण गर्छ र अर्काको युगको निर्देशन!

तिमीले केही पनि गर्न सकेनौ। तिमीले न त जीवनको महिमालाई, न त मृत्युको गरिमालाई बुझ्न सक्यौ। यसकारण, मेरो राष्ट्रका ओ महान् कवि, गायक! साहित्य र सङ्गीत सिर्जने तिम्रो प्रयास व्यर्थ हो! सिर्फ तिम्रो एक अति नवीन मुर्ख्याइँमा नेपालको एक नागरिक कतै मर्छ। तिम्रा प्रत्येक मुर्ख्याइँमा राष्ट्रको अलिकति शक्ति कम हुन जान्छ! तिम्रो कविता र सङ्गीत कति निम्न स्तरको छ, मेरा पथभ्रष्ट कवि र गायक! त्यसको तालमा सिर्फ फर्निचरका छाया हल्लिरहन्छन्, फायरप्लेसको आगोको ज्याला तापेर!

*रूपरेखा : २३*

# अर्धमुदित नयन र डुब्न लागेको घाम

*(यस कथाका निमित्त म दुई व्यक्तिप्रति साह्रै आभारी छु। अमेरिकन कवि कार्ल सापिरो तथा जर्मन भिक्षु लामा अनागरिक गोविन्, जसका दुई एकदमै भिन्न दृष्टिकोण र दर्शनले मलाई प्रभावित पारेका छन् र जो यो कथाका पङ्क्तिहरूमा प्रस्टसँग देखा पर्छन्। यो कथा, तसर्थ ती दुई व्यक्तिलाई समर्पित छ– लेखक।)*

ओ गाइड, तिमी बुझ्दैनौ, बुझ्नै सक्तैनौ, पहिलोपटक तिम्रो धरतीमा टेक्न पाउँदा हामी पश्चिमालाई कस्तो आनन्द मिल्छ! चार भन्ज्याङभित्र डकोटा पस्नासाथै यो हरियो उपत्यका, यसका तरेली परेका खेत र यसका माटोले पोतेका घर राता, पहेंला, सेता; यसको हावामा माटो र हिमालको गन्ध; यसको वातावरणमा युग–युगान्तरको शान्ति... तिमी यसैमा जन्म्यौ, यसकारण नीला पहाडले हात फिंजाएर गरेको यो अङ्कमाल तिमीलाई बन्धनजस्तो लाग्छ होला तर हामी जो मैदानमा बस्छौं, जो समुद्रको छेउमा बस्छौं, जसको दृष्टिक्षितिजमा बिलाएर जान्छ– जमिनको होस् अथवा पानीको। हामी जान्दछौं, पहाडको छातीले तिम्रो दृष्टि कसरी प्यारसाथ सदा टाँसिरहन्छ। दृष्टि बिलाउनमा आफू बिलाएको हीनता तिमीले कहिल्यै भोग्नुपरेको छैन। हामी सदा विशालतामा चिप्लिरहेर होला, मेरो साथी! तिम्रो यो घेरा प्रिय लाग्छ! अनि तिमीले एक कुरा विचार गरेका छौ? कसरी एयरपोर्टमा नै बुद्धको अर्धमुदित नयनले तिमीलाई स्वागत गरेको अनुभव हुन्छ! कसरी एक शान्ति, एक प्रत्यावर्तन, एक वास मिलेको अनुभव हुन्छ। तिमीहरूले सदा पश्चिमलाई दिन नै जान्यौ– धर्म दियौ, पुराण दियौ, काँसका मूर्ति दियौ, हस्तिहाडका गहना दियौ, ताडपत्र दियौ, ताम्रपत्र दियौ, सभ्यता दियौ, ज्ञान दियौ, गलामा चमेलीको माला दियौ, तिमीले सदासदा दिइ नै रह्यौ र तिमी जान्दैनौ लिनु

केलाई भन्छन्, तिमी जान्दैनौ स्वामित्व केलाई भन्छन्, तिमी जान्दैनौ उपभोग केलाई भन्छन्! मेरो साथी, तिम्रो इतिहास म जान्दछु, तिम्रो देशमा आउनुअगि कैयन् वर्ष मैले मेरा पुस्तकालयहरूमा तिम्रा अमूल्य ग्रन्थहरूका पानापाना पल्टाएको छु।

तिमी त मलाई आधुनिक गल्ली, सडकमा डोऱ्याउने एक गाइड न हौ, म तिमीलाई तिम्रा प्राचीन सडकमा डोऱ्याउन सक्छु। म प्रस्ट देख्छु, यो उपत्यका जलमग्न भएको र त्यहाँ, जहाँ अहिले स्वयम्भूनाथ छन्, त्यहाँ एक कमल फुलेको, म प्रत्यक्ष देख्छु, चोभारमा मञ्जुश्रीले खड्ग हानेको, म प्रत्यक्ष देख्छु, पीत वस्त्र लगाएका भिक्षुभिक्षुणीले काष्ठमण्डपका कुनाकाप्चामा भिक्षा लिने र धर्म प्रचार गर्ने गरेको।

आह! कपाल ताछेका यी भिक्षुका आँखा हेर! यसमा तिम्रो दृष्टि अड्दैन। उनको यस दृष्टिलाई 'सम्यक् दृष्टि' भन्छन्। जान्दछौ, सम्यक् दृष्टिको अर्थ? यसको अर्थ हो स्वच्छ र निर्लिप्त दृष्टि; यस्तो दृष्टि, जसले वस्तुहरूलाई तिनको यथार्थ रूपमा देख्छ... एक पेग अरू लेऊ, त्यसपछि डिनरमा जाउँला...!

तिमी जो मन्दिरजस्तो घरमा बस्छौ, त्यस घरको रूप, सौन्दर्य र त्यसको वशीकरण तिमीलाई अनुभव हुँदैन। तिमीलाई यो काठका मूर्तिमा, यी विभिन्न बुट्टाहरूमा, यी विभिन्न शैलीहरूमा के एक कलाकारको हातमा रहेको छिनोको सङ्गीत बगेको अनुभव हुँदैन?

भन त, अतीतको धूलोमा पुरिएका ती हृष्टपुष्ट, सुन्दर, तरूण कलाकारहरू कसरी दिनभर खेतमा काम गर्दा हुन्। र बिहान–बेलुकी आफ्ना इष्टदेवको सुन्दर रूप रच्ता हुन्। काठको मूर्ति ताछिरहेका बेला उसकी गोरी, पुड्की, डल्ली स्वास्नीले पिठ्यूँमा बच्चा बोकेर एक हातले अन्तीबाट रक्सी खन्याउँदा जो फिंज खोल्चामा उम्री जम्थे– के तिनले त्यो कलाकारलाई झिंगटीझैं छाना राख्ने प्रेरणा दिएनन् होला? आह! तिम्रो देश निश्चय पनि महान् हो– यही हो त्यो देश, जहाँ विभिन्न संस्कृतिले वास पायो।

आर्य, अनार्य, हिन्दू, बौद्ध सबै यहाँ पुगे, सबैले यहाँ पुनर्जन्म पाए। यो तिम्रो देशको माटोको असर हो, यो यहाँका विभिन्न जातको माटोको असर हो; मेरा साथी! सबै यहाँ एकसाथ हुर्किन सके... आऊ, एक पेग अरू थपूँ, डिनरको बेला भएको छैन...!

तिम्रो म साह्रै आभारी छु, तिमीले मलाई नेपाली, नेवारी दुवै खाना खुवायौ। आह! मोमो, सम्झ त, जाडो महिनामा बुइँगलमा बसेर आगोको मात्र उज्यालोमा जब धुवाँ हुस्सुजस्तै छानामुनि लटरम्म लागेको होस्, सुकुलमा बसेर अंशुवर्माले भृकुटीलाई भोट पठाउँदा साथमा गएका नेपाली सामानको एकएक विस्मृत व्यहोरा बाजेले नातिलाई सुनाइरहेको दृश्य! बज्यैचाहिं बाँसको सोतेमा तमाखु खाइरहेकी, बाजेको स्मृतिलाई बीचबीचमा ताजा बनाइरहेकी र पित्तलको थालमा ताजा गरमगरम मोमोको खेप बुहारीले ओसारेको र ताजा मोमो मुखमा हाल्दा बाजेको स्वरमा तोतेपन आएको, नाति हाँसेको र बाजेले छिटो निल्न खोजेको र जिभ्रो डढेको र निर्धक्कसाथ फोहोर गाली गरेको– यी यस्ता दृश्य हन्, जो कुनै पुस्तकालयका पुराना ग्रन्थबाट पढ्न सकिँदैन। यिनको निम्ति आउनै पर्छ, काठमाडौं र भिज्नै पर्छ, यहाँको वातावरणमा– यसको निम्ति म तिम्रो साह्रै आभारी छु... आऊ तिम्रो महान् राष्ट्र र मेरो महान् राष्ट्रका नाममा फेरि चियर्स गरौं...।

आह! अर्को एक कुरा, जो किताबमा छैन, त्यो हो यहाँका मानिसहरूको अनुहारमा व्याप्त एक हाँसो। एक स्वागतपूर्ण हाँसो, एक यस्तो हाँसो मानौं, हामी पूर्वकार्यक्रम अनुसार भेट्तै छौं, मानौं यो भेट हाम्रो पहिलो होइन, मानौं दिनभर खेतमा काम गरेर आएको म त्यस ज्यापू अनुहारको जेठो पुत्र हुँ, मानौं मेरो श्रम सफल भएको छ र मेरो पिता मसँग तृप्त छ, मानौं मैले संसारको सबभन्दा राम्री आइमाईलाई स्वास्नी बनाई पछिपछि डोऱ्याएर ल्याएको छु र मेरी आमा द्वारमा स्वागतसाथ हाँसिरहिछ, मानौं बहिनीको लोग्नेसँग मेरो गहिरो दोस्ती छ र ज्वाइँजेठान दुवै रक्सीको सुरमा गीत गाउँदै ढुनमुनिँदै अँगालो मार्दै आइरहेछौं, मानौं म भन्न सक्तिनँ, जति बयान गरे पनि यसको पूर्ण बयान म गर्न सक्तिनँ– यो हाँसो ज्ञानपूर्ण छ, यो हाँसो आत्मीय छ, यो हाँसो स्थानीय छ! एक पेग अरू, तिम्रो नेपाली हाँसो, मधुर हाँसोको निम्ति... अनि फेरि आँखा; यी

आँखीभ्यालका आँखा, यी ढोकाको खापाका आँखा, यी स्तूपका आँखा, यी मानिसका आँखा, खुट्टा उचाली छिमेकको केटाले तिम्रो बारीमा आलुबखडाको बोट हेरेको जस्तो डाँडाको कापबाट हेर्ने यो हिमालका आँखा।

यो आँखाहरूको देश हो, दृष्टि भएकाहरूको देश। भगवान् बुद्धका अर्धमुदित नयनले रक्षा गरेको देश हो। आज संसारका सम्पूर्ण इतिहासका ग्रन्थ नाश भए पनि तिम्रो आँखाले एक सभ्यता निर्माण गर्नेछ, एक सभ्यता साँचिरहनेछ। आँखा हेर्ने मेरो चाहना अझ तृप्त भएको छैन, भोलि जाऊँ एक एकान्त ठाउँमा, जहाँ एक स्तूप होस् र जहाँ होस् प्रस्ट नयन, जहाँ म सूर्यास्तको बेलाको शिथिल घाम बुद्धको आँखामा, आँखाको किनारामा प्रतिविम्बत भएको हेर्न चाहन्छु। मलाई एक यस्तो सुन्दर, श्रेष्ठ र पूर्ण आँखा देखाइदेऊ, जसको सम्झनाले मलाई मेरो यो यात्रा अमर बनाइदेआस्, आऊ, डिनर खान जाऊँ।

आऊ अतिथि! तिमीलाई म आज आँखा देखाइदिन्छु। यस डाँडालाई चोभार भन्छन्। तिमीहरू यहाँ मञ्जुश्रीको खड्गको दाग र वागमतीको निकास हेर्न आउँछौ। आज म तिमीलाई यो डाँडामा उकाल्छु, जहाँ कुनै अतिथि जान्छन्, जहाँ टुरिस्टको मोटर पुग्दैन, जहाँ अझै (तिम्रा शब्दमा) अतीतको संस्कृतिलाई समयको धूलोले छोप्न सकेको छैन। तिमीले कुल्चेको ढुङ्गा देख्छौ? हेर, यसमा यस गाउँको एक बालकलाकारले चरा सिर्जेको छ, अर्को खुडकिलामा एक देवलको नक्सा छ।

कलाकारले कुन धर्मको देवल हो, त्यो खोप्न बिर्सेछ। माथि गाउँको बीचमा एक मन्दिर छ आदिनाथको, जसको प्राङ्गणमा शिवालय छ, छन् बुद्ध भगवान् ‘ॐ मने पेमे हुँ’का कैयन् प्रेयर ह्विल। तिम्रो भनाइअनुसार यो नेपालीको सहनशीलता र सहअस्तित्वको जिउँदो नमुना हो। त्यहाँ केटाकेटीहरू मस्त भई देवताहरू, तिनका धर्महरू र तिनका दर्शनहरूको विभिन्नताको वास्ता नगरी खेल्छन् तर मेरो अतिथि, म त्यहाँ तिमीलाई लग्दिनँ।

तिमीले यो सब प्रशस्त देखिसक्यौ, प्रशस्त बुझिसक्यौ, प्रशस्त प्रचार गरिसक्यौ। म आज तिमीलाई यस्तो एक घरमा लग्छु, जहाँ तिमी पाउनेछौ यथार्थको हाम्रो स्पन्दन। यी एक किसान परिवार हुन्, जसको एक–दुई रोपनी खेत यतैकतै होला, जहाँ यी काम गर्छन्, पसिना चुहाउँछन् र शहरमा अधियाँ तिर्न जान्छन्। यिनको बुइँगलमा धुवाँ लटरम्म लाग्दैन र यिनको चुलोमा तातोतातो, गरमगरम मोमो पाक्तैन! यिनको जाडोमा अंशुवर्माकी भृकुटीको दाइजोको चर्चा हुँदैन। यिनका घरमा एक बालक छ र त्यो बालक कुनै अवतार होइन।

एक गरिब ज्यापूको घरमा 'पोलियो' रोगले त्रसित भई जन्मेको बालकले निश्चय पनि धर्म प्रचार गर्न सक्तैन, निश्चय पनि सामाजिक क्रान्ति गर्न सक्तैन, निश्चय पनि यो पृथ्वीलाई केही देन दिन सक्तैन। ऊ त स्रष्टाको एक अनौठो सृष्टिको रूपमा यहाँ जन्म लिन पुगेको छ। फेरि अर्को कुरा, मेरो साथी! ओहो, तिमीलाई पहाडले थकाएछ, थर्मसको फिल्टर पानी दिऊँ? अँ, उसलाई त्यहाँ कुनै प्रतीकको रूपमा मैले तिमीलाई दर्शन गराउन लागेको पनि होइन। तिमी जो हिजो ब्लाक एन्ड ह्वाइटका तरङ्गमा बगेका थियौ र तिमीले जो हिजो मलाई अनुरोध गरेका थियौ आँखा हेर्न, एउटा यस्तो आँखा, जसले तिमीलाई आफ्नो नेपाल भ्रमण चिरकालसम्म सम्झाइरहोस्।

म त्यस्तै आँखा देखाउन तिमीलाई त्यहाँ लगिरहेछु। बालकको सम्पूर्ण अङ्ग निष्क्रिय छ– ऊ बोल्न सक्तैन, हात चलाउन सक्तैन, खुट्टा चलाउन सक्तैन, थुक्न सक्तैन। उसका शरीरमा जीवित छन् सिर्फ दुई आँखा, जसका सहारामा ऊ बाँचिरहेछ। म भन्न सक्तिनँ, उसका ती नयनमा सम्यक् दृष्टि छ–छैन, म त्यसको परिभाषा पनि त बुझ्दिनँ तर उसको अनुहार निश्चय पनि भावनारहित छ; दृष्टि निर्लिप्त, सङ्कल्पशून्य र वाक्हीन, कर्मान्तरहित, आजीवरहित, व्यथारहित, समाधिरहित (सायद नचाहेर पनि मैले बौद्ध धर्मको आर्य अष्टाङ्गी मार्ग बोल्न पुगेछु, जो तिम्रो प्रभाव हो अथवा बालकको नै प्रदत्त गुण)। मेरो अतिथि! तिमीले चाहेको आँखा यही हो।

जीवनद्वारा, एक प्राणद्वारा अनेक शक्ति सञ्चालित भइरहेको हुन्छ। तिमी खुशी हुन्छौ, मुस्कुराउँछौ; वेदना हुन्छ, रुन्छौ; जाडो हुन्छ, न्यानो खोज्छौ; भोक लाग्छ, खाने व्यवस्था मिलाउँछौ; नजानेका कुराहरू सिक्न खोज्छौ, सिक्छौ; सफल हुन्छौ, असफल हुन्छौ; अनेक मीठा–तीता अनुभव हुन्छन्, ती अनुभवहरू मन मिल्ने साथी, समय र संवेदना हेरी तिमी व्यक्त गर्छौ। कति साधारण छन् यी कार्य! मेरो अतिथि, तिमीले हिजो भन्यौ, हामी पूर्वीयहरूले अहिले पनि पश्चिमाहरूलाई दान दियौं होइन? पानी दिऊँ? स्वाँस्वाँ भयो?

यो बालक यस्तो छ– न केही दिन सक्छ, न केही लिन सक्छ। यसको ठाउँमा तिमी एकछिन आफूलाई राखेर हेर त, तिमीले औंलालाई आदेश दिन चाह्यौ, औंला अस्वीकार गर्दछ; स्वरलाई आदेश दियौ, भाषा फुट्तैन, स्पर्श छैन; प्रत्येक नसा, प्रत्येक तन्तु, प्रत्येक हाड मस्तिष्कको आदेश मान्न असमर्थ छन्। तैपनि तिमी बाँचिरहेका छौ। जान्दछु, तिम्रो देशमा यो रोग नभएको होइन तर यो रोग भोग्न सक्ने र आँखा निर्लिप्त राख्न सक्ने सायद सम्यक् दृष्टि उमार्न सक्ने, भाषाहीन, कर्महीन, शक्तिहीन, सञ्चालनहीन, प्रतिक्रियाहीन भई बाँच्न सक्ने क्षमता एउटा पूर्वीयमा नै सम्भव छ। आऊ, नगिच आऊ! मैले यसका आमाबाबुलाई भूटो बोलिदिएँ 'तिमी डाक्टर हौ' भनी। यिनका आँखामा हेर, तिमीप्रति एक श्रद्धा, एक आत्मीयता, एक सौजन्य, एक कृतज्ञता छ, मानौं तिम्रो यो आगमन एक पूर्वनिश्चित कार्यक्रम थियो; उनको अनुहारमा परेको चाउरीमा तिमीले बयान गरेको हाँसो छ, मानौं तिमी यिनका जेठा छोरा हौ र सात समुद्रपारिबाट तिमीले आफ्नो भाइका निम्ति मृत सञ्जीवनी ल्याएका छौ। ज्यापूनीको हाँसोमा मानौं तिम्री विश्व सुन्दरी पत्नीको गर्भबाट पहिलो नाति जन्मेको खुशीयाली छ, छैन त? मलाई थाहा छ, यो हाँसो तिमी हुन्जेल यिनका अनुहारमा रहनेछ।

म जान्दछु, तिम्रो पिठ्युँले यिनको हाँसो देख्न पाउनेछैन। तिमी गएपछि यी डुब्नेछिन्, उही अन्धकारमा। यो बालककी एउटी बहिनी छ, जसका सम्पूर्ण अङ्ग चल्छन् र यो बालक आफ्नी बहिनीले बामे सरेको, जे पायो उही टिपेको, मुखमा हालेको, जाँड घोप्ट्याएको, मकल पोखेको हेरिरहन्छ। अनि उसका आँखामा प्रतिविम्बित हुन्छन्, एक

निमेषलाई त्यसै गरी केही गर्ने आकाङ्क्षा, सिर्फ एकछिनलाई अनि फेरि उही निर्लिप्तपन व्याप्त हुन्छ।

एक दिन यसकी बहिनीले हप्काइ पाई, आफ्नी आमाबाट। त्यस बखत यसका आँखामा एक ज्योति झल्क्यो– म भन्न सक्तिनँ, त्यो ज्योतिमा कुन युगको कुन दर्शन थियो। तर मैले पाएँ, ऊ भन्न चाहिरहेथ्यो, आफ्नी आमालाई बताउन खोजिरहेथ्यो, एक भाषाहीन, सङ्केतहीन, स्वरहीन दृष्टिको माध्यमबाट– आमा, तिमी के जान, लोट्नुमा के मजा छ! हरियो दूबोमा घुँडा घिस्रिएको, छाला खुइलिएको, रगत आएको, एक–दुई थोपा रगत घाँसमा लिपिएको, एक–दुई घाँसका त्यान्द्रा घुँडामा पेसिएको, एक दर्द, एक रुदन, एक सहाराको माग; यी यस्ता वस्तु हुन्, यो पीडा एक यस्तो अनुभव हो, जो मीठो छ।

सिंगानले आफ्नो घाउ धुनु, थुक लाउनु, बिझेको काँडा झिकेर फाल्नु, गडेको काँचको टुक्राबाट पाकिसकेको घाउ फोड्नु, केही दिन ओछ्यानमा वास बस्नु, घ्याम्पोमा चढेर भित्ताको तस्वीर झिक्न खोज्दा किला फुस्किनु, तस्वीर खस्नु, ऐना चम्म भई फुट्नु, ऐना फुटेको अनौठो स्वर, आफ्नो हातबाट फुटेकोमा भयको लहर, यी यस्ता वस्तु हुन्– आह, आगोले पोल्छ भन्ने आफ्नै अनुभव, सिस्नुले फोका उठ्छ भन्ने आफ्नै अनुभव, जाँडले ढुनमुनाउँछ भन्ने आफ्नै अनुभव, कतै लोटियोस्, कतै घाउ होस्, कतै भाँचियोस्, केही भत्कोस्, केही फुटोस्, कोही मरोस्, रुन सकियोस्; कोही हाँसोस्, हाँसो फर्काउन सकियोस्; कसैले गिज्याओस्, हिर्काउन सकियोस्; कसैले लुटोस्, उसलाई लुट्न सकियोस्; यी यस्ता वस्तु हुन् आमा, जसको आधारमा तिम्रो छोरो हुर्किने थियो। यी यस्ता वस्तु हुन्, जो भएनन् भने... मेरी बहिनी, जो प्रत्येक नयाँ शब्द सिक्छे, त्यसमा मानिसको हजारौं वर्षको भाषाको तपस्या छ, एक इतिहास, एक परम्परा, एक संस्कृति छ; उसले बोल्न सक्नुमा नै त भविष्यले जन्म लिन्छ– मजस्तोबाट होइन, जो ओठ चलाउन सक्तिनँ। मेरो शरीरमा, मेरो शक्तिमा, मेरो सङ्केतमा त इतिहास र मानव विकासको एक अटुट क्रम समाप्त हुन्छ।

एक लामो परिश्रम, एक लामो प्रयास, एक शृङ्खला, एक अनन्त भविष्य चटक्क चुँडिन्छ, समाप्त हुन्छ। म... यही हुन् ती आँखा अतिथि, जो तिमीलाई हेरेर पनि केही सँगाल्न सक्तैनन्, यही हुन् ती दृष्टि, जो आफूलाई व्यक्त गर्न सक्तैनन्, यही हुन् ती सौन्दर्य, जो पूर्ण छन् र अब जसको अरू कुनै अभिव्यक्ति छैन। यिनै आँखा हुन्, जो पहाडले घेरिएका छन्, यिनै आँखाका परेली हुन्, जो खेतका तरेली हुन्, जसमा वर्षामा धान र हिउँदमा गहुँ पाक्छ, यिनै आँखा हुन्, जो तिमीलाई स्वागत गर्छन्, यिनै आँखा हुन्, जो निर्माण गर्छन् र यही हो त्यो आँखा, जसमा टिमटिम गरिरहेको प्राणको अन्त हेर! बुद्धका नयनका किनारामा डुब्न लागेको घाम प्रतिविम्बित भएको दृश्यभन्दा कम सौन्दर्यशाली यो हुँदैन!